## आर्थिक विधेयक, २०७९ मा करका दरहरु हेरफेर गर्ने सम्बन्धमा

## अनाधिकृत व्यक्ति प्रवेश गरेको विषय सम्बन्धी

# संसदीय छानबिन प्रतिवेदन

## २०७९



संघीय संसद

प्रतिनिधि सभा

## संसदीय छानबिन विशेष समिति, २०७९

सिंहदरबार, काठमाडौं

# मन्तव्य

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम सम्वत् २०७९ साल असार २२ गतेको प्रतिनिधि सभाको बैठकले गठन गरेको यस संसदीय छानबिन विशेष समितिलाई आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनाधिकृत व्यक्ति प्रवेश गरेको विषय सार्वजनिक सञ्चारका माध्यमहरूमा प्रकाशन भएको र सो विषयलाई लिएर माननीय सदस्यहरूबाट समेत सदनमा कुरा उठाइएको सम्बन्धमा सत्य तथ्य छानविन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी सभा समक्ष पेश गर्ने कार्यक्षेत्र दिइएको थियो। समितिलाई उक्त कार्य सम्पन्न गर्न दश दिनको कार्यावधि दिइएको थियो।

समितिले २०७९ असार २८ गते पहिलो बैठक बसी कार्य प्रारम्भ गऱ्यो। सोही बैठकबाट समितिले आफ्नो कार्यविधि पारित गऱ्यो। समितिको कार्यविधिमा समितिले छानबिनका लागि सूचना, तथ्याङ्क र प्रमाण सङ्कलन गर्न सक्ने, जिम्मेवार पक्ष र सरोकारवाला पक्षसँग छलफल गर्न सक्ने र स्थलगत निरीक्षण गर्न सक्ने व्यवस्था अनुरूप समितिले अर्थ मन्त्रालयबाट बजेट निर्माण प्रक्रियासँग सम्बन्धित कागजात तथा मिति २०७९/२/१४ र २०७९/२/१५ को सीसीटीभी फुटेज माग गरेर छानबिनको सुरुवात गऱ्यो। सोही क्रममा समितिको दोस्रो कार्यदिनमा अर्थ मन्त्रालयको सीसीटीभी जडान र अभिलेख व्यवस्थापनको निरीक्षण गर्न स्थलगत अवलोकन गरियो। अर्थ मन्त्रालयबाट प्राप्त भएका कागजात र सूचनाहरूको अध्ययन गर्दै समानान्तर रूपमा मन्त्रालय र मातहत विभागका पदाधिकारीहरूसँग छलफल समेत गरियो।

अर्थ मन्त्रालयबाट माग गरिएको मितिको सीसीटीभी फुटेज प्राप्त नभएपछि सीसीटीभी प्रणाली नै मगाएर अध्ययन गर्ने निर्णय अनुसार अर्थ मन्त्रालयबाट एनभीआर सिस्टम प्राप्त भयो। त्यसबाट समेत समितिले खोजी गरेको मितिको फुटेज नभेटिएपछि प्राविधिक विज्ञहरूसँगको छलफलको निष्कर्ष बमोजिम २०७९ साउन ४ गते नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा सीसीटीभी फुटेज रिकभर गर्नको लागि मन्त्रालयबाट प्राप्त एनभीआर सिस्टम र हार्ड डिस्क पठाइयो।

समितिको निर्धारित दश दिनको कार्यावधिभित्र रिकभरको काम सम्पन्न हुने अवस्था नरहेको र सीसीटीभी फुटेजको अध्ययन बिना समितिको छानबिन अधुरो हुने भएकोले समितिको कार्यावधि थप गरिदिन सम्माननीय सभामुखज्यूलाई समितिले अनुरोध गऱ्यो। समितिको कार्यावधि सात दिन थप गर्न सम्माननीय सभामुखज्यूले राखुभएको प्रस्तावमा प्रतिनिधि सभाको २०७९ साउन ५ गतेको बैठकले सहमति जनाएपछि समितिको कार्यावधि सात दिन थप भयो। थप गरिएको समयभित्र समितिले अर्थ मन्त्रालयबाट प्राप्त कागजात, पदाधिकारीहरूसँगको छलफल, नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबबाट प्राप्त प्रतिवेदन र रिकभर भएका क्लिप लगायत कागजात र प्रमाणको विश्लेषण गरी यो प्रतिवेदन तयार गरेको छ। समितिका निर्णयलाई कार्यविधि अनुरूप सर्वसम्मत बनाउने प्रयास भएको थियो, तर कतिपय

विषयमा सर्वसम्मत हुन नसकेकाले ती विषयलाई फरक मतको रूपमा यसै प्रतिवेदनमा समावेश गरिएको छ।

समितिले थप गरिएको समेत १७ दिनको कार्यावधिमा २३ वटा बैठक बसी ७५ घण्टा समितिको काममा व्यतित गरेको छ। समितिलाई महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्नुहुने सम्माननीय सभामुखज्यू, समितिमा सक्रिय सहभागिता जनाउनुहुने समितिका सबै माननीय सदस्यहरू, समितिका छलफलमा सहभागी भई समितिको छानबिनलाई सहयोग पुऱ्याउनुहुने आमन्त्रित व्यक्तित्वहरू, अहोरात्र खटिई समितिको कामकारवाहीलाई व्यवस्थित बनाउन सहयोग गर्नुहुने समिति सचिव र सचिवालयका कर्मचारीहरू, समितिको काम कारबाहीको सूचना नियमित रूपमा नागरिकसमक्ष प्रवाह गर्नुहुने सञ्चारकर्मी लगायत समितिलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने सबैलाई म हार्दिक धन्यवाद दिन्छु।

लक्ष्मणलाल कर्ण
सभापति

मितिः २०७९ साउन १३

संघीय संसद

प्रतिनिधि सभा

# संसदीय छानविन विशेष समिति, २०७९

सिंहदरबार, काठमाडौं

मितिः २०७९ साउन १३

सम्माननीय सभामुखज्यू,
प्रतिनिधि सभा।

विषयः प्रतिवेदन पेश गरिएको।

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित यस समितिले सभाको कार्यदिश बमोजिम छानविन सम्बन्धी प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेका छौं।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मा. लक्ष्मणलाल कर्ण | सभापति | |
| २ | मा. खगराज अधिकारी | सदस्य | |
| ३ | मा. देवप्रसाद गुरुङ | सदस्य | |
| ४ | मा. प्रदीपकुमार ज्ञवाली | सदस्य | |
| ५ | मा. बिमला वि.क. | सदस्य | |
| ६ | मा. भानुभक्त ढकाल | सदस्य | |
| ७ | मा. मानबहादुर विश्वकर्मा | सदस्य | |
| ८ | मा. शक्तिबहादुर बस्नेत | सदस्य | |
| ९ | मा. सरलाकुमारी यादव | सदस्य | |
| १० | मा. सिताराम महतो | सदस्य | |
| ११ | मा. सुरेन्द्रकुमार यादव | सदस्य | |

## विषयसूची

### परिच्छेद १
### प्रारम्भिक


१.१ पृष्ठभूमि...1

१.२ समिति गठन र काम कारबाही...२

१.३ अध्ययनको सीमा...४

१.४ छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया...५

परिच्छेद २

अध्ययनसँग सम्बन्धित कानूनी, नीतिगत र तथ्यगत आधारहरू

२.१ प्रमुख कानूनी र नीतिगत प्रावधान...७

२.१.१ बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी/कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधि...७

२.१.२ सीसीटीभी जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२...१०

२.१.३ विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा भएका केही प्रावधानहरू...१०

२.१.४ नेपाल राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९ ले गरेका केही सिफारिसहरू...१२

२.१.५ भन्सार विभागको नीति पत्र, २०७८...१३

२.१.६ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त सुझाव...१४

२.१.७ अन्य सान्दर्भिक कानूनहरू...१६

२.२ सङ्कलन गरिएका कागजात र प्रमाणहरू...१६

२.३ अर्थ मन्त्रालय र सरोकारवाला पक्षसँग गरिएको छलफलको सार संक्षेप...१७

परिच्छेद ३

छानबिनबाट देखिएका तथ्यहरू र विश्लेषण

३.१ अनाधिकृत व्यक्तिको प्रवेश सम्बन्धमा...१९

३.२ सीसीटीभी फुटेज सम्बन्धमा...१९

३.३ राजस्वका दरमा भएको हेरफेर सम्बन्धमा...२१

३.४ बजेटमा करका दर निर्धारण गर्ने प्रक्रिया सम्बन्धमा...२६

परिच्छेद ४

निष्कर्ष र सुझाव


४.१ छानबिनबाट समितिले ठहर गरेको वा निष्कर्ष निकालेको विषय.................................... २८

४.२ सुझावहरू........................................................................................................... २८


परिच्छेद ५

विविध


५.१ फरक मत.............................................................................................................३१

५.२ सन्दर्भ सामग्री .....................................................................................................४०


अनुसूची १


समितमा रहनुभएका सदस्यहरूको नामावली ........................................................................ ४१


अनुसूची २


समितिमा कार्यरत कर्मचारीहरूको विवरण............................................................................. ४२


अनुसूची ३


समितिको कार्यबिधि........................................................................................................ ४३


अनुसूची ४


समितिका निर्णयहरू.........................................................................................................५१


अनुसूची ५

अर्थ मन्त्रालय र सरोकारवाला पक्षसँग गरिएको छलफलको सार संक्षेप


५.१ भन्सार विभागका महानिर्देशक श्री कमल प्रसाद भट्टराई सँगको प्रश्नोत्तर र छलफल........७४

५.२ आन्तरिक राजस्व विभागका महानिर्देशक श्री रितेश कुमार शाक्य सँगको प्रश्नोत्तर र छलफल...........................................................................................................७८

५.३ अर्थ मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री भूपाल बराल सँगको प्रश्नोत्तर र छलफल........................................................................................................... ८१

५.४ अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखा प्रमुख श्री चक्र बहादुर बुढा सँगको प्रश्नोत्तर र छलफल ..................................................................................... ८३

५.५ अर्थ मन्त्रालयका प्रशासन महाशाखा प्रमुख श्री केदारनाथ शर्मा र सूचना प्रविधि शाखा प्रमुख ठेकु श्रेष्ठ सँग प्रश्नोत्तर र छलफल..........................................................................८५

५.६ राजस्व सचिव श्री कृष्णहरि पुष्कर सँगको प्रश्नोत्तर र छलफल.......................................८७

५.७ अर्थ सचिव श्री मधु कुमार मरासिनी सँगको प्रश्नोत्तर र छलफल .....................................९१

५.८ पूर्व अर्थ सचिव श्री शिशिर कुमार ढुङ्गाना सँगको छलफल.............................................९३
५.९ अन्नपूर्ण पोष्टका संवाददाता सुरेन्द्र काफ्ले र ममता थापा सँगको प्रश्नोत्तर र छलफल....९६
५.१० निवर्तमान अर्थमन्त्री माननीय जनार्दन शर्मा सँगको प्रश्नोत्तर र छलफल ..........................९७

अनुसूची ६

समिति र अन्य निकायहरूबीच भएका पत्राचारहरू.....................................................................१०२

अनुसूची ७

रिकभर भएका भिडियो क्लिपका फ्रेमहरू.......................................................................................११६

अनुसूची ८

समितिको बैठकका केही तस्वीरहरू...............................................................................................१२९

# परिच्छेद १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने व्यवस्था गरेको छ। त्यसैगरी अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा उपलब्ध साधन स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने, आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जबाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने लगायतका नीतिगत व्यवस्था समेत गरेको छ।

यीनै निर्देशक सिद्धान्त र नीतिगत मार्गदर्शनभित्र रही सङ्घीय आर्थिक कार्यप्रणाली अन्तर्गत नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा राजस्वको अनुमान, सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र सङ्घीय विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू समेत खुलाई सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको छ।

यसै व्यवस्था अनुरूप तत्कालीन अर्थमन्त्री माननीय जनार्दन शर्माले सङ्घीय संसदको संयुक्त बैठक समक्ष आर्थिक वर्ष २०७९/०८० को सम्बन्धमा रू. १७ खर्ब ९३ अर्ब ८३ करोडको विनियोजित बजेट पेस गर्नुभएको थियो। उक्त खर्च प्रस्तावको लागि रू. १२ खर्ब ४० अर्ब ४१ करोड राजस्वबाट, रू. ५५ अर्ब ४६ करोड वैदेशिक अनुदानबाट व्यहोर्ने र न्यून हुने रकम रू. ४ खर्ब ९८ अर्ब २६ करोडमध्ये वैदेशिक ऋणबाट रू. २ खर्ब ४२ अर्ब २६ करोड र आन्तरिक ऋणबाट रू. २ खर्ब ५६ अर्ब स्रोत जुटाउने लक्ष्य राखिएको छ। उक्त राजस्व र व्ययको अनुमानसँगै विनियोजन विधेयक, आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण

तथा जमानत विधेयकहरू पेस भएका थिए। **आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ र वञ्चितिकरणबाट समावेशीतातर्फ**को प्रस्थान बजेटको रूपमा यो बजेट प्रस्तुत गरिएको थियो।

बजेटसँग सम्बद्ध विधेयकहरू प्रतिनिधि सभामा विचाराधिन रहेकै समयमा २०७९ जेठ ३० गतेको अन्नपूर्ण पोष्ट दैनिकमा **"मध्यराती बजेटमा जब 'चुकुल' लाग्यो..."** भन्ने शीर्षकमा समाचार प्रकाशन भयो, समाचारको शीर्ष पृष्ठको प्रमुख अंश यस्तो छ,- *भन्सारका पूर्व नायब सुब्बा रघुनाथ घिमिरेलाई जेठ १४ गते अबेला राती अर्थमन्त्री जनार्दन शर्माले कार्यकक्षमा बोलाए। साथमा अर्का अज्ञात व्यक्ति थिए, जसलाई मन्त्रीले 'सीए साब' भनेर चिनाए। र कोठामा चुकुल लगाएर दुई सचिव, दुई सहसचिवलाई निर्देश दिए, उहाँहरू विज्ञ हो, बजेटमा राजस्वका दर 'उहाँहरूले भने अनुसार मिलाउनु'। उच्च अर्थ अधिकारीहरू निरीहतापूर्वक मान्न बाध्य भए। बिहानी प्रहरमा राजस्वमाथि निर्ममतापूर्वक चलखेल भयो, मन्त्रीका 'विज्ञ' बाट।*

त्यसपछि अन्य सञ्चार माध्यमहरूमा पनि नियमित रूपमा योसँग सम्बन्धित विषयहरू प्रकाशन/प्रसारण हुँदै गए। प्रतिनिधि सभामा माननीय सदस्यहरूले समेत यो विषयलाई गम्भीरतापूर्वक उठाउँदै सदन बहिष्कार गर्ने र अर्थमन्त्रीको राजीनामा माग गर्ने सम्मका गतिविधि समेत भए। यो क्रम निरन्तर रूपमा २०७९ असार २१ गतेसम्म चलिरह्यो। यस पृष्ठभूमिमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाले एक ११ सदस्यीय संसदीय छानबिन विशेष समिति गठन गर्‍यो।

## १.२ समिति गठन र काम कारबाही

मिति २०७९ जेठ १५ गते माननीय अर्थ मन्त्रीद्वारा टेबुल भएको आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनाधिकृत व्यक्ति प्रवेश गरेको विषय सार्वजनिक सञ्चारका माध्यमहरूमा प्रकाशन भएको र सो विषयलाई लिएर माननीय सदस्यहरूबाट समेत सदनमा कुरा उठाइएको सम्बन्धमा सत्य तथ्य छानविन गर्न एक संसदीय विशेष समिति गठन गर्न प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको मिति २०७९ असार २२ गतेको बैठकबाट देहायको संसदीय छानविन विशेष समिति गठन भएको थियो।

**१. विशेष समितिको गठनः** (१) यस समितिको नाम संसदीय छानविन विशेष समिति रहेको छ।

(२) समितिमा देहायका बमोजिमका माननीय सदस्यहरू रहने छन्।

१. माननीय श्री खगराज अधिकारी
२. माननीय श्री देवप्रसाद गुरुङ्ग
३. माननीय श्री पुष्पा भुसाल (गौतम)

४. माननीय श्री प्रदिप कुमार ज्ञवाली
५. माननीय श्री भानुभक्त ढकाल
६. माननीय श्री बिमला बि.क.
७. माननीय श्री लक्ष्मण लाल कर्ण
८. माननीय श्री शक्ति बहादुर बस्नेत
९. माननीय श्री सरला कुमारी यादव
१०. माननीय श्री सिताराम महतो
११. माननीय श्री सुरेन्द्र प्रसाद यादव

२. **समितिको कार्यक्षेत्रः** आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनाधिकृत व्यक्ति प्रवेश गरेको विषय सार्वजनिक सञ्चारका माध्यमहरूमा प्रकाशन भएको र सो विषयलाई लिएर माननीय सदस्यहरूबाट समेत सदनमा कुरा उठाइएको सम्बन्धमा सत्य तथ्य छानविन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी सभा समक्ष पेश गर्ने।

३. **समितिको कार्यविधि**

(१) प्रचलित कानूनको अधिनमा रही समिति आफैंले सभापतिको चयन एवं आफ्नो कार्यविधि व्यवस्थित गर्न सक्नेछ।

(२) समितिले आवश्यक देखेमा सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्नेछ।

४. **समितिको कार्यावधिः** समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले १० दिनसम्मको लागि हुनेछ।"

**समिति हेरफेर र कार्यावधि थपः**

मिति २०७९ असार ३० गतेको प्रतिनिधि सभाको बैठकले समितिमा रहनुभएका माननीय पुष्पा भुसाल (गौतम) को स्थानमा माननीय मानबहादुर विश्वकर्मा रहने गरी हेरफेर गरेको थियो। हेरफेर पश्चात समितिमा देहाय बमोजिमका माननीय सदस्यहरू रहनु भएको थियो।

१. मा. लक्ष्मणलाल कर्ण
२. मा. खगराज अधिकारी
३. मा. देवप्रसाद गुरुङ
४. मा. प्रदीपकुमार ज्ञवाली
५. मा. बिमला वि.क.
६. मा. भानुभक्त ढकाल

७. मा. मानबहादुर विश्वकर्मा
८. मा. शक्तिबहादुर बस्नेत
९. मा. सरलाकुमारी यादव
१०. मा. सिताराम महतो
११. मा. सुरेन्द्रकुमार यादव

त्यस्तै समितिको कार्यावधि मिति २०७९ साउन ५ गते समाप्त भएकोमा सोही दिनको प्रतिनिधि सभाको बैठकले ७ दिन कार्यावधि थप गरेको थियो।

**सभापतिको निर्वाचन**

प्रतिनिधि सभाले दिएको कार्यादेशमा समितिले सभापतिको चयन आफैंले गर्न सक्ने अधिकार दिए बमोजिम र समितिको कार्यविधिको दफा ३ बमोजिम मिति २०७९ साउन १२ गतेको बैठकमा सभापतिको निर्वाचन भएको थियो। माननीय देवप्रसाद गुरुङले समितिको सभापतिमा समितिका सदस्य माननीय लक्ष्मणलाल कर्णलाई सभापतिमा निर्वाचित गरियोस् भनी प्रस्ताव राख्नुभएको थियो। सो प्रस्तावलाई माननीय प्रदीपकुमार ज्ञवालीले समर्थन गर्नुभएको थियो। सभापति निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्ताव दर्ता भएकोले माननीय लक्ष्मणलाल कर्ण समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनुभएको थियो। सभापतिको निर्वाचन हुनुअघिका बैठकहरूको सभापतित्व कार्यविधिको दफा ४ (३) बमोजिम समितिका ज्येष्ठ सदस्य माननीय लक्ष्मणलाल कर्णले गर्नुभएको थियो।

**समितिले व्यतीत गरेको समय**

समितिले मिति २०७९ असार २८ गते पहिलो बैठक बसी कार्य प्रारम्भ गरेको थियो। समितिको जम्मा १७ दिनको कार्यावधिभर जम्मा २३ वटा बैठक बसी ७५ घण्टा समितिको काममा प्रत्यक्ष रूपमा व्यतित गरी कार्य सम्पन्न गरेको छ।

**१.३ अध्ययनको सीमा**

१. छानबिन गर्ने क्रममा समितिलाई दिइएको कार्यक्षेत्र भित्र रही अर्थ मन्त्रालयमा जडान गरिएका मात्र सीसीटीभी प्रणालीको अध्ययन गरिएको,

२. अर्थ मन्त्रालयबाट प्राप्त प्रकाशित र अप्रकाशित दस्तावेजहरू र माग गरिएका प्रमाण, कागजात र विवरणहरूमा मात्र आधारित भई छानबिन गरिएको,

३. अर्थ मन्त्रालयका विभिन्न तहका कर्मचारीहरू, निवर्तमान मन्त्री, र प्राविधिक विज्ञ र पत्रकारहरूसँग मात्र छलफल गरिएको,

४. समितिलाई सुरुमा प्राप्त भएको दश दिन र थप प्राप्त भएको सात दिन गरी जम्मा सत्र दिनमा छानबिन कार्य सम्पन्न गरिएको,

५. छानबिन प्रक्रियाको लागि अवलम्बन गर्न सकिने कल डिटेल लगायतका अन्य उपायहरू समितिमा सहमति नभएको र समय सीमाको कारणले अवलम्बन गर्न नसकिएको,

६. सीसीटीभी फुटेजको विश्लेषण अर्थ मन्त्रालयबाट प्राप्त सिस्टम र त्यसमाथि फरेन्सिक ल्याबमा गरिएको परीक्षणको आधारमा तयार भएको प्रतिवेदन र प्राप्त क्लिपहरूमा आधारित भएर गरिएको।

## १.४ छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया

समितिले छानबिनको क्रममा देहाय बमोजिम प्रक्रिया अवलम्बन गरेको थियोः

### (क)कार्यविधि तर्जुमा

समितिको काम कारबाहीलाई व्यवस्थित गर्नको लागि समितिले पहिलो बैठकबाट कार्यविधि बनाई पारित गरेको थियो। कार्यविधिमा समितिका बैठक सञ्चालनका विधिहरू, सदस्यहरूले पालना गर्नुपर्ने आचार संहिता, समितिको कार्यक्षेत्र, निर्णय प्रक्रिया, छानबिनका लागि अपनाउन सकिने विधि, प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरू लगायतका व्यवस्थाहरू समावेश गरिएको थियो। उक्त कार्यविधि अनुसूची ३ मा संलग्न छ।

### (ख)सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनः

१. सञ्चार माध्यमहरूमा प्रकाशित/प्रसारित सूचनाहरू,

२. अर्थ मन्त्रालयका यस सम्बन्धी भएका काम कारबाही र अभिलेखहरूको सम्बन्धमा आवश्यक कागजात र जानकारी वा लिखित धारणा,

३. संविधान, प्रतिनिधि सभा नियमावली, २०७५, राष्ट्रिय सभा नियमावली, २०७५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, र नियमावली, २०७७, बजेट तर्जुमा दिग्दर्शन, अर्थ मन्त्रालयले जारी गरेका आन्तरिक कार्यविधि लगायत बजेट निर्माणसँग सम्बन्धित कानूनी दस्तावेजहरू।

### (ग) जिम्मेवार पक्ष र सरोकारवाला पक्षहरूसँग छलफलः

समितिले छानबिनका क्रममा देहाय बमोजिमका व्यक्ति एवं पदाधिकारीहरूलाई आमन्त्रण गरी छलफल गरेको थियो।

| क्र.सं. | मिति | आमन्त्रित व्यक्ति/पदाधिकारी | पद, सम्बद्ध निकाय |
|---|---|---|---|
| १ | २०७९/०३/३२ | श्री कमल प्रसाद भट्टराई | महानिर्देशक, भन्सार विभाग |

| क्र.सं. | मिति | आमन्त्रित व्यक्ति/पदाधिकारी | पद, सम्बद्ध निकाय |
|---|---|---|---|
| २ | २०७९/०३/३२ | श्री रितेश कुमार शाक्य | महानिर्देशक, आन्तरिक राजस्व विभाग |
| ३ | २०७९/०३/३२ | श्री भूपाल बराल | सहसचिव, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा |
| ४ | २०७९/०३/३२ | श्री गोपाल खत्री | उपसचिव, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा |
| ५ | २०७९/०३/३२ | श्री शरद निरौला | उपसचिव, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा |
| ६ | २०७९/०४/०१ | श्री चक्र बहादुर बुढा | सहसचिव, अर्थ मन्त्रालय |
| ७ | २०७९/०४/०१ | श्री केदारनाथ शर्मा | सहसचिव, अर्थ मन्त्रालय |
| ८ | २०७९/०४/०१ | श्री ठेकु श्रेष्ठ | उपसचिव, अर्थ मन्त्रालय |
| ९ | २०७९/०४/०१ | श्री जनक राज शर्मा | उपसचिव, अर्थ मन्त्रालय |
| १० | २०७९/०४/०१ | श्री मधुकुमार मरासिनी | सचिव, अर्थ मन्त्रालय |
| ११ | २०७९/०४/०१ | श्री कृष्णहरी पुष्कर | सचिव (राजस्व), अर्थ मन्त्रालय |
| १२ | २०७९/०४/०२ | श्री केदारनाथ शर्मा | सहसचिव, अर्थ मन्त्रालय |
| १३ | २०७९/०४/०२ | श्री ठेकु श्रेष्ठ | उपसचिव, अर्थ मन्त्रालय |
| १४ | २०७९/०४/०२ | श्री मनिराम पौडेल | निर्देशक, भन्सार विभाग |
| १५ | २०७९/०४/०३ | प्रा.डा. शशीधर राम जोशी | डीन, इन्जीनियरिङ अध्ययन संस्थान |
| १६ | २०७९/०४/०३ | ई. दिपेश जोशी | प्राविधिक प्रहरी नायब उपरीक्षक |
| १७ | २०७९/०४/०३ | श्री मीना कार्की | वरिष्ठ प्रहरी हवल्दार |
| १८ | २०७९/०४/०४ | श्री शिशिर कुमार ढुङ्गाना | पूर्व अर्थ सचिव |
| १९ | २०७९/०४/०४ | श्री ममता थापा | वरिष्ठ संवाददाता, अन्नपूर्ण पोष्ट |
| २० | २०७९/०४/०४ | श्री सुरेन्द्र काफ्ले | विशेष संवाददाता, अन्नपूर्ण पोष्ट |
| २१ | २०७९/०४/०५ | माननीय जनार्दन शर्मा | प्रतिनिधि सभा सदस्य एवं निवर्तमान अर्थमन्त्री |
| २२ | २०७९/०४/१० | ई. मुकेश तिवारी | प्राविधिक प्रहरी निरीक्षक, डिजिटल फरेन्सिक ल्याब |

(घ) **स्थलगत निरीक्षणः** समितिले मिति २०७९ असार २९ गते अर्थ मन्त्रालय परिसर र अर्थमन्त्री लगायत विभिन्न पदाधिकारीको कार्यकक्षमा स्थलगत अवलोकन गरी सीसीटीभी क्यामराको अवस्थाको निरीक्षण गरेको थियो।

# परिच्छेद २

## अध्ययनसँग सम्बन्धित कानूनी, नीतिगत र तथ्यगत आधारहरू

### २.१ प्रमुख कानूनी र नीतिगत प्रावधान

#### २.१.१ बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी/कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधि

अत्यन्त संवेदनशील र महत्वपूर्ण एवं संघीय संसद्को अग्राधिकार तथा विशेषाधिकारको रूपमा रहेको राष्ट्रिय बजेट सम्बन्धी तथ्याङ्कहरू तथा सूचनाहरू माननीय अर्थमन्त्रीले संघीय संसद्मा प्रस्तुत गर्नु भन्दा अगावै चुहावट हुन नदिन, बजेट सम्बन्धी कागजातको सुरक्षा गर्न, बजेट तर्जुमाको सिलसिलामा मन्त्रालयमा प्राप्त भएका ज्ञापनपत्र, माग पत्र तथा सुझाव पत्रहरूको व्यवस्थित अभिलेख राख्न, बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष संलग्न हुने पदाधिकारीको जिम्मेवारी तथा आचारसंहिता निर्धारण गर्न र बजेट सम्बन्धी सूचना तथा तथ्याङ्क सार्वजनिक गर्ने Website मा राख्ने तथा Hard Copy वितरण गर्ने, निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारले मिति २०६८/०८/२६ मा स्वीकृत गरी अर्थ मन्त्रालयले लागू गरेको बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी/कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधिमा देहायबमोजिम व्यवस्था गरेको देखिन्छ,-

बजेट तर्जुमामा संलग्न पदाधिकारी र गरिने प्रमुख कार्य सम्बन्धी व्यवस्था :

१. राजस्व र व्ययको वार्षिक अनुमान तयार गर्न प्रत्यक्ष रूपमा संलग्न रहने राजस्व व्यवस्थापन महाशाखा र बजेट तथा कार्यक्रम महाशाखाका सबै पदाधिकारीहरूको कामको विवरण साथ बजेट निर्माणमा संलग्न प्रत्येक पदाधिकारी तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता तोकिदिने। यस्तो आचार संहिता बजेट छलफल सुरु हुनुभन्दा अघि स्वीकृत गर्ने।

२. राजस्व र व्ययको वार्षिक अनुमान तथा सम्बद्ध दस्ताबेज छपाई सम्बन्धी सबै प्रक्रिया र जिम्मेवारी तोक्ने। आचार संहितासहित बजेटको कार्य विभाजन तालिका अनुसूची (१) मा सम्पन्न गर्नु पर्ने कार्यका लागि जिम्मेवार अधिकारी, सहयोगी कर्मचारी र प्रतिवेदन गर्नु पर्ने पदाधिकारी समेत खोली स्वीकृत गराई कार्यान्वयन गर्ने।

३. राजस्व र व्यय अनुमान तथा बजेट वक्तव्य लगायत सम्बद्ध दस्तावेजहरू कहिले कुन कुन अवस्थासम्म गोप्य रहने हो र कुन समयमा कसको आदेशमा सार्वजनिक गर्ने हो, सो उल्लेख गरी तालिका बनाई उक्त बुँदा २ अनुसार थप हुने परिच्छेदमा गोप्यता सम्बन्धी व्यवस्था भित्र राख्ने।

४. राजस्व र व्ययको वार्षिक अनुमान तयारीको सिलसिलामा कुन कुन पदाधिकारीले कुन कुन र के, कति विवरण, तथ्याङ्क एवं सामग्री हेर्न सकिने, सच्याउन सकिने अधिकार र तिनीहरूको जिम्मेवारी समेत सचिवबाट निर्णय गराई सोको जानकारी सम्बन्धित पदाधिकारीलाई गराउने।

५. बजेटसँग सम्बन्धित निम्न दस्तावेजहरू मन्त्रालयस्तरको निर्णयले तोकिएको परिमाणमा मात्र छपाई गर्ने

(क) बजेट वक्तव्य नेपाली भाषामा,
(ख) बजेट वक्तव्य अंग्रेजी भाषामा,
(ग) व्यय अनुमानको विवरण (रातो किताब),
(घ) अन्तर सरकारी वित्तीय हस्तान्तरण ( प्रदेश र स्थानीय तह)
(ङ) आर्थिक विधेयक

६. राजस्व र व्यय अनुमान तथा बजेट वक्तव्य लगायत सम्बद्ध दस्तावेजहरू छपाईको सिलसिलामा कुन, कुन दस्तावेज छाप्न कुन कुन पदाधिकारी, छपाईको कुन कुन चरणमा रहने हो, सोको नामावली, रहने समय, उक्त दस्तावेजहरू छाप्न पठाउन अगाडि नै मुद्रण विभागमार्फत प्राप्त गर्ने। छपाईको क्रममा सो अनुसार भए नभएको अनुगमन प्रशासन महाशाखाले गर्ने।

७. बजेट निर्माणको समयमा बजेट तथा कार्यक्रम महाशाखा र राजस्व व्यवस्थापन महाशाखामा बाहिरका व्यक्ति/पदाधिकारीहरूको प्रवेशको लागि पूर्व स्वीकृत लिनु पर्ने व्यवस्था गर्ने। यी महाशाखाहरूमा आउने जाने व्यक्ति/पदाधिकारीको प्रवेशको कारण र समय जनाई अभिलेख राख्नुको साथै सोही अभिलेख किताबमा प्रवेशको लागि स्वीकृति प्रदान गर्ने महाशाखाका पदाधिकारीको दस्तखत गर्ने गराउने।

८. अर्थमन्त्रीले बजेट वक्तव्य वाचन गरिसकेपछि मात्र बजेट सम्बन्धी दस्तावेजहरू माननीय सदस्यज्यूहरूलाई उपलब्ध गराउने। संघीय संसद्को बैठकमा टेबुल भएपछि मात्र वेबसाइटमा राख्ने। बजेट सम्बन्धी छापिएका पुस्तकहरू बजेट पेश भएको अर्को दिनबाट मात्र सर्वसाधारणलाई वितरण गर्ने।

९. बजेट लेखनमा रहने पदाधिकारीहरू र तिनीहरूको जिम्मेवारीको सम्बन्धमा लिखित निर्णय गरी अभिलेख राख्ने व्यवस्था गर्ने।

१०. अर्थ मन्त्रालय स्थित कम्प्यूटर प्रणालीलाई दीर्घकालीन दृष्टिकोणले दिगो, चुस्त र भरपर्दो बनाउन अध्ययन गराई सो अध्ययनको आधारमा आवश्यक रणनीति अख्तियार गर्ने।

११. बजेटसँग सम्बन्धित दस्तावेजहरू ओसार/पसार गर्दा सुतलीले बाँध्नेमात्र नगरी प्याकिंगको व्यवस्था गर्ने।

१२. व्ययको वार्षिक अनुमान तयारीको सिलसिलामा सम्बन्धित मन्त्रालयमार्फत प्राप्त बजेट माग उपर छलफल गर्दा माईन्यूटिंग गर्ने व्यवस्थालाई अनिवार्य गर्ने र एकरूपता कायम गर्ने।

१३. व्ययको वार्षिक अनुमान तयारीको लागि सम्बन्धित मन्त्रालयबाट Line Ministry Budget Information System (LMBIS) मार्फत आउने प्रक्रियालाई आवश्यक तालिमको व्यवस्था गरी पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने।

१४. व्ययको वार्षिक अनुमान सम्बन्धमा आवश्यक छलफलबाट टुंगो लागी अन्तिम गरिसकेको व्ययको अङ्क मध्ये कार्यक्रम पुस्तकमा राख्न जरूरी रहेको अङ्कहरू मात्र बजेट तथा खर्च शीर्षकगत व्यय अनुमान विवरण कसले, कहिले, कसलाई उपलब्ध गराएको हो सो भरपाई लिने दिने गरी राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउने। राष्ट्रिय योजना आयोगले पनि बजेट सम्बन्धी तथ्याङ्क र सूचनाहरूको गोप्यताको भरपर्दो व्यवस्था गरी जिम्मेवारी तोक्ने।

१५. राजस्वका दरहरू परिवर्तन, खारेजी तथा नयाँ प्रस्ताब गरी आर्थिक विधेयकलाई अन्तिम रूप दिने छलफलमा अर्थमन्त्री, अर्थ राज्यमन्त्री, अर्थ सचिव, सचिव (राजस्व), राजस्व व्यवस्थापन महाशाखा प्रमुख, भन्सार विभाग तथा आन्तरिक राजस्व विभागका महानिर्देशकहरू र राजस्व व्यवस्थापन महाशाखाका भन्सार र आन्तरिक राजस्व हेर्ने उपसचिव बाहेक अन्य कुनै पनि पदाधिकारीलाई संलग्न नगराउने।

१६. बजेट निर्माणको क्रममा विभिन्न सुझाव तथा ज्ञापनपत्रको अलावा विभिन्न कार्यक्रमहरू बजेट भित्र पार्नका लागि माननीय मन्त्री, सचिवहरू, बजेट तथा कार्यक्रम महाशाखा एवं राजस्व व्यवस्थापन महाशाखामा प्राप्त निवेदनहरूलाई छुट्टै किताबमा दर्ता गरी अलग्गै फाइलमा राख्ने। सो कार्यका लागि महाशाखागत रूपमा कर्मचारीहरू तोकी जिम्मा दिने।

### २.१.२ सीसीटीभी जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२

१. सरकारी/सार्वजनिक निकायले नागरिकहरूको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरूको निगरानी, विमानस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिबार्य रुपमा दिनु पर्नेछ।

२. सुरक्षा निगरानीका लागि जडान गरिएका सीसीटीभीको निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था सम्वन्धित निकाय आफैले मिलाउनु पर्नेछ।

३. सीसीटीभीबाट खिचेका दृश्यहरू गोप्य एवं सुरक्षित राख्नु पर्नेछ।

४. सीसीटीभी फुटेजहरू अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी लगायत अन्य सरकारी निकायले माग गरेको खण्डमा तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

५. सीसीटीभीबाट खिचेका दृश्यहरू कम्तिमा ३ (तीन) महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ।

६. Camera बाट Visualize गरिएका Footage लाई Modify गरी Business Purpose मा उपयोग गर्न पाइने छैन।

७. VVIP, VIP को निजी Footage हरू सार्वजनिक हुनेगरी प्रयोग गर्न गराउन पाइने छैन।

८. Human Rights Violation हुने गरी CCTV Camera जडान गर्न, Photo लिन पाइने छैन।

९. CCTV बिग्रिएर मर्मत गर्नु पर्ने भएमा, हटाउनु पर्ने भएमा वा परिवर्तन/फेरबदल गर्नु पर्ने भएमा सो को अग्रिम जानकारी नजिकको प्रहरी कार्यालय वा स्थानीय प्रशासनलाई लिखित रूपमा गराउनु पर्नेछ। यसो गर्दा CCTV बाट खिचिएका श्रव्यदृश्यहरू सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१०. माथि उल्लेख भएका बुँदाहरूको पालना नभए प्रचलित कानून बमोजिम सजाय हुनेछ।

### २.१.३ विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा भएका केही प्रावधानहरू

विद्युतीय सूचना तथा अभिलेख सुरक्षित राख्ने सन्दर्भमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ६ मा देहाय बमोजिम उल्लेख गरिएको छ,-

**विद्युतीय अभिलेख सुरक्षित राख्नु पर्ने :** प्रचलित कानूनमा कुनै सूचना, लिखत वा अभिलेख कुनै खास अवधिसम्म सुरक्षित राख्नु पर्ने भनी उल्लेख गरिएको भए देहायका शर्तहरू पूरा हुने गरी त्यस्तो सूचना, लिखत वा अभिलेख विद्युतीय स्वरुपमा सुरक्षित राखिएमा त्यस्तो सूचना, लिखत वा अभिलेखले कानूनी मान्यता प्राप्त गर्नेछ :-

(क) पछिल्ला प्रसङ्गहरूमा प्रयोग गर्न सकिने गरी पहुँचयोग्य अवस्थामा राखिएको भएमा,

(ख) सुरुमा सिर्जना गरी सम्प्रेषण गरिएको, प्राप्त गरिएको वा जम्मा गरिएको अवस्थाकै रूपमा पुनः दुरुस्त रूपमा प्रस्तुत गर्ने गरी प्रदर्शन गर्न सकिने ढाँचामा सुरक्षित राखिएको भएमा,

(ग) उत्पत्ति, गन्तव्य र सम्प्रेषण वा प्राप्तिको मिति तथा समय पहिचान गर्न सकिने विवरण उपलब्ध हुने गरी राखिएको भएमा।

तर कुनै अभिलेख सम्प्रेषण गर्ने वा प्राप्त गर्ने प्रयोजनको लागि स्वचालित रूपमा सिर्जना हुने कुनै सूचनाको सम्बन्धमा यो खण्डको व्यवस्था लागू हुने छैन।

ऐनको दफा ४६ मा कुनै व्यक्तिले कुनै संस्थालाई गलत तरिकाले हानि नोक्सानी पुऱ्याउने मनसाय राखी जानी-जानी कम्प्युटर सम्पदामा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुऱ्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्त्वलाई ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

ऐनको दफा ५७ मा सङ्गठित संस्थाले गरेको कसूर सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छः-

**सङ्गठित संस्थाले गरेको कसूरः** (१) यस ऐन बमोजिम कसूर ठहर्ने कुनै कुरा सङ्गठित संस्थाले गरेमा सो कसूर गर्दाका बखत सो सङ्गठित संस्थाको सञ्चालनको लागि प्रमुख रूपमा जिम्मेवार व्यक्तिले सो कसूर गरेको मानिनेछ।

तर त्यस्तो सङ्गठित संस्थाको सञ्चालनको लागि प्रमुख रूपमा जिम्मेवार व्यक्तिले त्यस्तो कसूर आफ्नो जानकारी बिना भएको वा कसूर हुन नदिन निजले मनासिब माफिकका सबै प्रयत्नहरू गरेको थियो भनी प्रमाणित गर्न सकेमा निजलाई सो कसूरको लागि दोषी ठहऱ्याइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्थाले यस ऐन बमोजिम गरेको कसूर सो सङ्गठित संस्थाको सञ्चालक, व्यवस्थापक, सचिव वा अन्य जिम्मेवार

व्यक्तिको सहमतिमा वा जानकारीमा वा लापरबाहीका कारणबाट हुन गएको भन्ने प्रमाणित भएमा सो सङ्गठित संस्था र सो सङ्गठित संस्थाको सञ्चालक, व्यवस्थापक, सचिव वा अन्य जिम्मेवार व्यक्तिले गरेको मानिनेछ।

यस ऐन वा ऐन बमोजिम बनेका नियमहरूको उल्लङ्घन गरेको तर त्यस्तो अवस्थामा सजायको व्यवस्था नगरेको अवस्थामा ऐनको दफा ५८ मा त्यस्तो उल्लङ्घनकर्तालाई त्यस्तो उल्लङ्घनको मात्रा हेरी पचास हजार रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

### २.१.४ नेपाल राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९ ले गरेका केही सिफारिसहरू

१. कोरोना कहर तथा रूस-युक्रेन युद्धका कारण बदलियो विश्व परिवेशसँग एकीकृत भई राजस्व परिचालनलाई दिगो र भरपर्दो बनाउन स्वदेशी उद्योगको संरक्षण, विकास र विस्तार, लगानीमैत्री वातावरण सृजना, आयात निरुत्साहन तथा निर्यात प्रवर्द्धन, सरल कर प्रणाली, करको दायरा विस्तार, अनौपचारिक अर्थतन्त्रलाई औपचारिकीकरण गर्न उपयुक्त संयन्त्रको विकास र प्रगतिशील कर प्रणाली जस्ता पक्षलाई आगामी आर्थिक वर्ष २०७९/८० को प्रमुख राजस्व नीतिको रूपमा सिफारिस गरिएको छ।

२. स्वदेशी उद्योगले पैठारी गर्ने कच्चा पदार्थको भन्सार महसुल दर तयारी वस्तुमा लाग्ने भन्सार महसुल दरभन्दा कतिपय वस्तुमा धेरै वा बराबर रहेकोले यसलाई पुनर्विचार गरी पैठारी हुने कच्चा पदार्थको महसुल दर तयारी वस्तुको भन्दा औसत ५० प्रतिशतले कम हुने गरी तथा सबै स्वदेशी उद्योगहरूलाई समान सुविधा र सहुलियत दिने गरी महसुल दर समायोजन गर्न सिफारिस गरिएको छ।

३. नेपालमा भन्सार महसुलका दरहरू आर्थिक ऐनबाट तोक्ने र संशोधन गर्ने अभ्यास कार्यान्वयनमा रहेको छ। सालबसाली जारी हुने आर्थिक ऐनबाट भन्सार महसुलका दरहरू तोकिने र सो को वैधानिकता सोही आर्थिक वर्षसम्मको लागि मात्र रहने कानूनी व्यवस्था छ। अर्को आर्थिक वर्षको लागि पुनः अर्को आर्थिक ऐनबाट महसुल दर तय गरिने र परिवर्तन भएका बाहेकका महसुल दरहरू र अन्य व्यवस्थाहरू अघिल्लो वर्षको आर्थिक ऐन बमोजिम हुने भनी हरेक वर्षको आर्थिक ऐनमा उल्लेख गर्ने परिपाटि रहेको छ। अतः यस प्रकारको कानूनी जटिलता अन्त्य गरी कामकारबाहीमा सहजता प्रदान गर्न र नेपालको भन्सार महसुल सम्बन्धी कानूनी व्यवस्थालाई अन्तर्राष्ट्रिय अभ्यास अनुकूल बनाउन नेपालले पनि अलग्गै भन्सार महसुल ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सिफारिस गरिएको छ।

४. आर्थिक ऐनको दफा १८ बमोजिम दिइने पटके कर छुटलाई सकेसम्म न्यून सीमामा राख्न उपयुक्त देखिन्छ। कर छुटको ठूलो हिस्सा विकास सहायताबाट सञ्चालित परियोजनामा दिँदैआएको कर छुट रहेको र विकास सहायता प्राप्त गर्ने अन्य राष्ट्रहरूले पनि यस्तो कर छुट

दिन छाडेकाले यसलाई पुनरावलोकन गर्न उपयुक्त देखिन्छ। हाल मूल्य अभिवृद्धि करमा व्यापक छुट दिइएको र त्यस छुटले राजस्व संकुचन हुनुको साथै करको अनुपालनामा कमी आउनुको साथै वस्तु उत्पादन र निकासी पनि प्रतिस्पर्धी हुनसकेको छैन। त्यसैले मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-१ मा उल्लेख भएका वस्तु तथा सेवामध्ये केहीमा तत्काल र अन्यमा आगामी वर्षहरूमा त्यस्तो छुट क्रमशः हटाउँदै लैजान उपयुक्त हुने देखी सुझाव प्रस्तुत गरिएको छ।

५. आर्थिक ऐनमा विभिन्न निकायको सिफारिसमा पैठारीमा लाग्ने भन्सार महसुलमा पूर्ण वा आंशिक छुट दिन सक्ने व्यवस्था गरिएको छ। यसरी राजस्व छुट दिने व्यवस्था राजस्व व्यवस्थापनको दृष्टिले संवेदनशील हुने र छुट दिइने राजस्वको आयतन पनि निकै ठूलो हुने भएकोले त्यसरी महसुल सुविधामा सिफारिस गरिएका मालवस्तुको स्पष्ट रूपमा परिमाण, मूल्य, मालवस्तु चलान गर्ने मुलुक र त्यसता मालवस्तु पैठारी हुने भन्सार कार्यालयसमेत खुलाई सिफारिस गर्नुपर्ने व्यवस्था गर्न तथा सिफारिसमा एकरूपता कायम गर्न यसरी गरिने सिफारिसको ढाँचा नै तोक्न उपयुक्त देखिन्छ।

६. मुलुकको अधिकांश माग पूरा गर्ने गरी नेपालमा नै ठूलो परिमाणमा उत्पादन हुने बस्तुहरू जस्तै निर्माणमा प्रयोग हुने ईंटा र ब्लकहरू, पफ प्यानल, आल्मुनियम फ्रेम स्ट्रक्चर, स्टीलका भाडा, सिंचाईका पाइपहरू, अगरबत्ती, हेलमेट, खाने तेल, जस्तापाता, सिमेण्ट, बिस्कुट, कुखुराको मासु, दुग्ध उत्पादन, पशुको तयारी दाना, कागज एवं प्लास्टिकका मुद्रित वस्तुहरू र प्याकिङ्ग गर्ने सामग्रीहरूको पैठारीमा महसुल दर वृद्धि गरी स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति अवलम्बन गर्न सिफारिस गरिएको छ।

### २.१.५ भन्सार विभागको नीति पत्र, २०७८

भन्सार विभागको नीति पत्र, २०७८ मा भन्सार महसुलका दरहरू तथा महसुल छुटको पुनरावलोकनका विषयमा देहायबमोजिम उल्लेख छः-

१. कच्चा पदार्थ एवं तयारी उपभोग्य वस्तु दुवैको रूपमा प्रयोग हुने वस्तुको महसुल दर सम्भव भएसम्म फरक फरक हुन प्रस्ताव गरिनेछ,

२. स्वदेशी उद्योगहरूको संरक्षण र प्रवर्द्धन एवं लगानी आकर्षित गर्न सहयोग पुग्ने गरी तथा तयारी वस्तुभन्दा कच्चा पदार्थको भन्सार महसुल दर कम हुने गरी भन्सार महसुल दर परिमार्जन गर्न प्रस्ताव गरिनेछ,

३. एकै प्रकृतिका मालवस्तुको भन्सार महसुल दर सम्भव भएसम्म समान कायम हुने गरी समायोजन गर्न प्रस्ताव गरिनेछ,

४. भन्सार महसुल दरहरूलाई निकासी प्रवर्द्धन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप हुने गरी समायोजन गर्न प्रस्ताव गरिनेछ,

५. WTO र SAFTA मा नेपालले गरेको प्रतिबद्धता बमोजिम भन्सार महसुलका दरहरूलाई समायोजन गर्न प्रस्ताव गरिनेछ,

६. आर्थिक ऐनको अनुसूचीमा समावेश गरी दिइने भन्सार महसुल छुटका प्रावधानहरूलाई क्रमशः हटाई सम्भव भएसम्म भन्सार दरबन्दीमा नै समायोजन गर्दै जाने नीतिलाई निरन्तरता दिन प्रस्ताव गरिनेछ,

७. आर्थिक ऐनको भन्सार सम्बन्धी अनुसूचीबाट छुट दिइएका मालवस्तुहरूको राष्ट्रिय उपशीर्षक प्रस्ताव गरी Specific गरिनेछ,

८. आर्थिक ऐनको अनुसूची १ को विभिन्न दफाहरूमा भएको प्रावधान परिमार्जनका लागि प्रस्ताव गरिनेछ,

९. चीनबाट पैठारी हुने मालवस्तुमा लाग्ने कृषि सुधार शुल्क सम्बन्धी कानूनी व्यवस्थालाई थप स्पष्ट गरिनेछ,

१०. आर्थिक ऐनको अनुसूची १ को विभिन्न दफाहरूबाट दिइएको महसुल छुट सम्बन्धी व्यवस्थाको पुनरावलोकनका लागि प्रस्ताव गरिनेछ,

११. भन्सार महसुल दरलाई व्यवस्थित गर्न Tariff Act को मस्यौदा तर्जुमा गरिनेछ।

### २.१.६ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त सुझाव

आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनमा समावेश हुन उपयुक्त देखिएका कर, भन्सार छुट तथा सहुलियत सम्बन्धी बुँदाहरूः

१. चिनी, फलाम पाता, काठ एवं धातुका बोर्ड, प्यानल लगायतका वस्तु जुन उपभोक्ताको लागि अन्तिम उत्पादन (Finished Product) र उत्पादनमूलक उद्योगको लागि कच्चा पदार्थको रूपमा प्रयोग हुने अवस्थामा उद्योगले औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग गर्न आयात गर्दा कच्चा पदार्थको स्ल्याबको न्यून भन्सार दरमा आयात गर्न दिनुपर्ने,

२. कृषक वा अन्य लक्षित समूह वा व्यक्तिलाई प्रदान गरिने भन्सार छुट लगायतका सुविधा सोही वस्तु उत्पादन गर्न सक्षम स्वदेशी उद्योगलाई नै प्रदान गरी स्वदेशी उद्योग मार्फत नै छुटलाई प्रवर्द्धन गर्ने,

३. निर्यातमूलक वस्तु उत्पादन गर्ने उद्योगहरूलाई स्वदेशी कच्चा पदार्थको उपयोग प्रतिशतका आधारमा विद्युत महसुलमा छुट दिन सहुलियतपूर्ण विद्युत महसुल निर्धारण गरी सोही बमोजिम सुविधायुक्त विद्युत महसुल मिटर उपलब्ध गराउने,

४. बेबी डायपर र सेनिटरी प्याडको आयात निर्बाध रूपले भइरहेको र निरन्तर वृद्धि भइरहेकोले स्वदेशमै उत्पादन क्षमता भएकोले व्यापार घाटालाई घटाउन र आयात प्रतिस्थापन गर्नका निम्ति बेबी डायपर र सेनिटरी प्याडको पैठारी भन्सार महसुल बढाएको खण्डमा राजस्व असुली पनि बढ्ने र नेपाली बजारमा स्वदेशी उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न जाने हुँदा देहाय बमोजिम हार्मोनिक कोड र पैठारी भन्सार महसुल कायम गर्ने

   a. न्यापकीन लाइनर ९६१९.००.२०
   b. डायपर ९६१९.००.३०
   c. सेनेटरी प्याड ९६१९.००.२०

५. जुत्ता चप्पल उत्पादन सँग सम्बन्धित मेसिनरी तथा पार्टपुर्जा आयात गर्दा हाल ५% लाग्दै आएको भन्सार महसुल १% कायम गर्नुपर्ने,

६. जुत्ता चप्पलमा प्रयोग हुने कपडा लगायत सम्पूर्ण कच्चा पदार्थ उद्योगको नाममा आयात गर्दा हाल लाग्दै आएको भन्सार महसुल १५ प्रतिशतबाट घटाउनुपर्ने,

७. उत्पादनमुलक उद्योगले कच्चा पदार्थ आयात गर्दा तिरेको भन्सार महसुल पासबुक भरेर रेकर्ड राख्ने व्यवस्था गर्नु पर्ने र उद्योगले खपत गरेको कच्चा पदार्थ पासबुकको रेकर्ड हेरी ५०% भन्सार महसुल फिर्ता गर्ने व्यवस्था हुनुपर्ने,

८. स्थानीय उद्योगहरूबाट कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, Packing Material खरिद गरी आफ्नो उत्पादन निर्यात गर्ने गरेकोले कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, Packing Material आपूर्ति गर्ने उद्योगहरूको Deemed export सरह सुविधा दिई VAT, भन्सार र अन्तशुल्क फिर्ता हुनुपर्ने,

९. लघु घरेलु तथा साना उद्योगहरूमा प्रविधि प्रतिस्थापन गर्ने गरी आयात गरिएका मेशिन औजारहरूमा १ प्रतिशत भन्सार बाहेक अन्य कर पूर्ण रुपमा छुट हुनुपर्ने।

१०. आत्मनिर्भर हुँदै गएको कृषि वस्तु आयातमा अतिरिक्त भन्सार लगाउनुपर्ने।

### २.१.७ अन्य सान्दर्भिक कानूनहरू

माथि बुँदाहरूमा उल्लिखित कानूनी तथा नीतिगत प्रावधानहरूका अतिरिक्त बजेट निर्माणका चरणमा देहाय बमोजिम कानून तथा नीतिहरूका सान्दर्भिक व्यवस्थाहरूको अवलम्बन गर्नुपर्ने हुन्छ।

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू,
२. प्रतिनिधिसभा नियमावली, २०७५ का सान्दर्भिक नियमहरू,
३. राष्ट्रिय सभा नियमावली, २०७५ का सान्दर्भिक नियमहरू,
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू
५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू,
६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का सान्दर्भिक दफाहरू,
७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ का सान्दर्भिक नियमहरू,
८. सार्वजनिक खरिद ऐन, २०६३ का सान्दर्भिक दफाहरू,
९. सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक नियमहरू,
१०. भ्रमण खर्च नियमावली, २०६४ का सान्दर्भिक नियमहरू,
११. विकास सहायता नीति, २०७१ का सान्दर्भिक खण्डहरू,
१२. दिगो विकास लक्ष्य,
१३. पन्ध्रौं योजनाका सान्दर्भिक बुँदाहरू,
१४. लैङ्गिक उत्तरदायी बजेट,
१५. गरिबी न्यूनीकरण उन्मुख बजेट,
१६. जलवायु परिवर्तन बजेट,
१७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ का सान्दर्भिक बुँदाहरू,
१८. मध्यमकालीन खर्च संरचना सम्बन्धी व्यवस्था,
१९. बजेट प्रस्तुतिको अवस्थामा एकैसाथ पेश हुने विधेयकहरू,
२०. नेपाल राष्ट्र बैंक ऐन, २०५८ का सान्दर्भिक दफाहरू,
२१. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक बुँदाहरू,
२२. विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक बुँदाहरू,
२३. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५।

## २.२ सङ्कलन गरिएका कागजात र प्रमाणहरू

समितिले कार्यक्षेत्रको विषयमा छानबिन गर्ने क्रममा विषयसँग सम्बन्धित देहाय बमोजिम कागजात र प्रमाणहरू सङ्कलन गरेको थियो:

१. अर्थ मन्त्रालयमा जडित सीसीटीभी प्रणालीको एनभीआर र त्यसमा जडित हार्ड डिस्क ड्राइभ र उक्त प्रणाली खरिद प्रक्रियाका कागजातहरूं,

२. अर्थ मन्त्रालयबाट प्राप्त एनभीआर र हार्ड डिस्क ड्राइभलाई नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा गरिएको परीक्षण प्रतिवेदन र रिकभर गरिएका क्लिपहरू,

३. २०७९ जेठ ३० गते अन्नपूर्ण पोष्टमा प्रकाशित समाचार र त्यसपछि विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारहरू,

४. ASYCUDA System बाट Generate भएको Sponge iron, Billet लगायतका कच्चा पदार्थ, अर्धप्रशोधित र तयारी फलामजन्य वस्तुहरू, सेनिटरी प्याड, पाम र पामोलिन आयल, विद्युतीय गाडि (किलोवाटका आधारमा), मोटरसाइकल (सीसी अनुसार), पेन्टस्, टायल, साबुन र जुत्ता चप्पलको आ.व. २०७७/०७८ र २०७८/०७९ को भन्सार दरबन्दी सहितको आयात विवरण,

५. राष्ट्रिय योजना आयोगले दिएको बजेटको सिलिङ,

६. नेपाल राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९,

७. भन्सार दर हेरफेर सम्बन्धी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सुझाव,

८. भन्सार विभागको नीतिपत्र, २०७८,

९. आन्तरिक राजस्व विभागको विभागीय नीतिपत्र, २०७९।

**२.३ अर्थ मन्त्रालय र सरोकारवाला पक्षसँग गरिएको छलफलको सार संक्षेप**

संसदीय छानबिन विशेष समितिमा अर्थ मन्त्रालय र मातहत विभागका पदाधिकारीहरूसँग माननीय सभापति र सदस्यहरूले राजस्वका दर निर्धारण गर्ने समयमा अनधिकृत व्यक्तिको प्रवेश भए/नभएको विषयलाई विशेष जोड दिएर प्रश्न राख्नुभएको थियो। सोको जबाफमा दर निर्धारणमा प्रत्यक्ष संलग्न पदाधिकारीहरूले अनधिकृत व्यक्तिको प्रवेश नभएको दाबी गरे भने दर निर्धारणमा प्रत्यक्ष संलग्न नभएका तर अन्य जिम्मेवारीमा सो दिन मन्त्रालयमा उपस्थित भएका पदाधिकारीहरूले आफू त्यहाँ रहेको समयमा कुनै अनधिकृत व्यक्ति नदेखेको जिकिर गरे। दर निर्धारण र हेरफेरका लागि लिइएको आधारको सम्बन्धमा दर निर्धारणमा संलग्न पदाधिकारीहरूले दिएका जबाफको संक्षेप कृषि क्षेत्रको सबलीकरण, निर्यात प्रवर्द्धन, आयात निरूत्साहन, स्वदेशी उद्योगको संरक्षण तथा कच्चा पदार्थ, अर्ध तयारी र तयारी वस्तुमा तहगत दरबन्दीका नीतिगत मार्गदर्शनभित्र रहेर दर निर्धारण भएको भन्ने रहेको छ।

सेनिटरी प्याडमा नेपाल आत्मनिर्भर रहेतापनि भन्सार महसुलमा छुट दिइएको विषयमा अर्थ मन्त्रालयका पदाधिकारीहरूको स्पष्टीकरण मुख्यतः ३ विषयमा केन्द्रित रह्यो — “रातो कर” विरुद्धको आन्दोलनको सन्दर्भ, स्वदेशी र आयातित प्याडको गुणस्तरमा फरक भएको विषय र

सरकारले छात्राहरूलाई वितरण गर्ने सेनिटरी प्याड स्वदेशी उत्पादन नै खरिद गर्नुपर्ने व्यवस्थाले स्वदेशी उद्योगको संरक्षण र बजार सुनिश्चित गरेको धारणा।

फलाम उद्योगका सन्दर्भमा बिलेटमा अन्तःशुल्क बढाइएको र स्पन्ज आइरनमा छुट दिइएको विषयमा पनि छलफल गरिएका पदाधिकारीहरूको जबाफ मिल्दोजुल्दो छ। Sponge Iron उद्योगले विद्युत खपत बढाउने भएकोले र नेपालमा भएका फलाम खानीहरूबाट उत्पादन सुरु भएपछि मूल्य श्रृङ्खलामा जोडिने भएकाले यसलाई प्रोत्साहन गरिएको पदाधिकारीहरूको भनाइ रहेको थियो। पिक पावर १०० किलोवाट भन्दा बढीका विद्युतीय गाडीमा अन्तःशुल्क र भन्सार बढाइएको सन्दर्भमा विदेशी मुद्रा सञ्चितिको अवस्थालाई विचार गरी बढी डलर बाहिरिने महँगा विलासी गाडीबाट पनि निकै कम राजस्व सङ्कलन भइरहेको हुँदा त्यसलाई निरुत्साहन गर्न खोजिएको जबाफ प्राप्त भयो।

सीसीटीभी अभिलेख सुरक्षित नराखिएको सन्दर्भमा सीसीटीभी व्यवस्थापनसँग प्रत्यक्ष पदीय जिम्मेवारी नजोडिएका पदाधिकारीहरूले सो विषय आफ्नो कार्यक्षेत्र नभएकोले जबाफ दिन नसक्ने आशय व्यक्त गरे भने प्रत्यक्ष रूपमा जिम्मेवारी भएका पदाधिकारीहरूले सीसीटीभी सम्बन्धी निर्देशिका र मन्त्रालयको सीसीटीभीको सञ्चालन अवस्था र क्षमताबारे पूर्ण जानकारी नभएको जबाफ प्रस्तुत गरे। समितिले माग गरेको भन्दा फरक मितिको सीसीटीभी फुटेज पठाएको र माग गरेको मितिको फुटेज नभएको तथ्य नखुलाएको विषयमा राखिएको प्रश्नमा जिम्मेवार पदाधिकारीहरूले समितिको पत्रको जबाफ अर्थमन्त्री समेतको जिम्मेवारीमा रहनुभएका सम्माननीय प्रधानमन्त्रीको निर्णयबाट पठाइएको जबाफ दिए।

बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेश भएको विषय सर्वप्रथम सार्वजनिक सञ्चार माध्यममा प्रकाशन गर्ने संवाददाताहरूसँग समेत समितिले छलफल गरेको थियो। संवाददाताहरूले आफूले लेखेको समाचारको सत्यतामा आफूहरू विश्वस्त रहेको र आफूहरूसँग प्रमाण नै रहेको दाबी गरे, तर स्रोतको संरक्षण गर्नुपर्ने पत्रकारिताको पेशागत मर्यादाका कारणले स्रोत खुलाउन र प्रमाण समितिलाई उपलब्ध गराउन नसक्ने अडान लिए।

समितिले आमन्त्रण गरी छलफल गरेका पदाधिकारीहरूसँगको छलफलको विस्तृत सारसंक्षेप अनुसूची — ५ मा संलग्न छ।

# परिच्छेद ३

# छानबिनबाट देखिएका तथ्यहरू र विश्लेषण

## ३.१ अनाधिकृत व्यक्तिको प्रवेश सम्बन्धमा

सिंहदरबार परिसर भित्र प्रवेश गर्ने र बाहिरिने व्यक्तिहरूको व्यवस्थित रूपमा अभिलेख राख्ने पद्धतिको कमीको कारणले कुन दिन के प्रयोजनको लागि कुन व्यक्ति प्रवेश गऱ्यो भन्ने यकिन गर्न नसक्ने अवस्था देखियो। यसले सिंहदरबार भित्रको समग्र सुरक्षा प्रणालीमाथि समेत प्रश्न खडा गरेको छ। एउटा निकायबाट जारी भएको पास वा अस्थायी परिचयपत्रले सिंहदरबार भित्रका सबै निकायमा निर्बाध आवतजावत गर्न सक्ने अवस्था छ। जेठ १४ गते राति अर्थ मन्त्रालयमा सुरक्षार्थ खटिएका पाँच जना सुरक्षाकर्मी मध्ये कमाण्डर सहित दुई जना करिब १०:३० बजे मन्त्रालयबाट बाहिरिएको र भोलिपल्ट बिहान मन्त्रालय आएको जबाफ छलफलका क्रममा प्राप्त भयो। त्यसैगरी सीसीटीभी व्यवस्थापन समेत सिंहदरबार मूल गेटदेखि प्राय सबै निकायमा कमजोर अवस्थामा रहेको पाइयो। सीसीटीभी जडान तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७२ अधिकांश सरकारी निकायले पालना गरेको पाइएन। आर्थिक ऐन, २०७९ मा करका दरहरू हेरफेर गर्ने प्रयोजनको लागि अनाधिकृत व्यक्ति प्रवेश गरे नगरेको सम्बन्धमा यकिन गर्न समेत व्यवस्थित अभिलेखको अभावको कारणले सहज भएन। सीसीटीभी फुटेजको व्यवस्थित अभिलेख नभएको कारणले अर्थ मन्त्रालयबाट प्राप्त एनभीआर सिस्टम र हार्ड डिस्क ड्राइभलाई फेला नपरेको जेठ १४ र १५ गतेको सीसीटीभी फुटेज रिकभर गर्न नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा पठाइएकोमा उक्त ल्याबबाट रिकभर भई प्राप्त भएका सो मितिका ५१ वटा सीसीटीभी फुटेजका सिंगल फ्रेम क्लिप हेर्दा चलायमान फुटेज उपलब्ध हुन नसकेकोले बाहिरबाट अनाधिकृत व्यक्ति प्रवेश गरेको भन्न सकिने अवस्था देखिएन। समितिको बैठकमा छलफलका क्रममा आर्थिक ऐन, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनाधिकृत व्यक्तिको प्रवेश नभएको दाबि अर्थ मन्त्रालयका सबै पदाधिकारीहरूले गरे। यस विषयमा सर्वप्रथम सञ्चार माध्यममा समाचार प्रकाशन गर्ने सम्बन्धित सञ्चारकर्मीसँगको छलफलमा निजहरूले अनाधिकृत व्यक्ति प्रवेश गरेको, सोको प्रमाण आफूसँग सुरक्षित भएको र स्रोत संरक्षणको सिद्धान्त अनुसार उक्त प्रमाण सार्वजनिक गर्न नसकिने बताए।

## ३.२ सीसीटीभी फुटेज सम्बन्धमा

आर्थिक ऐन, २०७९ मा करका दरहरू हेरफेर गर्ने समयमा मध्यराती अनाधिकृत व्यक्ति प्रवेश गरेको भन्ने सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन बलियो प्रमाणको रूपमा सीसीटीभी फुटेजलाई लिन सकिन्छ। सोही आधारमा समितिले पहिलो बैठकको निर्णयानुसार अर्थ मन्त्रालयबाट मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि १५ गते दिनको १२:०० बजेसम्मको

सीसीटीभीको फुटेज माग गरेको थियो र अर्थ मन्त्रालयमा रहेको सीसीटीभी क्यामेराहरूको निरीक्षण गर्न स्थलगत अवलोकन गरेको थियो।

समिति स्थलगत अवलोकनका लागि अर्थ मन्त्रालय गएको समयमा र समितिमा भएका छलफलका क्रममा मन्त्रालयका जिम्मेवार अधिकारीहरूले सीसीटीभी प्रणाली वि.सं. २०७० सालमा खरिद गरिएको र त्यसपछि विभिन्न समयमा क्यामेराहरू थप र मर्मत गर्ने कार्य मात्र गरिएको बताएका थिए। समितिले सीसीटीभी खरिदसम्बन्धी कागजात मगाई अध्ययन गर्दा मन्त्रालयका त्यसअघिका भनाइहरूसँग विरोधाभाष हुने गरी वि.सं. २०७० मा आइ.पी. क्यामेरा, २०७६ मा एनभीआर सिस्टम र हार्ड डिस्क तथा वि.सं. २०७८ मा पुनः अर्को एनभीआर खरिद गरेको देखियो।

समितिले माग गरे अनुसार अर्थ मन्त्रालयले सीसीटीभी फुटेजको अभिलेख रहेको २ टीबी क्षमताको हार्ड डिस्क ड्राइभ उपलब्ध गराएको थियो, जसमा समितिले माग गरेअनुसारको मिति र समयको नभई मिति २०७९ असार १७ देखि ३० सम्मको सीसीटीभी फुटेज रहेको थियो। अर्थ मन्त्रालयले असान्दर्भिक फुटेज उपलब्ध गराएको र विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशन/प्रसारण भएका "अर्थ मन्त्रालयको सीसीटीभी फुटेज डिलिट..." यस्ता समाचारप्रति समितिको गम्भीर ध्यानाकर्षण भई मिति २०७९ असार ३१ गते माग गरेअनुसारकै सीसीटीभी फुटेज उपलब्ध गराउन ताकिता गरेको थियो। तत्पश्चात पनि सीसीटीभी फुटेज प्राप्त नहुँदा सीसीटीभी एनभीआर प्रणाली नै माग गरी अध्ययन गरियो र उक्त एनभीआर प्रणालीमा समेत मिति २०७९ जेठ १४ र १५ को फुटेज नरहेकाले उक्त प्रणालीबाट हटेको फुटेज रिकभर गर्न सकिने सम्भाव्यताका सम्बन्धमा नेपाल प्रहरीको साइबर ब्युरो र इन्जीनियरिङ अध्ययन संस्थानका डिनसँग छलफल गरिएको थियो। छलफलका आधारमा नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबबाट रिकभर हुन सक्ने सम्भावना रहेको सुझाव प्राप्त भएको र सोही सुझावका आधारमा फरेन्सिक ल्याबमा मिति २०७८ साउन ४ मा सीसीटीभी एनभीआर प्रणाली पठाउँदा उक्त ल्याबबाट मिति २०७९ साउन ९ मा फरेन्सिक रिपोर्ट प्राप्त भएको थियो। जसमा मिति २०७९ जेठ १४ र १५ मा रेकर्ड भएको भिडियोको ५१ वटा सिङ्गल फ्रेमहरू पनि संलग्न रहेका थिए। उक्त प्रतिवेदनको विस्तृत रूपमा अध्ययन विश्लेषण गर्ने आधार तयार गर्न प्रतिवेदनमा उल्लिखित विवरणहरू र क्लिपहरूको सम्बन्धमा जानकारी लिन डिजिटल फरेन्सिक ल्याबका प्राविधिकलाई आमन्त्रण गरी समितिले छलफल गरेको थियो। सीसीटीभीको चलायमान फुटेज रिकभर नभएको सम्बन्धमा जिज्ञासा राख्दा प्राविधिकबाट हार्ड डिस्कमा डाटा ओभरराइट भएकाले जेठ १४ र १५ गतेको चलायमान सीसीटीभी फुटेज रिकभर नभएको र खाली ठाउको फ्रागमेण्टेड डाटा मात्र रिकभर भएको र त्यसमा भिडियोको केही सिङ्गल फ्रेमहरू मात्र रिकभर भई डीभीडीमा राखी पठाइएको जानकारी प्राप्त भएको थियो। उक्त फ्रेमहरू चलायमान नरहेकोले सीसीटीभी फुटेज

अध्ययन गर्न समस्या देखिएको थियो। ती क्लिपहरूको अध्ययनको आधारमा अनाधिकृत व्यक्ति प्रवेश गरेको भन्न सकिने अवस्था देखिएन। उक्त क्लिपहरूमा देखिएको दृश्य जेठ १४ र १५ गतेको मितिमा अर्थ मन्त्रालयमा जडित सीसीटीभी क्यामेराबाटै खिचिएको प्रष्ट देखिन्छ। यसले समितिमा उठान भएको र सञ्चार माध्यमहरूमा चर्चा भएको जस्तो मन्त्रालयले पठाएको एनभीआरमा सोही दिन प्रयोग भएकै हार्ड डिस्क ड्राइभ छ कि छैन भन्ने प्रश्नको निरूपण गर्न भने सहयोग गरेको छ।

अर्थ मन्त्रालयबाट सान्दर्भिक फुटेज प्राप्त नभएपछि मिति २०७९ साउन ८ मा गृह मन्त्रालयबाट सिंहदरबार प्रवेश गर्ने दक्षिण र पश्चिमतर्फको गेटमा रहेको सीसीटीभी क्यामराको फुटेज माग गर्दा उक्त मन्त्रालयले पनि १६ दिनसम्म मात्र फुटेजको अभिलेख रहने र त्यसपछि क्रमशः आफैं डिलिट हुने व्यहोराको प्रत्युत्तर पठाएको थियो।

सरकारी/सार्वजनिक निकायले CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिबार्य रुपमा दिनु पर्ने व्यवस्था सीसीटीभी जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ मा उल्लेख भए तापनि अर्थ मन्त्रालयलाई उक्त कार्यविधिको बारेमा जानकारी नै नभएको सम्बन्धित पदाधिकारीहरूसँगको छलफलबाट थाहा पाइयो।

कार्यविधि अनुसार सीसीटीभी जडान गर्ने हरेक निकाय तथा व्यक्तिले कम्तीमा ३ महिनासम्म सीसीटीभीको अभिलेख अनिवार्य राख्नुपर्ने र कुनै सरकारी निकायले अनुसन्धानको सिलसिलामा माग गरेमा तुरुन्त उपलब्ध गराउनुपर्ने व्यवस्था छ। उक्त कानूनी व्यवस्थाको पालना अर्थ मन्त्रालयले मात्र नभई निर्देशिका जारी गर्ने गृह मन्त्रालयले समेत नगरेको पाइएको छ।

### ३.३ राजस्वका दरमा भएको हेरफेर सम्बन्धमा

आर्थिक ऐन, २०७९ बाट विविध मालवस्तुहरूमा भन्सार तथा अन्तशुल्कका दरहरू परिवर्तन भएका छन्। भन्सार विभागका अनुसार दरहरू परिवर्तन भएका मुख्य मालवस्तुहरू र भन्सार दर यसप्रकार छन्:

**आर्थिक विधेयक २०७९ बाट भन्सार महसुल दर परिवर्तन भएका मुख्य मालवस्तुहरू र भन्सार दर**

| सि.नं. | मालवस्तुको विवरण | साविकको भन्सार दर | हालको भन्सार दर |
|---|---|---|---|
| १ | शीर्षक ०७१३.१० को केराउ | १५ | ३० |
| २ | शीर्षक ०८०२.८० को सुपारी | ४५/किलो | १००/किलो |

| सि.नं. | मालवस्तुको विवरण | साविकको भन्सार दर | हालको भन्सार दर |
|---|---|---|---|
| ३ | शीर्षक २१०३.१० र २१०३.२० भटमासको सस तथा गोलभेडाको केचप र सस | २० | ३० |
| ४ | शीर्षक २१०३.९०.१० को विविध खाद्य परिकार अन्तर्गत मिश्रीत मसला र मर्ममसला | १५ | ३० |
| ५ | शीर्षक २१०३.९०.२० र २१०३.९०.९० को विविध खाद्य परिकार अन्तर्गत अचार र अन्य | १५ | ३० |
| ६ | भाग २२०२.९९.१० को इनर्जी ड्रिन्कस | ७५/लिटर | १००/लिटर |
| ७ | शीर्षक २२०७ को अनडिनेचर्ड र डिनेचर्ड इथायल अल्कोहल | ५०/लिटर | ६०/लिटर |
| ८ | शीर्षक २४०२.१०, २४०२.९०.२० २२४०२.९०.९० का चुरोट तथा सिगार | ४५०० प्रति हजार खिल्ली | ९००० प्रति हजार खिल्ली |
| ९ | शीर्षक २६१८ र २६१९को धालुमलहरु ( Slag ) | ५०० प्रति मे.टन | १००० प्रति मे.टन |
| १० | शीर्षक २७१३.११ र २७१३.१२ पेट्रोलियम कोक | १० | ५ |
| ११ | शीर्षक ३२०८, ३२०९ र ३२१० को तयारी पेन्ट्सहरू | ३० | ४० |
| १२ | उप शीर्षक ३४०१.१९.००, ३४०१.२०.९०, ३४०१.३०.००, ३४०२.५०.१०, ३४०२.५०.९० का साबुन र साबुनजन्य पदार्थ | २० | ३० |
| १३ | शीर्षक ३९१८ र ३९१९ का प्लाष्टिकका सिट तथा फ्लोर कभरिङ्गस | ३० | ४० सम्म |
| १४ | शीर्षक ३९२० का प्लाष्टिकका अन्य प्लेटहरु सिटहरु फिल्म फ्वाइल र स्ट्रिपहरु | १५ देखि २० | ३० |

| सि.नं. | मालवस्तुको विवरण | साविकको भन्सार दर | हालको भन्सार दर |
|---|---|---|---|
| १५ | भाग ४२०२ का सुटकेशहरु लगायतका मालवस्तु | २० | ३० |
| १६ | भाग ६४ का जुत्ता चप्पलहरु | ३० | ४० |
| १७ | भाग ६९०७ का टायल्सहरु | ३० | ४० |
| १८ | भाग ७२११, १३, १६, १७, २५, २७ का फलाम र फलाम जन्य मालवस्तुहरु | ५ देखि २० | १० देखि ३० |
| १९ | भाग ८५२८ को ४८ इञ्च भन्दा वढी साइजका टी. भि | २० | ३० |
| २० | उप शीर्षक ८७०३.८०. का पिकपावर १०० किलोवाट भन्दा वढी तर २०० किलोवाट ननाघेका विद्युतीय कार जिप | १५ | ३० |
| | २०० किलोवाट भन्दा वढी ३०० किलोवाट ननाघेका | ३० | ४५ |
| | ३०० किलोवाट नाघेका | ४० | ६० |
| २१ | शीर्षक ८७११.२० को २०० सिसि नाघेको २५० सी.सी ननाघेको मोटरसाइकल | ३० | ४० |
| | २५० सी. सी ननाघेको तर ५०० सिसि ननाघेको | ३० | ७० |
| | ५०० सिसि भन्दा माथिका मोटर साइकल | ३० | ८० |
| २२ | भाग ८७०४ को फोहर सङ्कलन तथा ढुवानी गर्ने गाडी | ३० | १५ |

**आर्थिक विधेयक २०७९ बाट अन्तःशुल्क दर परिवर्तन भएका मुख्य मालवस्तुहरू र दर**

| सि.नं. | मालवस्तुको विवरण | साविकको अन्तःशुल्क | हालको अन्तःशुल्क |
|---|---|---|---|
| १ | भाग ३ को माछा र माछाजन्य पदार्थहरु | ०-५ | १० |
| २ | शीर्षक ०८०२ सुपारी वाहेक काष्ठफलहरु | ५ | १५ |

| | | | |
|---|---|---|---|
| | उप शीर्षक ०८०२.८० सुपारी | २५/कि.ग्रा. | १००/कि.ग्रा. |
| ३ | शीर्षक ०८०३ का प्लान्टन जातका केराहरु | ० | ५ |
| ४ | उप शीर्षक ०८०४. १० र ०८०४. २०.९० को छोकडा तथा अन्य काष्ठफलहरु | ५ | १५ |
| | शीर्षक ०८०४ अन्य भुइकटहर एभोकेडो आँप तथा केरा | ० | ५ |
| ५ | उपशीर्षक ०८०६.२० सुकाएको अंगुर ०८०९.१० को खुपांनी शीर्षक ०८१२ र ०८१३ का काष्ठफल तथा सुख्खा फलफुलहरु | ५ | १० |
| ६ | उप शीर्षक ०९०४.११ र ०९०४.१२ को मरिच पिपला र टिमुर | ० | १५ |
| ७ | शीर्षक ०९०६ को दालचिनी | ५ | १० |
| ८ | शीर्षक ०९१० को अदुवा वेसार | ० | ५ |
| ९ | शीर्षक ११०६ को भाग ८ को उत्पादनहरूको पिठो मैदा धुलो | ० | २० |
| १० | उप शीर्षक १२०७.९१ र १२०७.९९ को अफिमको दाना | ० | १५ |
| ११ | उप शीर्षक १४०४.२० कपासको मसिनो भुवा | ० | ५ |
| १२ | उपशीर्षक १४०४.९०.४०,५०,६०,७०,८० र ९० का पानको पात रुद्राक्षको दाना समेत | ० | १० |
| १३ | भाग १६ का मासु माछाका तयारी परिकार | १० | १५ |
| १४ | उप शीर्षक १७०४.१० को चुइगम | १० | १५ |
| | शीर्षक १७०४.९० को चिनी मिठाई अन्य | ५ | १५ |
| १५ | शीर्षक १८०६ को सवै चकलेट | ५ | १५ |
| १६ | उपशीर्षक १९०५. १०,२०,३१,३२,४० / १९०५.१०.१०,५०,६०,७०/ ९० का तयारी खाद्यवस्तुहरू | ० | १५ |
| १७ | भाग २० को शीर्षक २००१ देखि २००८ सम्मका तयारी परिकारहरु (२००५.२०१० को आलुचिप्स वाहेक) | ५-१० | १५ |
| १८ | उपशीर्षक २१०६.३० को सर्सयुको पिठो र मैदा | ० | १० |
| १९ | शीर्षक २१०५ को आइसक्रिम | १० | २० |
| २० | उप शीर्षक २१०६.९०६० को सुर्ति रहित सुगन्धित सुपारी | २८१/किलो | ३५०/किलो |

| | | | |
|---|---|---|---|
| २१ | उपशीर्षक २२०२.९१ को अल्कोहल रहित वियर | २०/लिटर | ३०/लिटर |
| | उपशीर्षक २२०२.९९.१० को इनर्जी ड्रिन्कस | ३६/लिटर | ५०/लिटर |
| | उपशीर्षक २२०२.९९.९० को अन्य | १४/लिटर | २५/लिटर |
| २२ | उपशीर्षक २२०७.१०.१० र २० को स्प्रिंट्सहरू | ७०/लिटर | ८०/लिटर |
| | उप-शीर्षक २२०७.१०.३०, ९० र २२०७.२०.९० को स्प्रिट्सहरु | ७६/लिटर | ८६/लिटर |
| | उप शीर्षक २२०७.१०.४० को स्प्रिट्सहरु | ९/लिटर | १२/लिटर |
| | उप-शीर्षक २२०७.२०.१० को स्प्रिट्सहरु | २०/लिटर | ३०/लिटर |
| २३ | भाग २२०८ मदिरा तथा मादक पेयहरु | १९८ देखि १५९२ / लिटर | २२८ देखि १७५० / लिटर |
| २४ | शीर्षक २४०१ को अनिर्मित सुर्ति | ११८/किलो | १३०/किलो |
| २५ | उप शीर्षक २४०२.१०.००, २४०२.९०.२० र २४०२.९०.९० का सिगारहरू | २१ प्रति खिल्ली | ३० प्रति खिल्ली |
| | उप शीर्षक २४०२.२०.१० का फिल्टर नभएको चुरोट | प्रति एम रु ६१८ | प्रति एम रु ७१० |
| | उप शीर्षक २४०२.२० का अन्य फिल्टर नभएको चुरोट | प्रति एम रु १४१८ देखि ३३९३ | प्रति एम रु १६३५ देखि ३९६५ |
| २६ | उप शीर्षक २४०३.११ र २४०३.१९.१० को तमाखु र पाइप टोवाको | १६६८/किलो | २०००/किलो |
| २७ | शीर्षक ३३०७ का श्रृङ्गारका सामानहरु, अगरवत्ती | ५ देखि १० | १५ |
| २८ | भाग ४४ को शीर्षक ४४०१ देखी ४४०७, ४४०, र ४४१० का काठ र काठजन्य पदार्थहरु | ० | ५ |
| २९ | शीर्षक ४४१२, १३, १४, १८ र १९२० का काठजन्य पदार्थहरु | ० देखि ५ | ५ देखि १० |
| ३० | शीर्षक ४८१८ का कागजजन्य वस्तुहरु | ० | ५ |
| ३१ | उप शीर्षक ६४०४.११.१० र ६४०५.२०.१० का जुत्ता | १० | २० |
| ३२ | उप शीर्षक ६६०१.१०. का वगैचे छाता | ० | १५ |
| ३३ | शीर्षक ८५१७ को स्मार्ट फोन | २.५ | ५ |
| ३४ | उप शीर्षक ८७०३.८० का पिकपावर १०० किलोवाट भन्दा वढी तर २०० किलोवाट ननाघेका विद्युतीय कार जिप | ० | ३० |

| | | | |
|---|---|---|---|
| | २०० किलोवाट भन्दा वढी ३०० किलोवाट ननाघेका | ० | ४५ |
| | ३०० किलोवाट नाघेका | ० | ६० |
| ३५ | शीर्षक ८७०३ का १५०० सिसि नाघेको तर २००० सिसि ननाघेका कार जिप | ७० | ७५ |
| | २००० सिसि नाघेको तर २५०० सिसि ननाघेका कार जिप | ८० | ८५ |
| | २५०० सिसि नाघेको तर ३००० सिसि ननाघेका कार जिप | ९० | ९५ |
| | ३००० सिसि नाघेका कार जिप | १०० | १०५ |
| ३६ | शीर्षक ८७११ को २०० सिसि नाघेको २५० सिसि सम्मको अनएसम्बल्ड मोटर साइकल | ४० | ८० |
| | शीर्षक ८७११ को २०० सिसि नाघेको २५० सिसि अन्य मोटर साइकल | ६० | ८० |
| | ५०० सिसि सम्मको मोटर साइकल | ८० | ९० |
| | ५०० सिसि भन्दा माथिका मोटर साइकल | ८० | १०० |
| ३७ | शीर्षक ९५०३ बच्चाहरूको खेलौना | ५ | १० |
| ३८ | शीर्षक ९५०४ तास | ५ | १० |

### ३.४ बजेटमा करका दर निर्धारण गर्ने प्रक्रिया सम्बन्धमा

आर्थिक ऐन, २०७९ मा राजस्वका दर निर्धारण गर्दा आयात निरुत्साहन, निर्यात प्रवर्द्धन, कृषि क्षेत्रको सबलीकरण, स्वदेशी उद्योगको संरक्षण, आन्तरिक विद्युत खपत र कच्चा पदार्थ, अर्ध प्रशोधित वस्तु र तयारी वस्तुको आयातमा तहगत दरबन्दीको सिद्धान्त लगायतका नीतिगत मार्गदर्शन अन्तर्गत रही राजस्वका दर हेरफेर गरिएको यस कार्यमा संलग्न सबै पदाधिकारीहरूको जबाफ प्राप्त भयो। उक्त कार्य जेठ १४ गते राति भएको र सो मा अर्थ मन्त्री, अर्थ सचिव, राजस्व सचिव, आन्तरिक राजस्व विभागका महानिर्देशक र भन्सार विभागका महानिर्देशक संलग्न भएको भनाइ अर्थ मन्त्रालयका सबै पदाधिकारीबाट आयो। दरबन्दी कम्प्युटरमा प्रविष्ट गर्ने काम आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशकहरूबाट भएको सबैको साझा भनाइ रहेको छ। कार्यविधि अनुसार अर्थमन्त्री, अर्थ सचिव, राजस्व सचिव, राजस्व व्यवस्थापन महाशाखाका प्रमुख (सहसचिव), आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशकहरू तथा राजस्व व्यवस्थापन महाशाखाका भन्सार र आन्तरिक राजस्व हेर्ने उपसचिव समेत गरी जम्मा आठ जनासम्म संलग्न हुने प्रावधान भएतापनि राजस्व व्यवस्थापन महाशाखा प्रमुख र उपसचिवहरूलाई सहभागी गराएको देखिएन। आर्थिक ऐनबाट लागू हुने भन्सार र करका दरहरूको कार्यान्वयनमा प्रमुख भूमिका हुने महाशाखा प्रमुखलाई दर निर्धारणको छलफल र

निर्णय प्रक्रियामा सहभागी गराइनु नै मनासिब हुने र सहभागी गराइने अभ्यास रहेको पूर्व अर्थ सचिव शिशिर कुमार ढुङ्गानाको भनाई छ। राजस्व व्यवस्थापन महाशाखा प्रमुखलाई बजेट वक्तव्य मस्यौदा समितिको संयोजकको जिम्मेवारी तोकिएको रहेछ। सो जिम्मेवारी सामान्यतया मन्त्रालयका वरिष्ठ सहसचिवलाई दिने प्रचलन रहेको सबैको भनाइबाट बुझिन्छ। निज सहसचिवभन्दा वरिष्ठ सहसचिव मन्त्रालयमा हुँदाहुँदै पनि आफूलाई सो जिम्मेवारी दिएको निजकै भनाइ रहेको छ।

राजस्वका दर हेरफेर गर्ने आर्थिक विधेयकमा राजस्व सचिवको हस्ताक्षर नभएको प्रसङ्गलाई छलफलका क्रममा माननीय सदस्यहरूले राख्नुभएको प्रश्नमा मन्त्रालयमा दुई सचिव भएतापनि सचिवको हस्ताक्षर आवश्यक पर्ने कुनै पनि दस्तावेजमा एक जना सचिवको मात्र हस्ताक्षर हुने र प्रस्तावको रूपमा मन्त्रिपरिषद्मा जाने दस्तावेजमा अर्थ सचिवको नै हस्ताक्षर हुने प्रचलन रहेको आशयको जबाफ दुवै सचिवबाट प्राप्त भयो।

आर्थिक ऐन, २०७९ मा करको दर निर्धारण गर्ने कार्यमा संलग्न सबै पदाधिकारीको भनाइ अनुसार सबैको छलफल र राय सुनेर मन्त्रीले अन्तिम निर्णय गरेको बुझिन्छ। दर परिवर्तन गर्नुपर्ने कारण र औचित्य पुष्टि हुने कागजात, भएका छलफल र निर्णयको माइन्यूट जस्ता लिखत तयार नगरिएको जबाफ प्राप्त भएको छ।

# परिच्छेद ४

# निष्कर्ष र सुझाव

## ४.१ छानबिनबाट समितिले ठहर गरेको वा निष्कर्ष निकालेको विषय

समितिले अर्थ मन्त्रालयका पदाधिकारीहरूसँग गरेका छलफल, अर्थ मन्त्रालयबाट प्राप्त गरेका जबाफ र कागजात, प्राप्त गरेका सीसीटीभी फुटेजको अध्ययन लगायत हालसम्म समितिले गरेका छानबिन र सङ्कलन गरेका प्रमाणका आधारमा करका दर निर्धारणमा अनाधिकृत व्यक्ति प्रवेश गरेको देखिएन। सो नदेखिएपछि करका दर हेरफेरमा अनाधिकृत व्यक्तिको प्रभावको प्रसङ्ग सान्दर्भिक रहेन। करका दरले अर्थतन्त्रमा पारेका प्रभावहरूको नियमित अध्ययन संसदको सम्बन्धित विषयगत समितिले गर्ने नै हुँदा त्यसतर्फ यस समितिले थप केही गर्नु पर्ने देखिएन।

## ४.२ सुझावहरू

समितिले छानबिनका क्रममा अवलम्बन गरेका विधि प्रक्रियाहरू जस्तै सीसीटीभी फुटेजको विश्लेषण, अर्थ मन्त्रालयबाट प्राप्त कागजात, प्रमाणहरूको विश्लेषण, अर्थ मन्त्रालयका विभिन्न तहका पदाधिकारीहरूसँगको छलफल, विभिन्न सञ्चार माध्यममा प्रकाशन/प्रसारण भएका समाचारहरू लगायतबाट प्राप्त तथ्यका आधारमा गरिएको विश्लेषण र निकालिएको निष्कर्षका आधारमा देहाय बमोजिमका सुझाव सिफारिस गरिएको छः

१. सीसीटीभी जडान तथा सञ्चालन निर्देशिका, २०७२ लाई अर्थ मन्त्रालय र निर्देशिका जारी गर्ने गृह मन्त्रालय समेतले पूर्ण रूपमा पालना नगरेको देखिएकाले सीसीटीभी जडान गर्ने सम्पूर्ण सरकारी निकायले अनिवार्य रूपमा पालना गर्नु पर्दछ।

२. सिंहदरबार परिसर भित्र प्रवेश गर्ने र बाहिर निस्किने व्यक्तिको व्यवस्थित अभिलेख राख्ने पद्धतिको विकास गर्न, सबै निकायमा सीसीटीभी प्रणाली व्यवस्थित गर्न र सिंहदरबार परिसरको समग्र सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न छुट्टै अध्ययन गर्नुपर्ने देखिन्छ।

३. अर्थ मन्त्रालयले संसद र संसदीय समितिले माग गरेका कागजात प्रमाणहरू र गरिएका पत्राचारको जबाफ र विवरण उपलब्ध गराउने सिलसिलामा विषयको गाम्भीर्यलाई ध्यान नदिई हलुका ढङ्गले व्यवहार गरेको समितिले छानबिनको क्रममा महसुस गरेकाले अर्थ मन्त्रालयका जिम्मेवार अधिकारीहरूले आफ्नो जिम्मेवारी र जबाफदेही सही रूपमा बहन गर्नुपर्ने हुन्छ।

४. बजेट निर्माणको गोप्य कक्षमा काम गर्ने कर्मचारीहरूले बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी र कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधि अनुसार उक्त कक्षभित्र ल्याण्डलाइन फोन र मोबाइल प्रयोग गर्न नपाउने व्यवस्था भएकोमा सूचना आदान

प्रदानका अन्य माध्यमहरू (सामाजिक सञ्जाल, भाइबर, मेसेन्जर, ह्वाट्सएप आदि) लाई पनि प्रयोग गर्न नपाउने गरी समयानुकूल परिमार्जन गर्नु पर्दछ।

५. बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी र कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधिमा उल्लिखित राजस्वका दरहरू परिवर्तन, खारेजी तथा नयाँ प्रस्ताब गरी आर्थिक विधेयकलाई अन्तिम रूप दिने छलफलमा अर्थमन्त्री, अर्थ राज्यमन्त्री, अर्थ सचिव, सचिव (राजस्व), राजस्व व्यवस्थापन महाशाखा प्रमुख, भन्सार विभाग तथा आन्तरिक राजस्व विभागका महानिर्देशकहरू र राजस्व व्यवस्थापन महाशाखाका भन्सार र आन्तरिक राजस्व हेर्ने उपसचिव बाहेक अन्य कुनै पनि पदाधिकारीलाई संलग्न नगराउने व्यवस्था बमोजिम संलग्न हुन पाउने पदाधिकारीलाई संलग्न गराउन उचित हुन्छ।

६. अर्थ मन्त्रालयमा राजस्व सचिव र अर्थ सचिव गरी दुई सचिव रहने व्यवस्था रहे तापनि आर्थिक विधेयक निर्माण र राजस्व व्यवस्थापनमा समेत राजस्व सचिवको भूमिका प्रष्ट नभएको आशयको अभिव्यक्ति राजस्व सचिवबाटै आएकोले पद अनुरूपको पदाधिकार कायम गरिनु पर्दछ।

७. राजस्वको दर सम्बन्धी प्रस्तावमा राजस्व नीति कार्यान्वयनमा प्रमुख जिम्मेवारी रहने राजस्व सचिव र राजस्व व्यवस्थापन महाशाखा प्रमुखको समेत हस्ताक्षर हुनु पर्दछ।

८. सेनिटरी प्याड, फलाम, विद्युतीय गाडि, पाम र पामोलिन तेल लगायतका वस्तुमा गरिएको राजस्वका दर परिवर्तनले स्वदेशी उद्योगलाई समेत मर्का परेको र समान किसिमको व्यवसाय गर्ने व्यवसायीहरू बीच असमान व्यवहार गरेको भन्ने गुनासो व्यापक रूपमा आएकोले यथार्थ स्थितिको विश्लेषण गरी आवश्यकता अनुरूप दररेटमा पुनरावलोकन गरिनुपर्छ।

९. सीमित व्यक्ति वा समूहलाई फाइदा हुने गरी राजस्वका दरहरूमा हेरफेर हुने गरेको बहस विगत देखि नै हुँदै आएकोमा राजस्व दर निर्धारण र हेरफेर गर्ने कार्यलाई व्यवस्थित कसरी गर्न सकिन्छ भन्ने बारेमा छुट्टै अध्ययनको आवश्यकता महसुस भएको छ, जसले आगामी बजेटहरूका सन्दर्भमा यस्ता बहस कम हुँदै जान सकून्।

१०. राजस्वका दर निर्धारण र हेरफेर अर्थतन्त्रमा दूरगामी र बहुआयामिक प्रभाव पार्ने संवेदनशील विषय भएकाले यस प्रक्रियामा संलग्न हुने आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व व्यवस्थापन महाशाखा, राजस्व सचिव र अर्थ सचिवले गरेका काम कारबाहीहरूको लिखित अभिलेख व्यवस्थित गर्नुपर्ने, निर्णयहरूको अभिलेख राख्नुपर्ने, तल्लो तहबाट प्रस्ताव गरिएका नीति र दरहरूको सिफारिसको अभिलेख सुरक्षित राख्नुपर्ने, करका

दरहरू हेरफेर गर्ने कारण र औचित्य पुष्टि तथा राजस्व परिचालनमा पार्ने अनुमानित असरको प्रक्षेपण गर्ने कागजातहरू गोपनीयता उल्लङ्घन नहुने गरी सुरक्षित राख्नु पर्दछ।

११. राजस्वका दर निर्धारण र हेरफेर गर्दा मुलुकमा लगानीको वातावरण प्रवर्द्धन हुने र समग्र अर्थतन्त्रमा प्रतिकूल प्रभाव नपर्ने गरी साथै नीतिगत निरन्तरतालाई समेत ध्यान दिई तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानद्वारा निर्दिष्ट राज्यको आर्थिक उद्देश्य हासिल गर्ने दिशातर्फ उन्मुख हुने गरी वैज्ञानिक र वस्तुनिष्ठ आधारमा गर्नु पर्दछ।

# परिच्छेद ५

# विविध

## ५.१ फरक मत

माननीय सभापतिज्यू,
संसदीय छानबिन विशेष समिति, २०७९ ।

विषय- फरक मत सम्बन्धमा ।

प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार आर्थिक विधेयक, २०७९ मा करका दरहरु हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदनका कतिपय विश्लेषण, निष्कर्ष र राय सुझाव सहितका सिफारिसमा देहाय बमोजिमको फरक मत रहेको व्यहोरा दर्ज गराउन चाहन्छौं ।

**समितिको कार्यक्षेत्र र अधिकार सम्बन्धमा**

१. लोकतान्त्रिक प्रणालीमा संसद स्वयंमा एक अधिकारसम्पन्न निकाय हो । नेपालको संविधानको धारा ७४ ले हामीले अवलम्बन गरेको शासकीय स्वरुप सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली रहेको स्पष्ट पारेको छ र धारा ७६ ले सरकारको उद्गम संसदवाट हुने व्यवस्था गरेको छ । संविधानको धारा ७६ (१०) मा 'प्रधानमन्त्री र मन्त्री सामूहिक रुपमा सङ्घीय संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा प्रधानमन्त्री र सङ्घीय संसदप्रति उत्तरदायी हुनेछन् ।' भन्ने स्पष्ट व्यवस्था गरिएको छ । तसर्थ संसदले सरकारका काम कार्बाहीहरुका बारेमा जानकारी राख्न, सोधपुछ गर्न र कतिपय विवादमा छानबिन गर्न पाउने कुरामा कुनै द्विविधा रहन सक्दैन । 'मिनी संसद' भनिने संसदीय समितिहरु र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७७ बमोजिम गठन हुने विशेष समितिहरुले आफूलाई दिइएको कार्यक्षेत्रभित्र रहेर सरकारका काम कार्बाहीहरुका बारेमा समग्र अध्ययन, विश्लेषण र छानबिन गर्ने संवैधानिक, कानुनी र वैधानिक अधिकार राख्दछन् भन्ने कुरामा कुनै सन्देह राख्न मिल्दैन । विगतमा विभिन्न सन्दर्भमा गठन भएका संसदीय छानबीन समितिहरुले गरेका काम कार्बाही सम्बन्धी अनुभव, अभ्यास र दृष्टान्तहरु हेर्दा यस विषयमा स्पष्ट हुन सकिन्छ ।

२. तर यस समितिमा प्रारम्भदेखि नै समितिको अधिकार क्षेत्र र कार्यविधिलाई लिएर प्रश्नहरु उठिरहे । लामो छलफल पश्चात् हामीले कार्यविधिमा छानबिन सम्बन्धी प्रक्रिया तय गर्‍यौं र समितिको कार्यक्षेत्र अन्तरगतको छलफलका ढाँचा पनि निर्धारण गर्‍यौं । (कार्यविधिको दफा ११ र १२) । कार्यविधिमा स्पष्ट रुपमा 'आवश्यक देखिएमा छानबिनको दायरामा परेका सम्बन्धित व्यक्तिको टेलिफोन संवाद (कल डिटेल) को विवरण माग गर्ने', 'छानबिनलाई आवश्यक पर्ने अन्य कागजातहरु अध्ययन गर्ने' र 'समितिले आवश्यक ठानेमा अन्य सरोकारवाला पक्ष र विषय विज्ञसँग छलफल गर्ने' उल्लेख गरिएको छ । तर सार्वजनिक सञ्चार माध्यममा उल्लेख भए बमोजिम अनधिकृत व्यक्ति भनिएका व्यक्तिको कल डिटेल माग गर्ने सम्बन्धमा समितिमा रहनु भएका सत्तापक्षका कतिपय माननीयहरुले असहमति जनाइरहनु भयो । प्रचलित विधि बमोजिम कल डिटेल माग गर्ने, करका दरहरु हेरफेर गरिएको भनिएको २०७९ जेठ १४ गते राति निज (हरु) को लोकेशन पत्ता लगाउने र उनीहरुसँग सोधपुछ गर्नु पर्ने हाम्रो लगातारको आग्रहलाई सुरुमा समितिको हैसियत (यो 'न्यायिक समिति' हो कि नीतिगत प्रश्नमा मात्रै छलफल गर्ने अधिकार राख्ने समिति हो लगायत) बारेमा अन्त्यहीन बहस गरेर र अन्तिममा अब यसका लागि समय छैन भन्ने तर्कका साथ अस्वीकार गरियो । यसरी समितिको

१

अधिकार क्षेत्रलाई सङ्कुचित गराइँदा र यसलाई नजिरका रुपमा प्रयोग गर्ने स्थिति सिर्जना हुँदा भविष्यमा बन्ने कुनै पनि संसदीय छानबिन समिति निष्प्रभावी र कर्मकाण्डी बन्न सक्ने जोखिम पैदा हुन्छ । तसर्थ संसदीय छानबिन समितिको अधिकार क्षेत्र र त्यसले आफूलाई दिइएको दायित्व पूरा गर्न अवलम्बन गर्नु पर्ने स्थापित विधिहरुको प्रयोगमा कुनै पनि तर्कका आधारमा गरिने सङ्कुचन र सीमाबन्देज उचित नहुने राय दर्ज गर्दछौं ।

## तथ्य विश्लेषण सम्बन्धमा

**अर्थ मन्त्रालयका राजनीतिक र प्रशासनिक नेतृत्वको भूमिका :-**

३. करका दरहरु हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्तिको प्रवेश सम्बन्धी प्रस्तुत विषय आफैमा निकै गंभीर, संवेदनशील र राष्ट्रिय हितका प्रश्नसँग जोडिएको विषय हो । यसले हाम्रो बजेट निर्माण र विशेष गरेर कर निर्धारण प्रक्रियाको विश्वसनीयता, गोपनीयता, स्वच्छता र निष्पक्षतामाथि समेत गंभीर प्रश्न खडा गरेको छ । हाम्रो लोकतान्त्रिक प्रणालीमाथि नै निराशा उत्पन्न गराउन सक्ने यति गंभीर विषय सार्वजनिक सञ्चार माध्यम र सार्वभौम सदनमा समेत उठिसकेपछि यसलाई स्पष्ट पार्नु अर्थ मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वको दायित्व थियो । तर अर्थ मन्त्रालय यसमा गंभीर र जवाफदेही भएको देखिएन । उठाइएका प्रश्नहरु गलत थिए भने त्यसलाई खण्डन गर्न र सत्यतथ्य स्पष्ट पार्न बलियो माध्यम हुन सक्थ्यो अर्थ मन्त्रालयमा जडित क्लोज सर्किट क्यामरा र त्यसका दृष्यहरु (सिसिटिभी सिस्टम), जसलाई सुरक्षित गरेर आवश्यकता अनुसार सार्वजनिक गर्दा सबै कुरा स्पष्ट हुन सक्थ्यो । तर अर्थ मन्त्रालयले यस सम्बन्धमा कुनै जिम्मेवारी बहन गरेको देखिएन ।

४. अर्थ मन्त्रालयले छानबिनको कार्यमा सुरुदेखि नै आवश्यक सहयोग गरेन । सिसिटिभी फुटेजका हकमा समितिलाई अलमलमा पारेको मन्त्रालयले हालसम्म पनि करका दर परिवर्तन गर्ने सम्बन्धी आन्तरिक राजस्व विभाग, भन्सार विभाग र अर्थ मन्त्रालयले गरेका औचित्य पुष्टि सहितको निर्णय, माइन्युट र बजेट निर्माण प्रक्रियामा सङ्लग्न कर्मचारीहरुको भूमिका सहितको विवरण (नामनामेसी) उपलब्ध गराएको छैन । यसले छानबिन कार्य गंभीर रुपमा प्रभावित भएको छ ।

**सिसिटिभी फुटेज सम्बन्धमा :-**

५. अर्थ मन्त्रालयले उपभोक्ता हित संरक्षण मञ्चलाई मिति २०७९/०३/१९ मा पठाएको 'सूचना उपलब्ध गराइएको सम्बन्धमा' भन्ने पत्र र मन्त्रालयले यस समितिलाई उपलब्ध गराएको सिसिटिभीको एनभिआर र त्यसमा जडित हार्ड डिक्सको क्षमतालाई मात्रै आधार मान्ने हो भने पनि सार्वजनिक सञ्चार माध्यममा यस सम्बन्धी समाचार प्रकाशित भएको मितिसम्म बजेट निर्माणको जम्मा १४/१५ दिन मात्रै व्यतीत भएको थियो र मन्त्रालयले चाहेको भए त्यसलाई कपी गरेर सुरक्षित गर्न सक्थ्यो । तर यस सम्बन्धमा कुनै कार्बाही चालेको देखिएन ।

६. यस सम्बन्धी समाचार सार्वजनिक सञ्चार माध्यममा प्रकाशित भएको भोलिपल्ट प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले प्रतिनिधिसभाको बैठकमा यस सम्बन्धी विषयलाई अत्यन्त गंभीरतापूर्वक उठाउँदै फुटेज सार्वजनिक गर्नु पर्ने र संसदीय छानबीन समिति गठन गर्नु पर्ने माग अगाडि सारेर अर्थमन्त्रीको राजिनामा मागेको थियो । प्रतिपक्षको विरोधपछि प्रतिनिधिसभाको कार्बाही अगाडि बढ्न सकेन । बैठकलाई नियमित सञ्चालन गर्न आवश्यक परामर्शका लागि नेकपा (एमाले) संसदीय दलका नेताको कार्यकक्षमा आएका कानुन, न्याय तथा संसदीय मामला मन्त्रीसमक्ष दलका तर्फबाट प्रधानमन्त्री, सभामुख र प्रतिपक्षी दलका प्रतिनिधि राखेर सिसिटिभी फुटेज हेर्ने र तत्पश्चात् आवश्यक प्रक्रिया

अगाडि बढाउने प्रस्ताव राखिएको थियो । त्यहाँ सकारात्मक प्रतिक्रिया दिएका र प्रधानमन्त्री लगायत सम्बद्ध पक्षसँग परामर्श गरेर औपचारिक जानकारी गराउने जवाफ दिएका मन्त्रीज्यूबाट यस सम्बन्धमा कुनै कार्बाही अगाडि बढाइएन । यी सबै तथ्यले सरकार स्वयं प्रमाण नष्ट गर्न लागेको आशङ्कालाई बल पुऱ्याउने काम भयो ।

७. प्रमुख प्रतिपक्षले सिसिटिभी फुटेज मागेको छ नि, किन दिनुहुन्न ? भनी राखेको जिज्ञाशामा तत्कालीन अर्थमन्त्रीले सार्वजनिक सञ्चारमाध्यममा 'को हो एमाले र मैले फुटेज दिनु पर्ने ?' भनेर चुनौती दिनु भयो । तर असार २२ गते प्रतिनिधिसभामा मन्तव्य दिँदा र यस समितिमा उपस्थित भएर जवाफ दिँदा भने सिसिटिभी कति क्षमताको जडान भएको छ, मलाई थाहा थिएन भन्नुभयो । यो जवाफ आफैमा विरोधाभाषपूर्ण छ । सोझै बुझ्न सकिन्छ, प्रमुख प्रतिपक्षलाई सार्वजनिक चुनौती दिएको दिनसम्म सिसिटिभीमा त्यस दिनका दृष्यहरु सुरक्षित थिए । अन्यथा 'किन दिने?' भन्ने चुनौती दिने प्रश्न नै उठ्दैनथ्यो । फुटेजहरु नष्ट गरिए या भएपश्चात् मात्रै उहाँले यस सम्बन्धी आफूलाई जानकारी नभएको जवाफ दिएको देखिन्छ । जुन स्वयंमा सन्देहास्पद छ ।

८. मिति २०७९/३/२९ को बैठकबाट समितिले अर्थ मन्त्रालयलाई स्पष्ट रुपमा 'मिति २०७९ जेठ १४ गते दिनको १२.०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२.०० सम्मको गतिविधि समावेश भएको मन्त्रालयको मूल ढोका र अन्य स्थानमा जडान गरिएको सिसिटिभी फुटेज' २०७९ असार ३० गते दिनको २.०० बजेसम्म उपलब्ध गराइदिन पत्राचार गरिएको थियो । तर अर्थ मन्त्रालयले २०७९ असार ३१ गतेमात्रै 'यस मन्त्रालयमा जडान भएको CCTV प्रणालीमा सङ्ग्रहित CCTV फुटेजको कपी राखिएको Hard Drive १ थान' पठाएको जानकारी गरायो । साथै समितिबाट माग भएको खण्डमा CCTV सिस्टम नै उपलब्ध गराउने जानकारी पठायो । उक्त हार्ड ड्राइभमा समितिले मागेभन्दा पृथक जुलाई १ देखि जुलाई १४ सम्म (तदनुसार २०७९ असार १७ देखि ३० सम्म) को फुटेज मात्रै सङ्ग्रहित थिए । यसरी अर्थ मन्त्रालयले सीमित समयावधि राखेर बनेको समितिको काममा सघाउनुको साटो समितिलाई भ्रमित पार्ने, अलमल्याउने र समय घर्काउने काम गऱ्यो । आफ्नो प्रणालीमा १३ दिनसम्मका मात्रै फुटेज सुरक्षित रहन सक्ने भनेर उपभोक्ता हित संरक्षण समितिलाई जवाफ दिन सक्ने मन्त्रालयले यसै सम्बन्धमा छानवीन गर्न गठित समितिलाई यथार्थ तथ्य उल्लेख नगरेर छानबिनको प्रक्रियालाई जटिल बन्ने स्थितिमा पुऱ्यायो ।

आफूले उपलब्ध गराएको हार्ड ड्राइभमा जेठ १४ र १५ को अभिलेख सुरक्षित छैन भन्ने जान्दाजान्दै पनि प्रधानमन्त्रीबाट तोक लगाएर उपलब्ध गराउनु आफैमा गंभीर विषय हो ।

अनधिकृत व्यक्तिको प्रवेश सम्बन्धी समाचार सार्वजनिक भएको भोलिपल्ट नेपाल प्रहरीले मन्त्रालयमा आएर सिसिटिभी सम्बन्धी सोधपुछ गरेका थिए भनेर अर्थ मन्त्रालयका प्राविधिक शाखा प्रमुखले दिएको जानकारीको पनि गहन विश्लेषण गर्नु आवश्यक छ ।

यस सन्दर्भमा अर्थ मन्त्रालयले 'सिसिटिभी जडान तथा सञ्चालन कार्यविधि, २०७२' (संशोधन र परिमार्जन मिति २०७५/१०/२४ सहित) को परिपालना नगरेको, त्यसको दफा ३ (५) को स्पष्ट उल्लङ्घन गरेको देखिन्छ । यसबाट विद्युतीय कारोबार ऐन २०६३ को दफा (६) पनि स्पष्ट उल्लङ्घन भएको छ ।

९. मन्त्रालय लगायत सार्वजनिक स्थलहरुमा सिसिटिभी जडान गर्नु भनेको सम्बन्धित स्थलको सुरक्षाका लागि हो, गहना जस्तो प्रदर्शनीका लागि होइन । यसमा कार्यविधिले व्यवस्था गरे बमोजिम ३ महिनासम्मका अभिलेख सुरक्षित नराख्नु भनेको गंभीर लापर्बाही मात्र होइन, कानुनको उल्लङ्घन पनि हो । मलाई कार्यविधि सम्बन्धमा कुनै जानकारी थिएन भन्ने तत्कालीन अर्थमन्त्रीको अभिव्यक्ति र अर्थ

मन्त्रालयमा मात्रै होइन अरु मन्त्रालयमा पनि ३ महिनाको अभिलेख सुरक्षित छैनन् भन्ने आशयको अर्थ सचिवको जवाफ चरम गैरजिम्मेवारपन हो ।

यति गंभीर लापर्बाहीको जवाफदेही के कसैले लिनु पर्दैन ?

१०. सिसिटिभी जडान सम्बन्धी मन्त्रालयका सम्बद्ध अधिकारीको भनाइ र पछि प्राप्त सार्वजनिक खरिदका कागजातहरु आपसमा बाझिएका छन् । सम्बद्ध अधिकारीहरुले मन्त्रालयमा २०७० सालमा सिसिटिभी जडान भएको र पछि त्यसमा क्यामरा मरम्मत र थप गर्ने बाहेक सिस्टममा कुनै परिवर्तन नगरेको बताए पनि सार्वजनिक खरिद कार्य सम्बन्धी कागजातहरु अध्ययन गर्दा २०७६ र २०७८ सालमा मन्त्रालयमा नयाँ प्रणाली र डिभाइस जडान भएका देखिन्छन् । अर्थ मन्त्रालयले किन यथार्थलाई लुकाउन खोजिरहेको हो ?

११. अनधिकृत व्यक्तिको प्रवेश सम्बन्धमा यथार्थ पत्ता लगाउन सबैभन्दा बलियो आधारका रुपमा रहेको सिसिटिभी फुटेजलाई रिकभर गर्न नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाउन सम्पर्क गर्दा प्रयोगशालाका तर्फबाट यस प्रक्रियाका लागि सामान्य अवस्थामा १५ दिन र रातदिन गरेर काम गरे १० दिन लाग्ने जानकारी गराइएको थियो । तर समितिको समयावधि थप गर्ने सम्बन्धमा सम्माननीय सभामुखसँग समितिको तर्फबाट प्रस्ताव राख्ने क्रममा उहाँले गृहमन्त्रीसँग आग्रह गरेर प्रक्रिया छोट्याइएको जानकारी गराउनु भयो । यसरी प्रक्रिया छोट्याउन भनिनु हुन्थ्यो कि हुँदैनथ्यो र यसले फरेन्सिक जाँचको समग्र प्रक्रियामा कुनै प्रभाव पर्‍यो कि परेन भन्ने थाहा हुन सकेन ।

१२. फरेन्सिक प्रक्रियाबाट समितिलाई आवश्यक पर्ने जेठ १४ गते रातिको समग्र दृष्य समेटिएको फुटेज रिकभर/रिट्राइभ हुन नसकेको व्यहोरा जानकारी गराइयो । रिकभर भएका शून्य सेकेन्डका छोटा फ्रेम सहितका क्लिपबाट कुनै निष्कर्षमा पुग्न सकिँदैन ।

(फरेन्सिकबाट आउनु भएको विज्ञहरुका अनुसार रिकभर भएका अन्य मितिका कतिपय फुटेज भने पूर्ण रुपका र हेर्न सकिने खालका छन् ।)

१३. यसरी अर्थ मन्त्रालयले कार्यविधि अनुसारको अभिलेख सुरक्षित राख्ने नियम पालना नगर्दा र सार्वजनिक रुपमा यति गंभीर प्रश्न उठेपछि जेठ १४ गते रातिको फुटेज सुरक्षित राख्ने संभावना हुँदाहुँदै पनि त्यसलाई वेवास्ता गर्दा यस सम्बन्धी आवश्यक प्रमाण सङ्कलनमा वाधा सिर्जना भयो ।

<u>कल डिटेल र मोबाइल लोकेसन सम्बन्धमा :-</u>

१४. सिसिटिभी रिकभर हुन नसकेपछि यथार्थ पत्ता लगाउने बलियो साधनका रुपमा कल डिटेल र मोबाइल लोकेसनलाई उपयोग गरिनु पर्थ्यो । हाम्रो तर्फबाट बारम्बार तत्कालीन अर्थमन्त्री र अनधिकृत व्यक्ति भनिएका रघुनाथ घिमिरको कल डिटेल र मोबाइल लोकेसन खोजी गर्न आग्रह गर्‍यौं । तर कार्यविधिमा उल्लेख गरिएको यस विषयमा समेत सत्तापक्षका कतिपय सदस्यहरु सहमत हुनुभएन । यो कुनै व्यक्तिको गोपनीयताको हनन गर्ने विषय थिएन, यो त सरकारलाई संसदप्रति र संसदमार्फत् जनताप्रति उत्तरदायी बनाउने विषय थियो । सार्वजनिक पदमा बसेका व्यक्तिको हकको विषय निरपेक्ष होइन, सापेक्ष हुन्छ । यसका लागि प्रचलित अभ्यास र विधि अनुसार निजहरुको सहमति लिएर नै कल डिटेल अगाडि सारिएको थियो । तर यो विधि अवलम्बन गर्न समितिकै कतिपय सदस्यहरु वाधक हुँदा प्रस्तुत विवादमा यकिन तथ्यमा पुग्ने बाटो नै बन्द भयो । समितिले आफूलाई तोकिएको दायित्व पूरा गर्न कल डिटेलको विवरण खोजी लगायतका विधि अवलम्बन गर्न पाउनु पर्थ्यो । यसो हुन नदिनु समितिलाई तथ्यको खोजीमार्फत् सत्यको गहिराइमा पुग्न गरिएको अवरोधका अर्थमा लिनु पर्छ भन्ने मत व्यक्त गर्न चाहन्छौं ।

४

१५. समितिमा विभिन्न सदस्यहरुले कतिपय कर्मचारीहरुको भनाइको सत्यता जाँच्न नियमानुसार पोलिग्राफ परीक्षण समेत गर्न पाउनु पर्ने माग गर्नुभएको थियो । तर यस आग्रहलाई वेवास्ता गरियो ।

<u>अनधिकृत व्यक्तिको सङ्लग्नता सम्बन्धी समाचारहरुको विश्लेषण :-</u>

१६. 'अनधिकृत व्यक्ति' भनेर भनिएका रघुनाथ घिमिरेको सङ्लग्नता प्रतिस्थापन विधेयक निर्माणदेखि नै थियो भन्ने सम्बन्धमा एक पछि अर्को समाचार सार्वजनिक सञ्चार माध्यमहरुमा आइरहेका छन् । समितिलाई दिइएको कार्यादेशमा आर्थिक विधेयक २०७९ मा करका दरहरु हेरफेरको विषय उल्लेख भएको भए पनि प्रतिस्थापन विधेयक देखि नै निजको सङ्लग्नता अध्ययन गर्न सकेको भए छानबिनको कामलाई भरपर्दो सहयोग पुऱ्याउने थियो । तर त्यस विषयमा प्रवेश गर्ने स्थिति बनेन । समितिमा थप प्रमाण सङ्कलनतर्फ अगाडि बढ्ने वातावरण नै निर्माण भएन ।

१७. त्यसरी नै, यस विषयको उठान गर्ने सञ्चारकर्मीहरुले आफूहरुलाई समाचारको विश्वसनीयतामा कुनै शङ्का नरहेको, त्यस सम्बन्धी प्रमाण आफूहरुसँग सुरक्षित रहेको तर समाचारको स्रोत संरक्षण गर्नु आफूहरुको दायित्व रहेको भनेर दिएको अभिव्यक्तिलाई पनि यहाँनिर स्मरण गर्नु वाञ्छनीय हुन्छ ।

<u>परिस्थितिजन्य प्रमाण र करका दरको हेरफेरले पारेको प्रभावको विश्लेषण :-</u>

१८. छानबिनका क्रममा प्रत्यक्ष प्रमाण भेटिन नसके परिस्थितिजन्य प्रमाण र यसबाट सिर्जित प्रभावलाई पनि आधार बनाउने गरिन्छ । बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिको प्रवेश सम्बन्धी समाचार सार्वजनिक भए पछि त्यसलाई स्पष्ट पार्न सिसिटिभी फुटेज सुरक्षित गर्न नचाहनु, यस सम्बन्धमा तत्कालीन मन्त्रीका अभिव्यक्तिहरु आफैमा बाझिनु, प्रधानमन्त्री, सभामुख र प्रतिपक्षका प्रतिनिधिको रोहबरमा सिसिटिभी फुटेज हेर्ने प्रस्तावलाई अस्वीकार गरिनु, सिसिटिभीमा प्रमाण अब बाँकी छैनन् भन्ने यकिन भए पछि मात्र छानबिनका लागि तयार हुनु र अर्थ मन्त्रालयले मागिएको दिनको फुटेज छैन भन्ने जान्दाजान्दै पनि स्पष्ट कुरा नखुलाएर समितिको छानबिन प्रक्रियालाई जटिल र अलमलमा राखेको स्थितिलाई परिस्थितिजन्य प्रमाणका रुपमा लिएर यस सम्बन्धमा थप छानबिन गरिनु पर्छ । यस सन्दर्भमा अर्थमन्त्रीले आफ्नो नेतृत्वसमक्ष 'आफूलाई सबै विषय थाहा नभएकाले विज्ञको सहयोग लिएको' भनेको भन्ने सार्वजनिक सञ्चारमाध्यममा प्रकाशित समाचारलाई पनि सन्दर्भका रुपमा हेर्नु पर्ने देखिन्छ ।

१९. प्रतिस्थापन विधेयक, २०७८ निर्माणकै क्रममा स्पन्ज आइरन प्रयोग गर्ने उद्योगहरुलाई विभिन्न सहुलियत दिएर बिलेटबाट डण्डी निर्माण गर्ने उद्योगमाथि मार पारिएको विषय सञ्चारमाध्यममा पटक-पटक सार्वजनिक भएको थियो । यस सम्बन्धमा ती उद्योगहरुलाई प्रतिनिधित्व गर्ने नेपाल स्टिल रोलिङ मिल्स एसोसियसनले अर्थ मन्त्रालय, उद्योग मन्त्रालय र सरकारका अन्य निकायमा पटक-पटक गुनासो र मागपत्र प्रस्तुत गरेको हामीलाई प्राप्त लिखतहरुबाट देखिन्छ । त्यस संस्थाको दाबी अनुसार करका हेरफेरले प्रत्यक्ष रोजगारी पाइरहेका करिब १२ हजारको रोजगारी, १५० मेगावाट विद्युत खपत, करिब ७० अर्ब राजस्व र १०० अर्ब बराबरको लगानीमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । आ. व. २०७९/८० को बजेटमा ती गुनासोलाई संबोधन गर्नुको साटो झनै प्रतिकूल अवस्था सिर्जना गरेको देखिन्छ । त्यसको असर स्वरुप मोरङ- सुनसरी औद्योगिक करिडोरका कतिपय उद्योगहरु बन्द भएका, बाँकी उद्योगहरु बन्द हुने अवस्थामा रहेका र यसले १२ सयभन्दा बढी श्रमिकहरुले रोजगारी गुमाएका समाचार समेत सार्वजनिक भएका छन् । (बजेटले 'विभेदमा पारिएका' पाँच ठूला फलामे उद्योग बन्द, १२ सय बेरोजगार, युनियनकर्मी असन्तुष्ट' बिजमाण्डु, ३१ असार २०७९) त्यसै गरी हिमालखबरले

विशेष स्तम्भमा 'नीतिगत भ्रष्टाचारको रजगज' शीर्षकमा २२ असार २०७९ मा करका दरले पारेको प्रभावको तुलनात्मक अध्ययन सहित विशेष सामग्री प्रकाशन गरेको देखिन्छ। अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक र कान्तिपुर राष्ट्रिय दैनिक लगायत विभिन्न पत्रिका र अनलाइनहरुमा यस सम्बन्धी महत्वपूर्ण समाचार र विश्लेषणहरु प्रकाशित भएका छन्। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूले हालै विराटनगरमा करका दरमा भएका जथाभावी परिवर्तनले ठूलो समस्या सिर्जना भएको भनेर बोलेको कुरा पनि सञ्चारमाध्यममा आएको छ। संविधानको मर्म र प्रचलित कानुनको व्यवस्था अनुसार सरकारले सबै व्यवसायहरुलाई स्वस्थ प्रतिष्पर्धात्मक वातावरण अर्थात् Level Playing Field उपलब्ध गराउनु पर्छ। यदि नयाँ उत्पादन प्रविधिमा जाने हो भने सम्बन्धित उद्योगहरुलाई निश्चित समयावधि र सुविधा उपलब्ध गराउनु पर्छ। तर बिलेटमाथि आधारित फलाम उद्योगहरुलाई त्यस्तो सुविधा उपलब्ध गराएको देखिएन।

२०. यस विषयलाई गंभीरतापूर्वक लिँदै प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले २०७९/०३/०६ मा सम्पन्न १४७ औं बैठकबाट 'भन्सार महसुल एवं अन्तः शुल्कमा गरिएको विभेदकारी व्यवस्थाका कारण केही उद्योगहरु मात्र संरक्षण हुन गई अन्य उद्योगहरु धराशायी भई सञ्चालन हुन नसक्ने अवस्थामा पुग्दा ठूलो राजश्व तथा रोजगारी गुम्न गएको' निष्कर्ष निकालेको छ। सम्मानित संसदकै एक समितिले निकालेको निष्कर्ष अनुसार यस आर्थिक वर्षको भन्सार महसुल एवं अन्तः शुल्कमा गरिएका कतिपय व्यवस्था विभेदकारी रहेकोमा कुनै शङ्का रहेन।

२१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्यानिटरी प्याड र बेबी डाइपरको स्वदेशमै पर्याप्त उत्पादन क्षमता भएकाले व्यापार घाटा घटाउन र आयात प्रतिस्थापन गर्न ती वस्तुहरुको पैठारी भन्सार महसुल बढाउन सुझाव दिएको थियो र ती वस्तुका लागि हार्मोनिक कोड समेत प्रस्ताव गरेको थियो। तर त्यसका ठिक विपरीत विदेशमा उत्पादित स्यानिटरी प्याडको पैठारी महसुल घटाइयो। यो राजस्व परामर्श समिति लगायत निकायबाट प्राप्त सुझाव विपरीतको र स्वदेशी उद्योगहरुमाथि प्रतिकूल प्रभाव पार्ने निर्णय हो। यति नै बेला, सरकारका नेतृत्व गर्ने व्यक्तिका परिवारकै सदस्यको सङ्लग्नतामा यस सम्बन्धी कारोबार गर्ने कम्पनी अगाडि बढ्नुलाई केवल संयोग मात्रै भन्न सकिने स्थिति रहेन। यो सरकारको संरक्षणमा भएको स्वार्थप्रेरित नीतिगत विचलन हो भन्ने सहजै निष्कर्ष निकाल्न सकिन्छ।

२२. विद्युतीय सवारी साधनको थ्रेस होल्ड निर्धारण गर्दा पनि निश्चित व्यवसायिक समूहको हितमा गरिएको देखिन्छ। पाम र पामोलिन तेलको भन्सार महसुल छुट, स्वदेशमा एसेम्बल गर्ने मोटर साइकल उद्योग लगायतमा गरिएको करका दर हेरफेरमा पनि कुनै वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी व्यवस्था गरिएको छैन। यी व्यवस्थाहरु निश्चित घरानालाई लाभ पुर्‍याउने उद्देश्यले प्रेरित छन्।

२३. अर्थतन्त्र अत्यन्त जोखिमपूर्ण अवस्थामा पुगेको, वाह्य असन्तुलन भयावह भएको, उपभोग्य तथा निर्माण सामाग्रीको मूल्यमा अचाक्ली वृद्धि भएको, बैङ्किङ क्षेत्रमा लगानीयोग्य रकमको शुन्यता रहेको, विदेशी मुद्रा सञ्चिती निरन्रत घटिरहेको, ब्याजदर दिन दिनै बढिरहेको, शेयर मूल्य निरन्तर घटिरहेको र व्यावसायिक वातावरण गिर्दो अवस्था बीचमा सरकारको आ. व.२०७९।८० को बजेट तर्जुमा भएको थियो। निजी क्षेत्रमा व्याप्त निराशालाई सम्बोधन गर्दै यो बजेटले सङ्कटोन्मुख अर्थतन्त्रलाई उकास्ने र व्यवसायिक वातावरणलाई सहज वनाउने अपेक्षा थियो। तर बजेट निर्माणमा भएका अनियमितताले गर्दा लगानीकर्ता, व्यवसायी, तथा आम नागरिकमा बजेटमाथिको विश्वास टुटेको छ। बजेट निर्माणका क्रममा भन्सार तथा करका दरहरुमा गरिएको परिवर्तन विधिवत् ढङ्गले नभएर कुनै खास व्यवसायीको मात्र स्वार्थसिद्धि हुनेगरी अनधिकृत व्यक्तिको उपस्थिति र निर्देशनमा भएको विवरण

विभिन्न माध्यमवाट सार्वजनिक रुपमा प्रकट हुँदै आएको हो । बजेट तर्जुमाका चरणमा अनियमितता भएको पुष्टि गर्ने निम्न आधारहरु छन् :

बजेट तर्जुमाका चरणमा अनियमितता भएको पुष्टि गर्ने आधारहरु

क. सामान्यतया कर तथा भन्सारका दरहरु परिवर्तनका सुझाव तथा प्रस्तावहरु चार पाँच वटा माध्यमवाट आउँछन् (क) व्यवसायीहरुका संस्था, सङ्गठन वा निजी क्षेत्रमा छाता सङ्गठन मार्फत्, (ख) सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका विभिन्न निकाय तथा विभागहरु मार्फत्, (ग) अर्थमन्त्रालय मातहतकै विभाग तथा कार्यालयहरु मार्फत् र (घ) सरकारले बजेट सुझावका लागि गठन गरेका राजस्व परामर्श समिति तथा आर्थिक नीति सुझाव समिति र नेपाल राष्ट्र बैङ्कको पूर्व बजेट समीक्षा प्रतिवेदन मार्फत् र (ङ) संसदमा हुने बजेटका सिद्धान्त र कार्यक्रममा प्राथमिकतामाथि हुने छलफल (प्रि-बजेट छलफल) मा सांसदहरुले उठाउनु भएका विषयहरु मार्फत् । तर बजेट मार्फत परिवर्तन गरिएका कर तथा भन्सारका दरहरु कुनैपनि संस्थागत सुझावका आधारमा भएको पाइएन ।

ख. भन्सार तथा करका दरहरु परिवर्तन गर्दा कसको प्रस्ताव, माग तथा सुझाव हो, किन प्रस्ताव गरिएको हो, त्यस अनुसारको परिवर्तन गर्दा समग्र व्यवसायिक वातावरणमा, औद्योगिक संरक्षणमा, प्रतिस्पर्धाको अवस्थामा, राजस्व सङ्कलनमा तथा उपभोक्ता बजार मूल्यमा कस्तो असर पर्छ भनी सम्बन्धित विभागका उपसचिवदेखि माथिल्ला पदाधिकारीको उपस्थितिमा छलफल तथा विश्लेषण गरी निर्णयमा पुग्ने स्थापित विधि हो । तर विवादित भएका आइरन तथा स्टिल वा फलामे छड, सेनेटरी प्याड, घ्यू तेल, टायल, जुत्ता लगायतका वस्तुको भन्सार तथा अन्तः शुल्क परिवर्तन, निर्यातमा अनुदान तथा कतिपय कर छुटका सन्दर्भमा यो विधिको पूर्ण उल्लङ्घन भएको देखिन्छ । यी विवादित भएका कर तथा भन्सारका दर रेटमा अर्थ मन्त्रालयको संयन्त्रभित्र कुनै पनि तहमा र समयमा छलफल नभएको तथ्य सोसँग सम्वन्धित पदाधिकारीले छानबिन समितिमा अनभिज्ञता प्रकट गरेबाट पुष्टि हुन्छ ।

ग. भन्सारका दरहरु परिवर्तन गर्दा भन्सार विभागकै औपचारिक प्रस्तावका आधारमा छलफल भई निर्णयमा पुग्नु पर्नेमा कुनै खास व्यक्तिले तयार पारेको खेस्रा अनुसार गर्नु परेकोले राजस्व महाशाखा र राजस्व हेर्ने सचिवले भन्सार परिवर्तनको निर्णयमा हस्ताक्षर नगरेको स्वतः सिद्ध हुन्छ । त्यो खेस्रा भन्सार विभागमा रहेको थाहा भएपनि डर, त्रास र प्रलोभनमा कर्मचारीतन्त्रले यो छानबिन समितिलाई त्यो विवरण देखाउने र छानबिनमा सहयोग गर्ने काम हुन सकेन । खासगरी २०७८ को भन्सार दरबन्दीको पुस्तिकामा तत्कालीन दररेटहरु केरमेट गरी २०७९ को भन्सार दररेटहरुमा यो यो परिवर्तन हुनुपर्ने भनी अमुक व्यक्तिले हस्तलिखित रुपमा दिएको भनिएको पुस्तिका पनि छानबिन समितिले पाउन सकेन । अर्थमन्त्रालयका जिम्मेवार कर्मचारीबाट यसमा असहयोग भयो ।

घ. अन्तः शुल्क, मूल्य अभिवृद्धि कर तथा आयकरका दरहरु परिवर्तन पनि आन्तरिक राजस्व विभागकै औपचारिक प्रस्तावका आधारमा छलफल भई निर्णयमा पुग्नुपर्नेमा कुनै खास व्यक्तिले तयार पारेको खेस्रा अनुसार खास व्यवसायलाई लाभ पुग्नेगरी दरहरु परिवर्तन गरिएको कारण नै राजस्व महाशाखा र राजस्व हेर्ने सचिवले कर परिवर्तनको निर्णयमा हस्ताक्षर नगरेको पुष्टि छानबिन समितिमा बयानका क्रममा उनीहरुको संत्रास, हाउभाउ र कतिपय अभिव्यक्तिवाट थाहा हुन्छ ।

ङ. अर्थमन्त्रालय मातहत दुईजना सचिव हुँदा दुई जनाको कार्यविभाजनमा राजस्व सचिव मातहत नै राजस्व परामर्श, भन्सार तथा आन्तरिक राजस्व विभाग मार्फत राजस्व प्रस्ताव तथा सुझावहरु आउने हो भने बजेटका अङ्क तथा विनियोजनको प्रस्ताव अर्थ सचिव मार्फत आउने हो । ती प्रस्तावहरुमाथिको छलफल तथा निर्णयमा सम्वन्धित महाशाखाका पदाधिकारीको हस्ताक्षर अनिवार्य

७

हुनुपर्ने हो । तर बजेटमा प्रस्ताव गरिएका कर तथा भन्सारका दरबन्दीमा छलफल हुँदा राजस्व महाशाखाकै प्रमुखलाई उपस्थित नगराउनु, राजस्व सचिवले हस्ताक्षर गर्न नमान्नु र अर्थसचिवले भने हस्ताक्षर गर्नुले अर्थमन्त्रालयको सम्पूर्ण संयन्त्र एकजनाले हातमा लिएर अमुक व्यक्तिको प्रस्ताव र मन्त्रीको दवावमा त्यो गरिएको स्वतः प्रमाणित हुन्छ । छानबिन समितिमा वयानका क्रममा अर्थ सचिवको कतिपय अभिव्यक्ति तथा राजस्व सचिवको निरिहता प्रकटबाट पनि यो सहजै थाहा हुन्छ ।

च. राजस्वका दरहरु परिवर्तनको छलफल सामान्यतया बजेट वक्तव्यको दुई तीन दिन अघिवाट सुरु हुने र ती छलफलका खेस्रा सम्वन्धित विभाग तथा महाशाखाले सुरक्षित राखेको हुन्छ भने सुरुदेखि अन्तिम निर्णयको माइन्यूट पनि राखेको हुनुपर्छ । मन्त्रालयमा भएका कुनै पनि छलफलमा जेठ १४ गते राती मन्त्रीको ठाडो निर्देशनमा परिवर्तन गरिएका कर तथा भन्सारका दरवन्दीहरुबारे मन्त्रालयभित्र अर्थसचिव बाहेक अरु कसैलाई पनि थाहा नहुने, कुनै टिप्पणी, सिफारिस तथा छलफलको माइन्यूट पनि नहुने, सम्वन्धित विभागहरु अनभिज्ञ हुने र छलफलका माइन्यूट तथा अन्य विवरण पनि छानबिन समितिलाई अर्थ मन्त्रालयवाट प्राप्त नहुने अवस्थाले राजस्वका दर परिवर्तनमा अनधिकृत व्यक्तिको आपत्तिजनक प्रवेश र उसकै खटनपटनमा अनियमितता भएको पुष्टि गर्दछन् । त्यस्तै राजस्वका दर परिवर्तनवाट कति राजस्व गुम्ने वा थपिने कुनै विश्लेषण भएको र त्यसको जानकारी सम्वन्धित पदाधिकारीलाई भएको पनि पाइएन । त्यसैले राजस्वका दर परिवर्तनका सम्पूर्ण विधि, प्रक्रिया, अख्तियारी तथा निर्णयका प्रचलन लत्याएर वाह्य व्यक्ति मार्फत प्राप्त कर तथा भन्सार दर परिवर्तनका प्रस्तावलाई अर्थमन्त्रीको निर्देशनमा नै बजेटमा समावेश गरेको देखिएको हुँदा सम्पूर्ण बजेटको निर्माण नै त्रुटीपूर्ण र बदनियतपूर्ण रहेको देखिन्छ ।

छ. समग्रमा, स्पञ्ज आइरन, नयाँ खोल्ने होटललाई दिने गाडी सुविधा, मोटरसाइकल एसेम्बलिङ, पुनर्विमा, विद्युत महसुल छुट, निर्यातमा दिइएको अनुदान लगायतका सहुलियत सीमित व्यवसायिक घरानाले मात्रै लाभ लिने र अन्य उद्योगहरु सुक्दै गरी करका दरहरु हेरफेर गरिएको हुनाले यो निश्चित स्वार्थ समूहको हितमा गरिएको हो भन्ने स्पष्ट हुन्छ ।

ज. यो बजेट निर्माण गर्दा र खासगरी कर तथा भन्सारका दररेटहरु परिवर्तन गर्दा बजेट तर्जुमा कार्यमा सङ्लग्न पदाधिकारी तथा कर्मचारीको जिम्मेवारी सम्बन्धी कार्यविधि २०६८ ले तोके बमोजिम पालना गर्नुपर्ने विधिहरुको ठाडो उल्लङ्घन भएको, अर्थमन्त्रालय मातहतका सबै विभागीय संयन्त्रहरु निष्कृय तुल्याइएको, राजस्वका दररेट परिवर्तनका सन्दर्भमा अधिकार प्राप्त पदाधिकारी तथा कर्मचारीहरुलाई पाखा लगाइएको र अनधिकृत व्यक्तिको प्रस्ताव र मन्त्रीको ठाडो निर्देशनमा निरिह बनाइएका पदाधिकारी तथा कर्मचारीहरु निर्देशित अङ्कहरु लुरुलुरु टाइप गर्ने तहमा पुगेको हाम्रो निष्कर्ष छ ।

<u>अन्य विषय :-</u>

२४. जेठ १४ गतेका लागि अर्थ मन्त्रालयको सुरक्षार्थ खटिएका नेपाल प्रहरीका सुरक्षा कमाण्डरले त्यस दिन आफूले साढे १० बजे ड्युटीबाट विदा लिएको र मन्त्रीज्यूले ११ बजेतिर मन्त्रालय छाड्नु भएको वयान दिनुभएको छ । तत्कालीन अर्थ मन्त्रीज्यूले पनि आफू ११ बजे पछि मन्त्री निवास गएको बताउनु भएको छ । उहाँले मन्त्रालय छाड्नु भएपछि रातभरि करका दर कसले परिवर्तन गऱ्यो भन्ने प्रश्न अनुत्तरित नै छ । मन्त्रीको भनाइ, मन्त्रालयका अन्य कर्मचारीहरुको अभिव्यक्ति र अन्य विषयहरु आफैमा बाझिएका छन् । यसले अनधिकृत व्यक्तिको सङ्लग्नताको आशङ्कालाई थप बलियो बनाएका छन् ।

८

२५. समितिले सोधेका प्रश्नहरुको उत्तर दिने क्रममा मन्त्रालयका कर्मचारीहरुले एकले अर्कालाई दायित्व पन्छाउने काम गरेको देखियो । यसले जवाफदेहिता र उत्तरदायित्व (Responsibility and Accountability) को अभाव स्पष्ट देखिएको छ ।

निष्कर्ष :-

२६. तसर्थ, अनधिकृत भनेर भनिएको व्यक्ति लगायत छानबिनको दायरामा रहेका व्यक्तिहरुको कल डिटेल र मोबाइल लोकेसन हेर्न नदिइएको, बजेट निर्माणको रातिको सम्पूर्ण दृष्य सङ्ग्रहित दुरुस्त अवस्थाको सिसिटिभी फुटेज उपलब्ध नगराइएको, बजेट निर्माण प्रक्रियामा सङ्लग्न व्यक्तिहरुको नामनामेसी अर्थ मन्त्रालयले उपलब्ध नगराएको, त्यसले गर्दा त्यस दिन उपस्थित सबै व्यक्तिसँग सोधपुछ गर्न नपाइएको, ड्युटी फेरिएपछि रातिको सुरक्षा जिम्मेवारी लिने सुरक्षाकर्मीसँग सोधपुछ गर्न समेत अवरोध भएको र करका दरको हेरफेरबाट मर्कामा परेका सरोकारवालासँग पटक-पटकको आग्रहका बाबजुद छलफल गर्न समितिका सत्तापक्षीय कतिपय सदस्यहरु इच्छुक नभएको आदि कारणले आर्थिक वर्ष २०७९ को आर्थिक विधेयकमा करका दरहरु हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्तिको प्रवेश भएको होइन/थिएन भन्ने विषयमा गहिरो अनुसन्धान नै हुन सकेन । तसर्थ, अनुसन्धान नै पूर्ण र पर्याप्त हुन नसकेका कारण यत्तिकै आधारमा अनधिकृत व्यक्तिको प्रवेश भएको थिएन भन्ने निष्कर्षमा पुग्न सकिँदैन ।

बरु अनधिकृत व्यक्तिको प्रवेश सम्बन्धी विषयलाई विषयान्तर गर्न र सिसिटिभी सम्बन्धी यथार्थ विवरण लुकाउन अर्थ मन्त्रालयका कर्मचारीहरुले प्रधानमन्त्रीको राजनीतिक संरक्षकत्व खोज्नु, ३ महिनासम्म सिसिटिभी फुटेज सुरक्षित राख्नु पर्ने नियमको उल्लङ्घन हुनु, करका दरको हेरफेरपछिको असरको विश्लेषण गर्दा बजेट निर्माणका क्रममा स्थापित मान्यताहरु स्पष्ट ढङ्गले उल्लङ्घन भएको देखिनु र निश्चित व्यवसायिक समूहलाई लाभ हुने गरी कतिपय करका दरहरु हेरफेरहरु भएको लगायत परिस्थितिजन्य प्रमाणहरुले यस क्रममा अनधिकृत व्यक्तिको प्रवेश भएको आशङ्कालाई नै बल पुऱ्याउँछन् ।

<u>सुझावमा थप गर्नु पर्ने विषय :-</u>

२७. यस विषयमा स्पष्ट कार्यादेश सहितको संयन्त्र बनाएर थप छानविन गर्नु पर्ने र छानविनको क्रममा दोषी ठहर भएकाहरुलाई कानुन बमोजिम कार्बाही गर्नु आवश्यक रहेको राय प्रस्तुत गर्न चाहन्छौं ।

खगराज अधिकारी

प्रदीपकुमार ज्ञवाली

बिमला बि.क.

भानुभक्त ढकाल

२०७९/४/१२

## ५.२ सन्दर्भ सामग्री


१. नेपालको संविधान,
२. प्रतिनिधि सभा नियमावली, २०७५,
३. राष्ट्रिय सभा नियमावली, २०७५,
४. संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ ,
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ,
६. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७,
९. सार्वजनिक खरिद ऐन, २०६३,
१०. सार्वजनिक खरिद नियमावली, २०६४ ,
११. भ्रमण खर्च नियमावली, २०६४,
१२. विकास सहायता नीति, २०७१,
१३. दिगो विकास लक्ष्य,
१४. पन्ध्रौं योजना,
१५. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५,
१६. नेपाल राष्ट्र बैंक ऐन, २०५८,
१७. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५,
१८. विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५,
१९. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५,
२०. विद्युतीय (इलेक्ट्रोनिक्स) कारोबार ऐन, २०६३,
२१. सीसीटीभी जडान तथा सञ्चालन निर्देशिका, २०७२,
२२. बजेट तर्जुमा कार्यमा संलग्न पदाधिकारी/कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधि,
२३. नेपाल राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९,
२४. भन्सार विभागको नीतिपत्र, २०७८,
२५. भन्सार बुलेटिन, २०७९ साउन,
२६. विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित/प्रसारित समाचारहरू।

अनुसूची १

समितमा रहनुभएका सदस्यहरूको नामावली

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | मा. लक्ष्मणलाल कर्ण | सभापति | |
| २ | मा. खगराज अधिकारी | सदस्य | |
| ३ | मा. देवप्रसाद गुरुङ | सदस्य | |
| ४ | मा. पुष्पा भुसाल (गौतम) | सदस्य | मिति २०७९/०३/३० सम्म |
| ५ | मा. प्रदीपकुमार ज्ञवाली | सदस्य | |
| ६ | मा. बिमला वि.क. | सदस्य | |
| ७ | मा. भानुभक्त ढकाल | सदस्य | |
| ८ | मा. मानबहादुर विश्वकर्मा | सदस्य | मिति २०७९/०३/३० देखि |
| ९ | मा. शक्तिबहादुर बस्नेत | सदस्य | |
| १० | मा. सरलाकुमारी यादव | सदस्य | |
| ११ | मा. सिताराम महतो | सदस्य | |
| १२ | मा. सुरेन्द्रकुमार यादव | सदस्य | |

अनुसूची २

समितिमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | डा. सुरेन्द्र अर्याल | समिति सचिव |
| २ | श्री प्रदीप गुरागाईं | उपसचिव |
| ३ | श्री करनबहादुर भाट | कम्प्युटर प्रोग्रामर |
| ४ | श्री समिर गौतम | नायब सुब्बा |
| ५ | श्री केशबबहादुर कार्की | माइक सञ्चालक |
| ६ | श्री गणेश अधिकारी | भिडियोग्राफर |
| ७ | श्री अस्मी बुढामगर | कार्यालय सहयोगी |

## मुद्रणतर्फ

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री बाबुराजा महर्जन | मुद्रण अधिकृत |
| २ | श्री रोबन प्रजापति | मुद्रण अधिकृत |
| ३ | श्री गम्भीरमान सिंह | सिनियर प्रेस टेक्निसियन |
| ४ | श्री राजेन्द्रप्रसाद लामिछाने | सिनियर प्रेस टेक्निसियन |
| ५ | श्री प्रेमबहादुर चन्द | सिनियर प्रेस टेक्निसियन |
| ६ | श्री कृष्णकला पौडेल | सिनियर प्रेस टेक्निसियन |
| ७ | श्री बिनोद न्यौपाने | प्रेस टेक्निसियन |
| ८ | श्री बिमला बुढा | प्रेस टेक्निसियन |
| ९ | श्री मदन गिरी | कार्यालय सहयोगी |

अनुसूची ३

समितिको कार्यविधि

## संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०७९

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित संसदीय छानबिन विशेष समितिको आन्तरिक काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक भएकोले,

संसदीय छानबिन विशेष समिति गठन सम्बन्धी प्रतिनिधि सभाबाट स्वीकृत प्रस्तावको प्रकरण ३(१) ले दिएको अधिकार प्रयोग गरी संसदीय छानबिन विशेष समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "छानबिन" भन्नाले आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषय उपरको छानबिन र अनुसन्धान सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७५ सम्झनु पर्छ।

(ग) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको अनुपस्थितिमा सचिवको कार्य गर्न तोकिएको व्यक्तिलाई समेत जनाउँछ।

(ङ) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ।

(च) "सदस्य " भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(छ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार गठित संसदीय छानबिन विशेष समिति सम्झनु पर्छ।

३. **सभापतिको निर्वाचन:** (१) समितिको बैठकले सभापतिको निर्वाचन गर्नेछ।

(२) बैठकको सभापतित्व गर्ने सदस्यले सभापति पदको मनोनयन दर्ताको लागि पन्ध्र मिनेटको समय निर्धारण गर्नेछ।

१

(३) समितिको कुनै सदस्यले अर्को कुनै सदस्यलाई सभापति पदमा निर्वाचित गरियोस् भन्ने अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्तावको सूचना सचिवलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावको सूचना प्रस्तावक सदस्यले समितिमा प्रस्तुत गरेपछि समर्थक सदस्यले समर्थन गर्नेछ।

(५) उपदफा (३) बमोजिमको प्रस्तावको एकमात्र सूचना प्राप्त भएमा समर्थक सदस्यले बोलिसकेपछि तत्काल सभापतित्व गर्ने सदस्यले प्रस्तावित सदस्य सभापति पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ।

(६) उपदफा (३) बमोजिमको प्रस्तावको एकभन्दा बढी सूचना प्राप्त भएमा दर्ता क्रममा प्रत्येक समर्थक सदस्यले बोलिसकेपछि सबै प्रस्तावमाथि सामान्य छलफल हुनेछ र त्यसपछि तत्काल सभापतित्व गर्ने सदस्यले प्रस्तावलाई क्रमशः समितिसमक्ष निर्णयार्थ प्रस्तुत गर्नेछ।

(७) उपदफा (६) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दा प्रस्तावको पक्षमा हुने सदस्यलाई "हुन्छ" र विपक्षमा हुने सदस्यलाई "हुन्न" भन्ने शब्द उच्चारण गर्न लगाई बहुमत सदस्यले "हुन्छ" भनेमा प्रस्ताव स्वीकृत भएको ठहरिनेछ, अन्यथा अस्वीकृत भएको ठहर गरी अर्को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछ।

(८) उपदफा (६) बमोजिम समिति समक्ष निर्णयार्थ प्रस्तुत एकभन्दा बढी प्रस्तावमध्ये कुनै प्रस्ताव स्वीकृत भएमा सो प्रस्तावद्वारा प्रस्तावित सदस्य सभापति पदमा निर्वाचित भएको घोषणा गरिनेछ र बाँकी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिने छैन।

(९) ज्येष्ठ सदस्य सभापति पदको निमित्त प्रस्तावित भएमा त्यसपछिको उपस्थित ज्येष्ठ सदस्यले समितिको बैठकको सभापतित्व गर्नेछ।

४. **समितिको बैठकः** (१) सभापतिले मिति, समय र स्थान तोकी आवश्यकता अनुसार समितिको बैठक बोलाउनेछ। तर, समितिको एक तिहाइ सदस्यहरूले बैठक बोलाउन लिखित अनुरोध गरेमा सभापतिले चौबीस घण्टाभित्र बैठक बोलाउनु पर्नेछ।

(२) सचिवालयले सभापतिको निर्देशनमा सदस्यहरूलाई बैठकको कार्यसूचीको जानकारी गराउनेछ।

(३) समितिको बैठकको अध्यक्षता सभापतिले गर्नेछ।

तर सभापति चयन हुनुअघिको बैठकको अध्यक्षता समितिको ज्येष्ठ सदस्यले गर्नेछ।

५. **गणपूरक सङ्ख्याः** समितिको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत हुनेछ।

६. **बैठकमा उपस्थित हुनुपर्नेः** समितिको बैठकमा सदस्य उपस्थित हुनु पर्नेछ।

२

तर काबू बाहिरको परिस्थिति परी कुनै सदस्य समितिको बैठकमा उपस्थित हुन नसक्ने भएमा सोको कारण सहितको जानकारी सभापतिलाई गराउनु पर्नेछ।

७. **बैठक निर्धारित समयमा शुरु हुनेः** समितिको बैठक निर्धारित समयमा शुरु हुनेछ।

तर कुनै कारणले समितिको निर्धारित बैठक बस्न नसकेमा सभापतिले त्यस्तो बैठक स्थगित गरी अर्को बैठक बोलाउनेछ र त्यसको जानकारी सचिवालयले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

८. **कार्यसूची र कागजात उपलब्ध गराउनेः** सचिवालयले सभापतिको निर्देशन अनुसार समितिको बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात समितिका सदस्यहरूलाई उपलब्ध गराउनेछ।

९. **बैठकको सञ्चालन र छलफलः** (१) सभापतिले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(२) सभापतिले आवश्यकता अनुसार सदस्यहरूले बोल्ने समयको निर्धारण गरी छलफल प्रारम्भ गर्नेछ।

(३) समितिको बैठकको निर्णय सर्वसम्मतबाट हुनेछ।

तर सर्वसम्मति कायम हुन नसकेमा बहुमतबाट निर्णय हुनेछ र त्यसरी निर्णय हुँदा अल्पमतमा हुने सदस्यले फरक मत प्रस्तुत गर्न चाहेमा सोको अभिलेख राखिनेछ।

१०. **समितिको कार्यक्षेत्रः** आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषय सार्वजनिक सञ्चारका माध्यमहरूमा प्रकाशन भएको र सो विषयलाई लिएर प्रतिनिधि सभाका सदस्यहरूबाट समेत सदनमा कुरा उठाइएको सम्बन्धमा सत्य तथ्य छानबिन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी सभा समक्ष पेश गर्ने समितिको कार्यक्षेत्र हुनेछ।

११. **छानबिन सम्बन्धी कार्यविधिः** समितिले छानबिनका क्रममा देहायको कुनै वा सबै कार्य गर्न सक्नेछः-

(क) **सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनः**

१. सञ्चार माध्यमहरूमा प्रकाशित/प्रसारित सूचनाहरूको सङ्कलन गर्ने,

२. अर्थ मन्त्रालयसँग यस सम्बन्धी भएका काम कारबाही र अभिलेखहरूको सम्बन्धमा आवश्यक कागजात र जानकारी वा धारणा लिखित रूपमा माग गर्ने,

३. बजेट निर्माणसँग सम्बन्धित संविधान, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, र नियमावली, २०७७, बजेट निर्माण निर्देशिका, अर्थ मन्त्रालयले जारी गरेका

यससँग सम्बन्धित आन्तरिक कार्यविधि लगायतका कानूनी दस्तावेजहरू सङ्कलन र अध्ययन गर्ने,

४. आवश्यक देखिएमा छानबिनको दायरामा परेका सम्बन्धित व्यक्तिहरूको टेलिफोन संवाद (कल डिटेल) को विवरण माग गर्ने,

५. छानबिनलाई आवश्यक पर्ने अन्य कागजातहरू अध्ययन गर्ने।

(ख) **जिम्मेवार पक्ष र सरोकारवाला पक्षहरूसँग छलफल:**

१. अर्थमन्त्री, निवर्तमान अर्थमन्त्री, अर्थ सचिव, राजस्व सचिव, बजेट महाशाखा प्रमुख, राजस्व व्यवस्थापन महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख, आन्तरिक राजस्व विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक लगायत अर्थ मन्त्रालयका पदाधिकारीसँग छलफल गर्ने,

२. सीसीटीभी लगायत प्रविधिसँग सम्बन्धित निकाय र विषय विज्ञसँग छलफल गर्ने,

३. समितिले आवश्यक ठानेमा अन्य सरोकारवाला पक्ष र विषय विज्ञसँग छलफल गर्ने।

(ग) **स्थलगत निरीक्षण:** अर्थ मन्त्रालय र अन्तर्गतका विभिन्न विभाग, महाशाखा र सीसीटीभी जडान गरिएको अन्य स्थलको समेत स्थलगत निरीक्षण गर्ने।

१२. **समितिको कार्यक्षेत्र अन्तर्गतको विषय उपरको छलफल:** समितिको कार्यक्षेत्र अन्तर्गत देहाय बमोजिमको विषयमा छलफल तथा तथ्य र प्रमाणको विश्लेषण गरी तत् सम्बन्धमा गर्नुपर्ने कामको सिफारिस सहितको प्रतिवेदन तयार गर्ने आधार समितिले यकिन गर्नेछ।

(क) आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरे/नगरेको, गरेको भए प्रवेश गर्नाको कारण, यसले करका दरमा पारेको अनुचित प्रभाव साथै समग्र बजेट निर्माण प्रक्रियामा प्रचलनमा रहेका अभ्यास, सूचनाको गोपनीयता र बजेटप्रतिको विश्वसनीयतामा पारेको प्रभावको समेत विश्लेषण गर्ने,

(ख) सीसीटीभी क्यामेराको अभिलेख विश्लेषण गर्ने, क्षमता विश्लेषण गर्ने साथै अभिलेख प्राप्त हुन नसकेमा त्यस सम्बन्धी प्रकाशन/प्रसारण भएका समाचार र सूचनाहरू समेतको आधारमा सत्य तथ्य छानबिन गर्न यससँग सम्बन्धित कानूनी, प्राविधिक लगायत सम्बन्धित पक्षको अध्ययन र विश्लेषण गर्ने।

१३. **समितिका सदस्यहरूको आचार संहिता:**

(क) सदस्यले छलफलमा भाग लिंदा विषयवस्तुमा केन्द्रित भई धारणा राख्नुपर्दछ।

(ख) बैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लगाउन, अशिष्ट, अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न हुँदैन।

- ४ -

(ग) सभापतिले बैठकलाई मर्यादित बनाउन सदस्यहरूलाई आह्वान गर्नेछ। अमर्यादित व्यवहार कुनै सदस्यबाट भएमा प्रतिनिधि सभा नियमावली अनुसार कारवाही हुनेछ।

(घ) सदस्यले बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्न पाइने छैन।

(ङ) बैठकको अवधिभर मोबाईल स्वीच अफ वा साइलेन्स वा भाइब्रेट मोडमा राख्नु पर्नेछ।

(च) प्रत्येक सदस्यले समितिको कार्यक्षेत्र भित्रका विषयवस्तुसँग सम्बन्धित आफूसँग भएका अध्ययन सामाग्रीहरू सदस्यहरूका बीच आदानप्रदान गर्ने व्यवस्था मिलाइने छ।

(छ) सभापतिले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले सभापतिको अनुमति बिना स्थान छोड्न हुँदैन र सभापतिले बोलेको कुरा ध्यानपूर्वक सुन्नु पर्नेछ।

(ज) समितिको बैठक समापन नभई कुनै पनि सदस्यले बैठक कक्ष छाड्नु हुँदैन र बाहिर जानु पर्ने भएमा सभापतिको अनुमति लिएर जानु पर्नेछ।

(झ) बैठक सञ्चालनमा समितिका सबै सदस्यहरूले सभापतिलाई सहयोग गर्नु पर्नेछ।

(ञ) बैठकमा सामान्यतया सञ्चार माध्यम तथा असम्बन्धित व्यक्तिलाई प्रवेश दिइने छैन।

(ट) छानविन प्रक्रियालाई प्रभाव पार्ने गरी कुनै पनि सदस्यले समितिको बैठकमा छलफल भएका विषयका सम्बन्धमा वाहिर वोल्ने छैन।

(ठ) समितिमा उपस्थित आमन्त्रित व्यक्ति र विशेषज्ञले आफ्नो तथ्य एवं आधारयुक्त धारणा शिष्टतापूर्वक राख्नु पर्नेछ।

(ड) समितिको कार्यतालिका पालना गर्नु सबै सदस्यहरूको कर्तव्य हुनेछ।

(ढ) नियमावलीमा उल्लिखित नियमहरूको पालना गर्नु सबै सदस्यहरूको कर्तव्य हुनेछ।

(ण) माथि उल्लिखित नियमहरूको पालना गर्ने गराउने सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ।

१४. **समितिको प्रतिवेदनः** (१) समितिले छानविनको कार्य समाप्त गरेपछि आफ्नो सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका कुराहरू खुलाउनु पर्नेछः-

(क) समितिको कार्यक्षेत्रको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन् गरिएको प्रक्रिया तथा सङ्कलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,

(घ) छानबिनबाट समितिले ठहर गरेको वा निष्कर्ष निकालेको विषय,

५

(ङ) खण्ड (घ) बमोजिम ठहर गर्न वा निष्कर्ष निकाल्न लिइएका आधार तथा प्रमाणहरू,

(च) समितिको सिफारिस,

(छ) कुनै सदस्यले निर्णयमा फरक मत राखेको भए सोको विवरण,

(ज) समितिले आवश्यक ठानेका अन्य कुराहरू।

(३) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन सभापति वा निजले तोकेको सदस्यले प्रतिनिधि सभामा पेश गर्नेछ।

१५. **समितिको कार्यावधिः** समितिको कार्यावधि कार्य प्रारम्भ भएको मितिले दश दिनको हुनेछ। समितिको पहिलो बैठक बसेको मिति कार्य प्रारम्भ भएको मिति मानिनेछ।

१६. **समितिको काम कारवाहीको अभिलेखः** समितिमा प्राप्त भएका कागजात, प्रमाण, छलफलमा उठेका विषय, समितिको निर्णय, प्रतिनिधि सभामा पेश भएको प्रतिवेदनको एक प्रति सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरू सभापतिको निर्देशन अनुसार सचिवालयले व्यवस्थित गरी राख्नेछ।

१७. **सूचनाको गोप्यताः** (१) छानबिनको सिलसिलामा समितिलाई प्राप्त भएको सूचना वा जानकारी र समितिले बुझेको वा सङ्कलन गरेको प्रमाणलाई प्रचलित कानून बमोजिम गोप्य राखिनेछ।

(२) प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने बाहेकका विषयहरू सार्वजनिक जानकारी गराउनु परेमा सभापति वा निजले तोकेको सदस्य वा सचिवले गराउन सक्नेछ।

१८. **समितिको निर्णय बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरू संविधान, नियमावली र समितिको निर्णय बमोजिम हुनेछ।

१९. **कार्यविधिमा संशोधनः** समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

६

अनुसूची- १

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**समितिको सभापति पदको उम्मेदवारको मनोनयनपत्र**

श्री सचिव,
संसदीय छानबिन विशेष समिति ।

प्रतिनिधि सभा अन्तर्गतको संसदीय छानबिन विशेष समितिको सभापति पदको निर्वाचनमा श्री ......... ..................लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण देहाय बमोजिम छ :-

१. नाम थर :- ............................................................................
२. ठेगाना :- ...............................................................

प्रस्तावक,
दस्तखत : ........................
नाम, थर : ........................

७

**समर्थकले भर्ने**

माथि उल्लिखित ...... ....... ......... ....... ....... ....... .... ... प्रस्तावकले प्रतिनिधि सभा अन्तर्गतको संसदीय छानबिन विशेष समितिको सभापति पदको निर्वाचनमा श्री ...... ....... ...... ...... ................ लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु ।

**समर्थक**

दस्तखत : ..................

नाम, थर : ......................

**प्रस्तावित उम्मेदवारको मञ्जुरी रहेको निस्सा**

मलाई श्री ........................................ले प्रस्ताव गरी संसदीय छानबिन विशेष समितिको सभापतिको निर्वाचनमा उम्मेदवार मनोनयन गरे बमोजिम निर्वाचित भएमा म सभापति पदमा रही काम गर्न राजी छु । प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम सभापति पदको निर्वाचनमा उम्मेदवार हुन मेरो योग्यता पुगेको छ ।

**प्रस्तावित उम्मेदवारको,-**

दस्तखत : ....................

नाम, थर : .......................

मिति : .......................

—८—

## अनुसूची ४

## समितिका निर्णयहरू

**निर्णयः**

१. सचिवालयले तयार गरेको कार्यविधिको मस्यौदामाथि समितिको बैठकमा छलफल गरी छलफलबाट प्राप्त सुझावहरूलाई समेटी यसै साथ संलग्न बमोजिमको कार्यविधि पारित गर्ने।

२. अर्थ मन्त्रालयसँग आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गर्न सहयोग पुग्ने देहाय बमोजिमका कागजात, अभिलेख र विवरण माग गर्नेः

(क) मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२:०० बजेसम्मको गतिविधि समावेश भएको मन्त्रालयको मूल ढोका र अन्य स्थानमा जडान गरिएको सीसीटीभी फुटेज,

(ख) राष्ट्रिय योजना आयोगले दिएको बजेटको सिलिङ,

(ग) राजस्व परामर्श समितिको सुझाव,

(घ) भन्सार दर हेरफेर सम्बन्धी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सुझाव,

(ङ) करको दर परिवर्तन गर्ने सम्बन्धी आन्तरिक राजस्व विभाग, भन्सार विभाग र अर्थ मन्त्रालयले गरेका औचित्य पुष्टि सहितको निर्णय,

(च) बजेट निर्माण प्रक्रियामा संलग्न कर्मचारीहरूको भूमिका सहितको विवरण,

(छ) बजेट निर्माण प्रक्रियामा संलग्न अर्थ मन्त्रालयका कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता,

(ज) बजेट निर्माण प्रक्रियासँग सम्बन्धित निर्देशिका तथा आन्तरिक कार्यविधिहरू।

३. समितिको सभापति सर्वसम्मत चयन गर्नका लागि एक आपसमा छलफल गरी सहमति जुटाउन प्रयत्न गर्ने।

४. समितिको अर्को बैठक मिति २०७९ असार २९ गते दिनको ३:३० बजे बस्ने।

निर्णयः

१. मिति २०७९ असार २९ गते दिनको ३:०० बजे अर्थ मन्त्रालयको सीसीटीभी जडान र अभिलेख व्यवस्थापनको निरीक्षण गर्न स्थलगत अवलोकन गर्ने।

२. समितिको अर्को बैठक २०७९ असार ३० गते दिनको १:०० बजे बस्ने गरी आजको बैठक सम्पन्न भयो।

निर्णयः

१. समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन देहाय बमोजिम कार्यतालिका पारित गर्ने र छानबिन सम्बन्धी गतिविधिहरू सोही कार्यतालिका बमोजिम गर्ने।

| क्र.सं. | मिति | गर्नुपर्ने काम | कैफियत |
|---|---|---|---|
| १ | २०७९/०३/२८ | कार्यविधि निर्माण | |
| २ | २०७९/०३/२९ | - अर्थ मन्त्रालयको स्थलगत अवलोकन<br>- अर्थ मन्त्रालयबाट सीसीटीभी फुटेज लगायत आवश्यक कागजातहरू माग गर्ने | |
| ३ | २०७९/०३/३० | कार्यतालिका निर्माण र माग गरिएका कागजात अर्थ मन्त्रालयबाट प्राप्त | |
| ४ | २०७९/०३/३१ | - अर्थ सचिव र राजस्व सचिवसँग छलफल<br>- अर्थ मन्त्रालयका प्रशासन, राजस्व र बजेट महाशाखा प्रमुखहरूसँग छलफल<br>- आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशकसँग छलफल | सभापतिको चयन समेत हरेक समूहसँग १/१ घण्टा |
| ५ | २०७९/०३/३२ | - निवर्तमान अर्थमन्त्रीसँग छलफल<br>- तत् पश्चात कागजातहरूको अध्ययन विश्लेषण | सभापतिको चयन समेत |
| ६ | २०७९/०४/०१ | - सीसीटीभी सँग सम्बन्धित प्राविधिकहरूसँग छलफल<br>१. अर्थ मन्त्रालयको सीसीटीभी व्यवस्थापन हेर्ने पदाधिकारी<br>२. सीसीटीभीसँग सम्बन्धित विज्ञ आमन्त्रण<br>- फुटेजको विश्लेषण | |
| ७ | २०७९/०४/०२ | आवश्यकता अनुसार पूर्व सचिव, सरोकारवाला पक्ष र विज्ञसँग छलफल | |
| ८ | २०७९/०४/०३ | कागजात र प्रमाणको विश्लेषण र प्रतिवेदन लेखन | |
| ९ | २०७९/०४/०४ | कागजात र प्रमाणको विश्लेषण र प्रतिवेदन लेखन, प्रतिवेदनको मस्यौदा अध्ययनको लागि वितरण | |
| १० | २०७९/०४/०५ | प्रारम्भिक प्रतिवेदनमाथि राय सुझाव सहित छलफल र अन्तिम मस्यौदा पारित | |

- कल डिटेल, विषय सञ्चारमाध्यममा प्रकाशन/प्रकाशन गर्ने सम्बन्धित सञ्चारकर्मी र अनाधिकृत प्रवेश गरेका भनिएका व्यक्तिसँगको छलफल आवश्यकता अनुसार समय व्यवस्थापन गरी गर्न सकिनेछ।
- कार्यतालिका बमोजिमका कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिने।
- अर्थ मन्त्रालयबाट प्राप्त कागजात, प्रमाण र सीसीटीभी फुटेजको अध्ययन र विश्लेषण निरन्तर रूपमा हुने।

२. समितिको अर्को बैठक मिति २०७९ असार ३१ गते दिनको १२:०० बजे बस्ने र उक्त बैठकमा अर्थ मन्त्रालयका सचिवद्वय, भन्सार विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशकहरू एवं बजेट निर्माण प्रक्रियामा संलग्न सम्बन्धित उपमहानिर्देशकहरूलाई समेत आमन्त्रण गरी छुट्टाछुट्टै छलफल गर्ने।

२०७९/०३/२०

निर्णयः

१. समितिको मिति २०७९ असार २८ गतेको निर्णयानुसार अर्थ मन्त्रालयबाट माग गरिएको विवरणका सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त जवाफ र विवरण माननीय सदस्यहरूलाई अध्ययनका लागि वितरण गरियो।

२. समितिले मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२:०० बजेसम्मको सीसीटीभी फुटेज माग गरेकोमा मन्त्रालयबाट प्राप्त फुटेज सङ्ग्रहमा समितिले माग गरेभन्दा फरक फुटेज मात्र प्राप्त भई माग गरेको फुटेज प्राप्त नभएको र सो सम्बन्धमा मन्त्रालयबाट प्रेषित जवाफमा कुनै स्पष्टीकरण समेत नरहेको सन्दर्भमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ। समितिबाट माग गरे बमोजिमकै सीसीटीभी फुटेज चौबीस घण्टाभित्र उपलब्ध गराउन अर्थ मन्त्रालयलाई ताकिता गर्ने।

३. करको दर परिवर्तन गर्ने सम्बन्धी आन्तरिक राजस्व विभाग, भन्सार विभाग र अर्थ मन्त्रालयले गरेका औचित्य पुष्टि सहितको निर्णय र बजेट निर्माण प्रक्रियामा संलग्न कर्मचारीहरूको भूमिका सहितको विवरण समेत माग गरिएकोमा सोको विवरण प्राप्त नभएकोले उक्त विवरण पनि चौबीस घण्टाभित्र उपलब्ध गराउन अर्थ मन्त्रालयलाई ताकिता गर्ने।

४. समितिको अर्को बैठक मिति २०७९ असार ३२ गते विहान ८:०० बजे बस्नेगरी आजको बैठक स्थगित भयो।

२०७९।०३।२९

निर्णयः

१. अर्थ मन्त्रालयबाट आमन्त्रित पदाधिकारीहरूसँगको छलफललाई व्यवस्थित रूपमा सञ्चालन गर्न सोध्न सकिने प्रश्नावलीको खाका तयार पारियो।

२. समितिको अर्को बैठक आजै ९:३० बजे बस्ने र उक्त बैठकमा भन्सार विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशकहरूसँग छलफल गर्ने।

निर्णयः

१. भन्सार विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशकहरूसँग बजेट निर्माण प्रक्रियामा तत् तत् विभाग र महानिर्देशकको भूमिका, करका दर हेरफेर गर्ने सम्बन्धमा विभागहरूको भूमिका र सिफारिस, करका दर हेरफेरले अर्थतन्त्रमा परेको समग्र प्रभावका विषयमा समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा केन्द्रित भई छलफल भयो।

२. समितिको अर्को बैठक आजै ४:०० बजे बस्ने र उक्त बैठकमा अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका प्रमुखसँग छलफल गर्ने।

निर्णयः

१. अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका प्रमुखसँग बजेट निर्माण प्रक्रियामा महाशाखा र महाशाखा प्रमुखको भूमिका, करका दर हेरफेर गर्ने सम्बन्धमा महाशाखाको भूमिका, करका दर हेरफेरले अर्थतन्त्रमा परेको समग्र प्रभावका विषयमा समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा केन्द्रित भई छलफल भयो।

२. समितिको अर्को बैठक मिति २०७९ साउन १ गते बिहान ८:०० बजे बस्नेगरी आजको बैठक स्थगित भयो।

निर्णयः

१. अर्थ मन्त्रालयका प्रशासन महाशाखा र राजस्व बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख एवं सूचना प्रविधि शाखाका प्रमुखलाई समितिको बैठकमा आमन्त्रण गरी समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा छलफल गरियो।

२. अर्थ मन्त्रालयबाट देहाय बमोजिम सीसीटीभी सिस्टम र त्यससँग सम्बन्धित विवरण एवं कागजातहरू माग गर्ने।

(क) हाल अर्थ मन्त्रालयको सेरोफेरो र विभिन्न कार्यकक्ष लगायतका स्थानमा जडान गरिएका सीसीटीभी क्यामेराहरूको दृश्य भण्डारण एव व्यवस्थापन गर्ने डीभीआर सिस्टम,

(ख) उक्त सिस्टम खरिद गरेको मिति, खरिद गरेको संस्था/निकायको विवरण, प्रमाणित प्राविधिक स्फेसिफिकेशन, खरिद प्रक्रिया र खरिद प्रक्रियासँग सम्बन्धित सम्पूर्ण कागजातहरू,

(ग) खरिद गरेपश्चात सीसीटीभी क्यामेरा र डीभीआर सिस्टम मर्मत, स्तरोन्नती अथवा अपडेट गरेको भए सोको विवरण सहित सम्पूर्ण कागजातहरू।

३. समितिको अर्को बैठक आजै दिनको १:०० बजे बस्ने र उक्त बैठकमा अर्थ मन्त्रालयका अर्थ सचिव र राजस्व सचिवलाई आमन्त्रण गरी समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा छलफल गर्ने।

२०७९।०४।०७

निर्णयः

१. अर्थ मन्त्रालयका अर्थ सचिव र राजस्व सचिवलाई समितिको बैठकमा आमन्त्रण गरी समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा छलफल गरियो।

२. समितिको अर्को बैठक मिति २०७९ साउन २ गते बिहान १०:०० ~~बजे बस्ने~~ बस्नेगरी आजको बैठक स्थगित भयो।

२०७९।०४।०१

निर्णयः

१. समितिको आजको बैठकमा अर्थ मन्त्रालयबाट प्राप्त सीसीटीभी सिस्टम र सोको खरिद प्रक्रियासँग सम्बन्धित कागजातहरूको अध्ययन गर्दा देहाय बमोजिम रहेको पाइयोः

(क) अर्थ मन्त्रालयका पदाधिकारीले समितिमा छलफलका क्रममा मन्त्रालयमा २०७० सालमा जडित सीसीटीभी रहेको बताउँदै आएकोमा प्राप्त कागजातहरू अध्ययन गर्दा २०७६ सालमा मा एउटा र २०७८ सालमा अर्को सीसीटीभी एनभीआर खरिद गरी सञ्चालन गर्दै आएको पाइयो।

(ख) समितिको कार्यक्षेत्र अन्तर्गत रही छानबिन गर्न आवश्यक मिति २०७९ जेठ १४ र १५ गतेको भिडियो सीसीटीभी एनभीआर सिस्टममा नरहेको र सीसीटीभी सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम सुरक्षित भण्डारण समेत नगरेको पाइयो।

२. समितिको अर्को बैठक मिति २०७९ साउन ३ गते बिहान ११:०० बजे बस्ने र उक्त बैठकमा अर्थ मन्त्रालयबाट प्राप्त सीसीटीभी एनभीआर सिस्टमबाट हटेको भिडियो रिकभर गर्ने सम्बन्धमा नेपाल प्रहरीको साइबर ब्युरो र त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ अध्ययन संस्थानसँग छलफल गर्ने।

निर्णयः

१. समितिको आजको बैठकमा अर्थ मन्त्रालयबाट प्राप्त सीसीटीभी एनभीआर सिस्टमबाट हटेको भिडियो रिकभर गर्ने सम्बन्धमा नेपाल प्रहरीको साइबर ब्युरो र त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ अध्ययन संस्थानसँग छलफल गरियो। उक्त छलफलमा विज्ञहरूबाट एनभीआर सिस्टमबाट हटेको भिडियो रिकभर हुन सक्ने सम्भावना रहेको सुझाव प्राप्त भएकोले समितिमा प्राप्त देहाय बमोजिमको सीसीटीभी एनभीआर सिस्टम र त्यसमा जडित हार्ड डिस्क ड्राइभलाई सुझाव बमोजिम नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा पठाउनेः

**NVR details:**
**Brand:** Hikvision
**Model:** DS-7632NI-K2
**S/N:** G85260488

**Hard Disk Drive details:**
**Brand:** Western Digital
**Model:** WD20PURX-78
**S/N:** WCC4M7URF71L
**Size:** 2 TB

२. उक्त ल्याबलाई Hard Disk Drive को प्राविधिक विश्लेषण गरी हटेको भनिएको मिति २०७९ जेठ १४ र १५ गतेको सीसीटीभी फुटेज रिकभर हुने अवस्था रहेमा रिकभर गरी फुटेज उपलब्ध गराइदिन अनुरोध गर्ने।

३. आर्थिक विधेयकलाई कम्प्युटर टाइप गर्ने एवं अन्तिम रूप दिने कार्यमा संलग्न कर्मचारी र मिति २०७९ जेठ १४ र १५ गते अर्थ मन्त्रालयको सुरक्षा व्यवस्थापनमा खटिएका सुरक्षा टोली प्रमुखलाई बैठकमा आमन्त्रण गरी समितिको कार्यक्षेत्र अन्तर्गतको विषयमा जानकारी लिइयो।

४. समितिको अर्को बैठक मिति २०७९ साउन ४ गते बिहान ८:०० बजे बस्ने र उक्त बैठकमा अर्थ मन्त्रालयका पूर्व सचिवलाई आमन्त्रण गरी छलफल गर्नेसाथै सोही दिन बस्ने अर्को बैठकमा विषय उजागर गर्ने अन्नपूर्ण पोष्ट र कान्तिपुर दैनिकका संवाददातालाई आमन्त्रण गरी छलफल गर्ने।

2079/04/03

निर्णयः

१. समितिको आजको बैठकमा पूर्व अर्थ सचिव शिशिरकुमार ढुङ्गानासँग बजेट निर्माण प्रक्रियामा विगतका अभ्याससहरूका सम्बन्धमा छलफल भयो।

निर्णयः

१. समितिको आजको बैठकमा अन्नपूर्ण पोष्टका संवाददाता सुरेन्द्र काफ्ले र ममता थापासँग अन्नपूर्ण पोष्टमा मिति २०७९ जेठ ३० गते प्रकाशित समाचारका विषयमा जामकारी लिइयो।

२. समितिको कार्यावधि थप गर्नका लागि सम्माननीय सभामुखज्यूलाई अनुरोध गर्ने निर्णय भयो।

३. समितिको अर्को बैठक मिति २०७९ साउन ५ गते बिहान ८:०० बजे बस्ने र उक्त बैठकमा निवर्तमान अर्थमन्त्री माननीय जनार्दन शर्मालाई आमन्त्रण गरी छलफल गर्ने निर्णय भयो।

निर्णयः

१. समितिको आजको बैठकमा प्रतिनिधि सभा सदस्य एवं निवर्तमान अर्थमन्त्री माननीय जनार्दन शर्मालाई आमन्त्रण गरी आर्थिक वर्ष २०७९/०८० को बजेट निर्माणको अन्तिम चरणमा भएका गतिविधिहरू र करका दरहरू हेरफेर गर्ने कार्यमा अनाधिकृत व्यक्तिको संलग्नता भएको भन्ने सम्बन्धमा जानकारी लिइयो।

निर्णय:

१. समितिको आजको बैठकमा समितिको थप भएको कार्यविधिभित्र गर्नुपर्ने कार्यक्रम र कार्यतालिकाका सम्बन्धमा प्रारम्भिक छलफल भयो।

२. अर्थ मन्त्रालयबाट देहाय बमोजिमको विवरण माग गर्ने:

(क) ASYCUDA System बाट Generate भएको तपसिल बमोजिमका वस्तुहरूको आ.व. २०७७/०७८ र २०७८/०७९ को भन्सार दरबन्दी सहितको आयात विवरण:-

(अ) Sponge iron, Billet लगायतका कच्चा पदार्थ, अर्धप्रशोधित र तयारी फलामजन्य वस्तुहरू
(आ) स्यानिटरी प्याड
(इ) पाम र पाल्मोलिन आयल
(ई) विद्युतीय गाडि (किलोवाटका आधारमा)
(उ) मोटरसाइकल (सीसी अनुसार)
(ऊ) पेन्टस्
(ऋ) टायल
(ऌ) साबुन
(ऍ) जुत्ता चप्पल

(ख) आ.व. २०७९/८० को बजेट निर्माण कार्यमा संलग्न कर्चारीहरूको भूमिका सहितको नामनामेसी विवरण।

३. समितिको अर्को बैठक मिति २०७९ साउन ८ गते बिहान १०:३० बजे बस्नेगरी आजको बैठक स्थगित भयो।

२०७९।०४।०६

निर्णयः

१. मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२:०० बजेसम्म सिंहदरबार प्रवेश गर्ने दक्षिण र पश्चिमतर्फको मूलद्वारमा जडान गरिएको सीसीटीभीको फुटेज गृह मन्त्रालयसँग माग गर्ने।

२. समितिको अर्को बैठक मिति २०७९ साउन ९ गते बिहान ८:०० बजे बस्नेगरी आजको बैठक स्थगित भयो।

निर्णयः

१. समितिको आजको बैठकमा आगामी कारबाहीका सम्बन्धमा छलफल भयो।

२. समितिको अर्को बैठक मिति २०७९ साउन १० गते बिहान ८:०० बजे बस्नेगरी आजको बैठक स्थगित भयो।

निर्णय:

१. मिति २०७९ साउन ९ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको डिजिटल फरेन्सिक ल्याबबाट प्राप्त सीसीटीभी एनभीआरको परीक्षण सम्बन्धी प्रतिवेदन र डीभीडी रहेको खामबन्दी थान १ (सातवटा लाहछापद्वारा सिल गरिएको) खोली अध्ययन गर्ने।

२. रिकभर भएको भनिएको समितिलाई प्राप्त क्लिपहरूका सम्बन्धमा डिजिटल फरेन्सिक ल्याबका प्राविधिकबाट थप जानकारी लिन आवश्यक देखिएकाले समितिको अर्को बैठक आजै दिनको ४:०० बजे बस्ने र सो बैठकमा डिजिटल फरेन्सिक ल्याबका प्राविधिकलाई आमन्त्रण गर्ने।

निर्णय:

१. मिति २०७९ साउन ९ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको डिजिटल फरेन्सिक ल्याबबाट प्राप्त सीसीटीभी एनभीआरको परीक्षण सम्बन्धी प्रतिवेदन र डीभीडीमा प्राप्त क्लिपहरूका सम्बन्धमा डिजिटल फरेन्सिक ल्याबका प्राविधिकसँग जानकारी लिइयो।

२. समितिको अर्को बैठक मिति २०७९ साउन ११ गते बिहान ११:३० बजे बस्नेगरी आजको बैठक स्थगित भयो।

निर्णय:

१. समितिको छानबिन सम्बन्धी प्रतिवेदन तयार गर्ने सम्बन्धमा छलफल भयो।

२. समितिको अर्को बैठक आजै ३० मिनेटपछि बस्नेगरी यो बैठक स्थगित भयो।

२०६५/०४/११

निर्णयः

१. समितिको छानबिन सम्बन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयवस्तुहरूमध्ये समितिमा आमन्त्रित विभिन्न व्यक्ति तथा पदाधिकारीहरूसँग भएको छलफलको प्रश्नोत्तर अध्ययन गरी छलफल भयो।

२. समितिको प्रतिवेदनको मस्यौदा लेखनका लागि माननीय देवप्रसाद गुरुङ, माननीय प्रदीपकुमार ज्ञवाली र माननीय मानबहादुर विश्वकर्मालाई जिम्मेवारी तोकियो।

३. सचिवाललाई निष्कर्ष र सुझाव खण्ड बाहेक प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गर्न निर्देशन दिइयो।

४. समितिको अर्को बैठक मिति २०७९ साउन १२ गते १२:३० मा बस्नेगरी यो बैठक स्थगित भयो।

निर्णयः

१. समितिको सभापति पदमा माननीय लक्ष्मणलाल कर्णलाई चयन गर्नको लागि माननीय देवप्रसाद गुरुङले गरेको प्रस्तावलाई माननीय प्रदीपकुमार ज्ञवालीले समर्थन गर्दा माननीय लक्ष्मणलाल कर्णलाई सभापति पदमा सम्पूर्ण सदस्यहरूको तर्फबाट सर्वसम्मत चयन गरियो।

निर्णयः

१. प्रतिनिधि सभाले तोके बमोजिम कार्य सम्पन्न गरी तयार गरेको प्रतिवेदन फरक मत सहित पारित गरियो। उक्त प्रतिवेदन मिति २०७९ साउन १३ गते सम्माननीय प्रतिनिधि समक्ष पेश गर्ने।

२. समितिको काम कारबाहीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने समिति सचिवलायलाई धन्यवाद दिने।

अनुसूची ५

अर्थ मन्त्रालय र सरोकारवाला पक्षसँग गरिएको छलफलको सार संक्षेप

**५.१ भन्सार विभागका महानिर्देशक श्री कमल प्रसाद भट्टराई सँगको प्रश्नोत्तर र छलफल**

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- आफ्नो परिचय दिनुहोस्।
- बजेट निर्माणमा विभागको र तपाईंको भूमिका के रहन्छ?
- राजस्व दर हेरफेरमा ककसको संलग्नता हुन्छ? तपाईंको भूमिका के हुन्छ?
- विभागले राजस्वका दरहरू सम्बन्धमा के-के सुझाव दिएको थियो? तीमध्ये कति विषय सुझाव अनुसार भयो र के-के सुझाव दिएभन्दा फरक भयो?
- राजस्वका दरहरू हेरफेर गर्दा आधार र मापदण्ड के-के हुन्छ?
- बजेट प्रस्तुत हुने अघिल्लो दिन सो प्रक्रियामा को-को संलग्न थिए? के त्यहाँ कोही अनाधिकृत व्यक्ति थिए? थिए भने तिनको भूमिका के रह्यो?
- राजस्वका दरहरू हेरफेर गर्दा केही निश्चित व्यक्ति वा समूहलाई लक्षित गरी हेरफेर गरिएको हो?
- समितिले माग गरे बमोजिम सीसीटीभी फुटेज किन उपलब्ध हुन सकेन?

**महानिर्देशकको जबाफको सार संक्षेप**

- म कमल प्रसाद भट्टराई। विगत ५ महिनादेखि भन्सार विभागको महानिर्देशकको रूपमा कार्यरत छु।
- विश्व भन्सार संगठनले विश्वव्यापी रूपमा निकासी पैठारी हुने मालवस्तुको संकेतीकरणको लागि प्रयोग गर्ने HS Code को नयाँ भर्सन २०२२ जनवरीदेखि लागू भएकोले त्यसलाई अद्यावधिक गर्ने समेतका कार्यमा विभाग फागुनको अन्तिम हप्तादेखि नै गृहकार्यमा थियो।
- राजस्व परामर्श समिति अन्तर्गत भन्सार उपसमिति गठन भएको थियो। यसमा विभागको महानिर्देशक संयोजक र अन्य केही कर्मचारी सदस्य थियौं। यसले भन्सार सम्बन्धी विषयमा राजस्व परामर्श समितिलाई प्रतिवेदन बुझायो। सो क्रममा हामीले निजी क्षेत्र समेतबाट सुझाव संकलन गरेका थियौं।

- अर्थ मन्त्रालयले नीति पत्र माग गरेको थियो। हामीले नीति पत्र तयार गरी पठायौं। त्यसमा भन्सार दरबन्दीका कुराहरू नभई नीतिगत विषयहरू र भन्सार ऐन तथा नियमावलीमा आवश्यक संशोधनका कुराहरू थिए, जुन लागू भएकै छन्।

- वैशाख देखि नै राजस्व सचिवज्यूसँग छलफल गरेका हौं। कृषि उत्पादनलाई प्रोत्साहन गर्ने, स्वदेशी उद्योगको संरक्षण गर्ने, वातावरणमा प्रतिकूल असर पार्ने वस्तुहरूको आयात निरुत्साहित गर्ने, वञ्चितिकरणबाट समावेशीकरणतर्फ जाने विषयबाट मार्गदर्शित हुन माननीय मन्त्रीज्यू र सचिवज्यूबाट निर्देशन भएको थियो। करका दर परिवर्तनको मापदण्ड पनि यीनै हुन्। सामान्यतया कच्चा पदार्थको भन्दा तयारी वस्तुको भन्सार दर माथिल्लो स्ल्याबमा हुनु उचित हुने मापदण्डलाई पनि विचार गरिएको हो।

- बजेट प्रस्तुत हुने अघिल्लो दिन मन्त्रीज्यू, अर्थ सचिवज्यू, राजस्व सचिवज्यू तथा आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशक मात्रै बसेर अन्तिम दरबन्दी तयार गरिएको हो। दरबन्दी लेख्ने स्थान खाली भएको soft copy मा मन्त्रीज्यू र सचिवज्यूको निर्देशन अनुसार आन्तरिक राजस्व विभागका महानिर्देशक र म बसेर दरबन्दी प्रविष्टि गरेका हौं।

- HS Code मा भएका १ देखि २ प्रतिशत वस्तुमा मात्रै करका दर परिवर्तन भएका छन्।

- बजेट तर्जुमा दिग्दर्शन बमोजिम जिम्मेवार पदाधिकारीकै संलग्नतामा सबै प्रक्रिया भएको महसुस गरेको छु। एउटा टोली विनियोजन विधेयकमा अर्थ सचिवज्यूको कार्यकक्षमा काम गरिरहेको हुन्थ्यो। म र आन्तरिक राजस्व विभागका महानिर्देशक राजस्व सचिवज्यूको कार्यकक्षमा गई छलफल गर्थ्यौं। दरबन्दी परिवर्तन गर्ने अन्तिम समयमा दुवै सचिवज्यू र दुवै महानिर्देशक माननीय मन्त्रीज्यूको कार्यकक्ष सँगैको गोप्य कक्षमा गएका हौं, मन्त्रीज्यूकै समक्षमा अन्तिम काम भएको हो।

- अनाधिकृत व्यक्तिको विषयमा मैले पनि सञ्चारमाध्यमबाटै पहिलो पटक सुनेको हुँ। मन्त्रालयमा छलफल हुँदा कोही त्यस्तो अनाधिकृत व्यक्ति देखिनँ।

- कुनै अमुक व्यक्ति वा समूहलाई मात्र फाइदा हुने गरी हेरफेर भएको जस्तो महसुस भएको छैन।

- अर्थ मन्त्रालयको सीसीटीभीको सम्बन्धमा भन्सार विभागले प्रतिक्रिया दिने आधार नहोला।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरूको सार संक्षेप**

- मन्त्री र सचिवले दिएको निर्देशन entry मात्र गर्ने हो कि त्यसमा केही अनुचित लागेमा विमति राख्नुहुन्छ?

- तपाईंले दिनुभएको सुझाव अनुसार नै दरहरू परिवर्तन भएका छन् कि सुझावभन्दा फरक छन्?
- सेनिटरी प्याडमा नेपाली उद्योग नै माग धान्न सक्षम भएकोले आयातमा भन्सार बढाउनुपर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको राय विपरीत भन्सारमा ९० प्रतिशत छुट किन दिइएको हो? आयात गर्ने केही निश्चित व्यक्तिको फाइदालाई हेरेर गरिएको हो?
- Sponge iron मा भन्सार छुट दिने र billet मा बढाउने विभेदकारी नीति किन? यही कारण ठूला उद्योगहरू धराशायी हुन लागेको र यसले रोजगारी गुम्ने समाचारहरू पनि सञ्चार माध्यममा आइरहेका छन्।
- Palm oil मा दिइएको छुटले स्वदेशी तेल उद्योग मारमा परेका छन्।
- बढी दूरी चल्ने विद्युतीय गाडीमा किन भन्सार बढाइयो? वातावरणीय हिसाबले झन् प्रोत्साहन गर्नुपर्ने होइन?
- ५ महिना भयो भन्नुभयो महानिर्देशक हुनुभएको। किन बजेट बनाउने बेलामै महानिर्देशक परिवर्तन हुन्छ? यसअघि कहाँ हुनुहुन्थ्यो तपाईंभन्दा अघिको महानिर्देशक अवकास हुनुभएको हो कि के हो?
- आन्तरिक राजस्व विभाग यसमा संलग्न हुनुपर्ने कारण के हो?
- तपाई र आन्तरिक राजस्व विभागका महानिर्देशकले entry गरिसकेपछि दिनुभएको draft त्यही नै अन्तिम हो कि त्यसमा परिवर्तन गर्नसक्ने अर्को authority हुन्छ?
- के-के मा दर हेरफेर भयो त्यो पनि हाइलाइट भए हुन्थ्यो।
- जेठ १४ गते कति बेला मन्त्रालय प्रवेश गर्नुभयो र १५ गते कति बेला बाहिर निस्कनुभयो?

**थप प्रश्नमा महानिर्देशकको जबाफको सार संक्षेप**

- विभिन्न चरणका छलफलमा हाम्रो बुझाइ यस्तो छ भनेर तर्कसहित हाम्रो राय हामी राख्छौं नै। तर कुनै विषयमा हाम्रो बुझाइ र सचिवज्यूको बुझाइ फरक परेमा वा सचिवज्यूको बुझाइ र माननीय मन्त्रीज्यूको बुझाइ फरक परेमा त्यस्तो बेला हामी कर्मचारीले hierarchy को सम्मान गर्नुपर्छ।
- आर्थिक सामाजिक परिवेश, राजस्व लक्ष्य, विदेशी मुद्रा सञ्चितिको अवस्था जस्ता कारणले केही विषय सिफारिस गरेभन्दा फरक हुन्छ। ऐन र नियमावलीका सम्बन्धमा हामीले नीति पत्रमा दिएको सुझाव बमोजिम नै भएको छ।

- Sponge iron र billet को सम्बन्धमा – कच्चा पदार्थ र तयारी वस्तुको श्रृङ्खलामा billet को तुलनामा sponge iron को स्थान मूल कच्चा पदार्थ फलामखानीको बढी नजिक भएकोले billet लाई भन्दा sponge iron लाई प्रोत्साहन गरिएको हो। यसले value chain मा पनि योगदान बढाउँछ।

- सेनिटरी प्याड महिलाको स्वास्थ्य र अधिकारसँग जोडिएको विषय भएकोले यसमा भन्सार छुट हुनुपर्ने मागलाई सम्बोधन गरिएको हो।

- विद्युतीय गाडी १०० किलोवाट सम्मकोमा परिवर्तन गरिएको छैन। बढी क्षमताका गाडीमा केही बढाइएको हो। विदेशी मुद्रा सञ्चितिमा चाप परिरहेको समयमा बढी मुद्रा बाहिरिने वस्तुको आयात कम होस् भन्ने उद्देश्य हो। बढी क्षमताका गाडी महँगो नै हुने हुँदा त्यो खरिद गर्ने व्यक्ति माथिल्लै आर्थिक अवस्थाको हुने भएकोले कम छुट दिइएको हो।

- Palm oil चाउचाउ उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग हुने गरेको छ। चाउचाउ आम उपभोक्ताले उपभोग गर्ने र निर्यात पनि हुने गरेकोले सो उद्योगलाई प्रोत्साहन नै गर्नुपर्छ भनेर भन्सार छुट दिइएको हो।

- म महानिर्देशक भएको छोटो समय भएपनि २४ वर्षको अधिकृतस्तरको सरकारी सेवामा रही विभिन्न निकायको अनुभव छ। ४ वर्ष हङकङमा महावाणिज्यदूत भएर पनि काम गरेको छु। पछिल्लो समय प्रदेश तहमा सचिव भई मन्त्रालयको बजेट प्रक्रियामा पनि संलग्न भएको अनुभव छ। म भन्दा अघिको महानिर्देशक सरुवा भई प्रदेश सचिवमा जानुभएको हो।

- अन्तःशुल्कको विषय पनि समावेश हुने र अन्तःशुल्क आन्तरिक राजस्व विभागको कार्यक्षेत्र पर्ने भएकोले सो विभागको महानिर्देशक पनि संलग्न हुनु आवश्यक नै हो। यी दुई विभागबीच अन्योन्याश्रित सम्बन्ध छ।

- हामीले तयार पारेको मस्यौदा print गरेर रुजु पनि गरेर सचिवज्यूलाई दिने हो, त्यसमा मन्त्रालयले आवश्यक ठानेमा परिमार्जन गर्न सक्छ। अन्तिम authority मन्त्रीज्यू नै हुनुहुन्छ।

- आर्थिक ऐन पारित भइसकेपछि हामीले प्रकाशन गरेको भन्सार बुलेटिनमा मुख्य परिवर्तन देखाएका छौं। त्यस्ता ३८ मालवस्तु छन्। बुलेटिन विभागको वेभसाइटमा उपलब्ध छ।

- जेठ १४ गते बिहानैदेखि मन्त्रालयमै थिएँ। १५ गते बिहान ९/१० बजेतिर रुजु गरेर बुझाएपछि म चाहिँ मध्यान्हतिर बाहिरिएको हुँ।

**५.२ आन्तरिक राजस्व विभागका महानिर्देशक श्री रितेश कुमार शाक्य सँगको प्रश्नोत्तर र छलफल**

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- आफ्नो परिचय दिनुहोस्।
- बजेट निर्माणमा विभागको र तपाईंको भूमिका के रहन्छ?
- राजस्व दर हेरफेरमा कसकसको संलग्नता हुन्छ? तपाईंको भूमिका के हुन्छ?
- राजस्वका दरहरू हेरफेर गर्दा आधार र मापदण्ड के-के हुन्छ?
- सेनिटरी प्याडमा नेपाली उद्योग नै माग धान्न सक्षम भएकोले आयातमा भन्सार बढाउनुपर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको राय विपरीत भन्सारमा ९० प्रतिशत छुट किन दिइएको हो? आयात गर्ने केही निश्चित व्यक्तिको फाइदालाई हेरेर गरिएको हो?
- Sponge iron मा भन्सार छुट दिने र billet मा बढाउने विभेदकारी नीति किन? यही कारण ठूला उद्योगहरू धराशायी हुन लागेको र यसले रोजगारी गुम्ने समाचारहरू पनि सञ्चार माध्यममा आइरहेका छन्।
- बजेट प्रस्तुत हुने अघिल्लो दिन सो प्रक्रियामा को-को संलग्न थिए? के त्यहाँ कोही अनाधिकृत व्यक्ति थिए? थिए भने तिनको भूमिका के रह्यो?
- राजस्वका दरहरू हेरफेर गर्दा केही निश्चित व्यक्ति वा समूहलाई लक्षित गरी हेरफेर गरिएको हो?

**महानिर्देशकको जबाफको सार संक्षेप**

- म रितेश कुमार शाक्य। विगत ५ महिनादेखि आन्तरिक राजस्व विभागको महानिर्देशकको रुपमा कार्यरत छु। त्यसअघि ४ महिना अर्थ मन्त्रालयमा थिएँ। २०६० सालमा निजामती सेवा प्रवेश गरी २०७३ सालदेखि सहसचिवको रुपमा विभिन्न निकायमा काम गरेको छु।
- विभागले बजेटका लागि करिब ३ महिनादेखि गृहकार्य सुरु गरेको हो। अन्तःशुल्क, मू.अ.कर, आयकर र संस्थागत सुधार — चार उपसमितिमार्फत राजस्व परामर्श समितिलाई राय दिएका थियौं।
- विभागको मुख्य भूमिका आयकर ऐन, मू.अ.कर ऐन र अन्तःशुल्क ऐनमा संशोधन गर्नुपर्ने विषयमा हुन्छ। यस पटक हामीले आयकरको स्ल्याब बढाएका छौं, digital service tax लागू गरेका छौं, जग्गाजमिनमा पूँजीगत लाभ कर बढाएका छौं (५ प्रतिशत बाट हामीले प्रस्ताव गरेको १० प्रतिशत, मन्त्रालयले final गरेको ७.५ प्रतिशत), कोभिड प्रभावित साना

व्यवसायी र पर्यटन व्यवसायलाई ५० देखि ९० प्रतिशतसम्म आयकर छुट दिएका छौं, चुरोट, मदिरा र सुर्तीजन्य वस्तुमा अन्तःशुल्क बढाएका छौं।

- बजेट निर्माणमा ५ वटा टोलीले काम गर्छ। पहिलो, विनियोजन र बजेट बाँडपाँड LMBIS entry गर्ने। दोस्रो, आर्थिक ऐनका भन्सार र अन्तःशुल्क दरबन्दी बाहेकका विषय तयार गर्ने। तेस्रो, सम्बद्ध विधेयकहरू तयार गर्ने। चौथो, बजेट वक्तव्य तयार गर्ने। पाचौं, भन्सार र करका दरबन्दी final गर्ने।

- यस वर्षको बजेटको कर नीति –कृषिलाई value chain मा जोड्ने, विदेशी मुद्रालाई ध्यान दिई स्वदेशमै उत्पादन हुन सक्ने वस्तुको आयात निरुत्साहन, निर्यात प्रोत्साहन, कच्चा पदार्थ र तयारी वस्तुमा तहगत दरबन्दी

- दरबन्दी अन्तिम गर्ने मन्त्रीज्यू, अर्थ सचिवज्यू, राजस्व सचिवज्यू तथा आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशक मात्रै बसेर हो। हामी (दुई महानिर्देशक) ले निर्देशन अनुसार entry गर्छौं। छलफल सबैले गर्छौं तर अन्तिममा हामीले भनेको सचिवज्यूले काट्न सक्नुहुन्छ, उहाँले भनेको मन्त्रीज्यूले। chain of command अनुसार नै निर्णय हुन्छ।

- Iron मा गत वर्षकै नीतिलाई निरन्तरता दिइएको हो। यस विषयमा पहिला पनि कुरा उठेको हो। अध्ययन समिति बनेको छ तर त्यसको प्रतिवेदन आइसकेको छैन।

- सेनिटरी प्याडमा आउने राजस्व १२ करोड रहेछ। महिला अधिकारकर्मीहरूले "रातो कर" को विरोधमा आन्दोलन गर्नुभएको पनि हो। महिला मन्त्रालयले पनि छुट दिन सुझाव दिएको थियो। कर छुटको मागलाई सम्बोधन गर्दै भन्सारमा ९० प्रतिशत छुट गरिएको तर स्वदेशी उद्योगको हित पनि सन्तुलन गर्दै नेपालमै उत्पादन गर्न आयात गरिने कच्चा पदार्थमा १ प्रतिशत मात्र भन्सार लाग्ने व्यवस्था गरिएको छ। सरकारले विद्यालयहरूमा वितरण गर्ने सेनिटरी प्याड नेपाली उत्पादन नै खरिद गर्नुपर्ने व्यवस्था गरिएको छ, जसले अहिले १२० करोडको व्यापार गरिरहेका स्वदेशी उद्योगलाई २०० करोडको बजार सुनिश्चित गरिदिएको छ।

- यसअघि भनेको ५ जनाले नै दर हेरफेरको काम गरेका हौं। कोही अनाधिकृत व्यक्तिको संलग्नता छैन।

- कुनै अमुक व्यक्ति वा समूहलाई लक्षित गरेको छैन। दर हेरफेर गर्दा स्वाभाविक रूपमा कसैलाई फाइदा र कसैलाई नोक्सान स्वतः हुन्छ नै।

- करका दरहरूको असर अपेक्षित भन्दा फरक भएमा त्यसमा फेरबदल गर्ने अधिकार नेपाल सरकारलाई रहेकै छ, त्यसबाट पनि आवश्यकता अनुसार केही सुधार गर्न सकिन्छ।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरूको सार संक्षेप**

- दर हेरफेर गर्दा कसैलाई फाइदा कसैलाई घाटा हुन्छ भनेर भनिसक्नुभयो। कसलाई फाइदा हुन्छ भन्ने हेरेर गर्नुभएको हो कि?
- करका दर हेरफेरबाट लाभान्वित हुने व्यक्तिहरूसँग तपाई आफैं सम्पर्कमा रहनुभएको भन्ने सुनिन्छ। यसमा खास के हो?
- सेनिटरी प्याडको विषयमा महिला मन्त्रालयको छुट दिनुपर्छ भन्ने रायको कुरा गर्नुभयो। करका विषयमा अन्य मन्त्रालयको राय भन्दा उद्योग मन्त्रालयको रायको औचित्य बढी हुने होइन र? किन त्यसलाई बढी ध्यान दिइएन? कच्चा पदार्थमा १ प्रतिशत र तयारी वस्तुमा १.५ प्रतिशत — यति कम अन्तरमा नेपाली उत्पादन प्रतिष्पर्धा गर्न सक्छन् त?
- फलाममा लागू गरिएको विभेदकारी दरले गर्दा कारण ठूला उद्योगहरू धराशायी हुन लागेका छन्। sponge iron मा दिइएको छुटको लाभ खै त उपभोक्तालाई? मूल्य त बढेकै छ।
- Palm oil मा दिइएको छुटले स्वदेशी तेल उद्योग मारमा परेका छन्।
- बढी दूरी चल्ने विद्युतीय गाडीमा किन भन्सार बढाइयो? वातावरणीय हिसाबले झन् प्रोत्साहन गर्नुपर्ने होइन?
- भन्सार सम्बन्धी विषयमा आन्तरिक राजस्व विभाग यसमा संलग्न हुनुपर्ने कारण के हो?
- जेठ १४ गते राति को-को कहाँ बसेर दर अन्तिम गर्नुभएको हो? त्यहाँ अनाधिकृत व्यक्ति थिए कि थिएनन्।

**थप प्रश्नमा महानिर्देशकको जबाफको सार संक्षेप**

- अधिकांश प्रश्नहरू भन्सार विभागसँग सम्बन्धित छन्। यद्यपि प्रक्रियामा संलग्न भएको र केही समय अघिसम्म मन्त्रालयमा रहेको हुँदा उठेका प्रश्नको उत्तर दिनुपर्ने जिम्मेवारी मेरो पनि हो।
- बजेट निर्माण प्रक्रियामा निजी क्षेत्रले पनि धेरै सुझाव दिन्छ। उहाँहरू आफ्ना अनुकूलका सुझाव दिनुहुन्छ। हामीले उहाँहरूको कुरा सुन्नुपर्ने हुन्छ, भाग्न मिल्दैन। त्यही भएर communication हुन्छ। तर हामी कसलाई फाइदा पुग्छ नहेरी समग्रमा मुलुकलाई

फाइदा हुने गरी गर्छौं। व्यवसायीहरूसँग संवाद भएपनि हामी दरबन्दी अन्तिम गर्ने समयमा संवादमा रहँदैनौं र गोपनीयता पनि भंग गर्दैनौं।

- सेनिटरी प्याडमा कच्चा पदार्थ र तयारी वस्तुमा भन्सार दरको अन्तर न्यून भएको कुरा सही हो। यति अन्तरले वास्तवमै नेपाली उत्पादनले प्रतिष्पर्धा गर्न सक्दैन। तर गुणस्तर लगायतका कारणले यति छुट दिँदा पनि आयातित प्याड नेपाली उत्पादनभन्दा महँगै छ।
- नेपालमै पनि billet उत्पादन हुने हुँदा Billet को आयातमा कर वृद्धिले billet मा आधारित उद्योग धराशायी नै हुने अवस्था त नुहुनुपर्ने हो। कतै कार्टेलिङ पो भएको छ कि? सम्बन्धित निकायको ध्यानाकर्षण होला।
- विद्युतीय गाडीका नाममा सार्वजनिक गाडी नभई विलासी निजी गाडी आई डलर धेरै बाहिरिने तर राजस्वमा योगदान नहुने देखिएकोले केही कर बढाइएको हो। अझै पनि डिजेल गाडीको तुलनामा एक चौथाइ मात्र कर छ।
- Palm oil चाउचाउ र बिस्कुट उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग हुने गरेको छ। स्वदेशी उत्पादनलाई सहयोग होस् भनेर कर छुट दिइएको हो।
- दरबन्दीमा भन्सार मात्र नभई अन्तःशुल्कको विषय पनि समावेश हुने र अन्तःशुल्क आन्तरिक राजस्व विभागको कार्यक्षेत्र पर्ने भएकोले यस विभागको महानिर्देशक पनि संलग्न हुनु आवश्यक नै हो। भन्सार र अन्तःशुल्कमा लिइएको नीतिमा तादम्यता मिलाउन र कतिपय आयातमा अन्तःशुल्क लाग्ने वस्तुमा स्वदेशी उत्पादनमा छुट दिनुपर्ने भएकोले सो समेत मिलाउन दुवै विभाग एकैसाथ बस्नु आवश्यक हुन्छ।
- जेठ १४ गते मन्त्रीज्यू, दुवै जना सचिवज्यू, भन्सार विभागका महानिर्देशक र म थियौं टोलीमा। logistics मा सहयोग गर्ने मन्त्रालयका कर्मचारीहरू मन्त्रालयमै भए पनि गोप्य कक्षमा यति ५ जना बाहेक कसैको पहुँच थिएन।

### ५.३ अर्थ मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री भूपाल बराल सँगको प्रश्नोत्तर र छलफल

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- बजेट निर्माणमा के-के काम हुन्छ? त्यसमा महाशाखा र तपाईंको भूमिका के रहन्छ?
- राजस्व दर हेरफेरमा कसकसको संलग्नता हुन्छ? तपाईंको भूमिका के हुन्छ? राजस्वका दर हेरफेर गर्नेमा अनाधिकृत व्यक्तिको संलग्नता थियो?
- समितिले माग गरे बमोजिम सीसीटीभी फुटेज किन उपलब्ध हुन सकेन?

- सेनिटरी प्याडमा नेपाली उद्योग नै माग धान्न सक्षम भएकोले आयातमा भन्सार बढाउनुपर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको राय विपरीत भन्सारमा ९० प्रतिशत छुट किन दिइएको हो? आयात गर्ने केही निश्चित व्यक्तिको फाइदालाई हेरेर गरिएको हो?
- Sponge iron मा भन्सार छुट दिने र billet मा बढाउने विभेदकारी नीति किन? यही कारण ठूला उद्योगहरू धराशायी हुन लागेको र यसले रोजगारी गुम्ने समाचारहरू पनि सञ्चार माध्यममा आइरहेका छन्।
- बढी दूरी चल्ने विद्युतीय गाडीमा किन भन्सार बढाइयो? वातावरणीय हिसाबले झन् प्रोत्साहन गर्नुपर्ने होइन?

**महाशाखा प्रमुखको जबाफको सार संक्षेप**

- बजेट निर्माण अन्तर्गत बजेट वक्तव्य मस्यौदा, रकम बाँडफाँड र बजेट विनियोजन, बजेट सम्बद्ध विधेयक सम्बन्धी, आवधिक समीक्षा, आर्थिक सर्वेक्षण तयार पार्ने लगायत काम हुन्छन्। यी काम २-३ महिना अघि देखि हुन्छन्। राजस्वका दर निर्धारण गर्ने एउटा काम चाहिँ बजेट संसदमा पेश हुने अघिल्लो रात गर्ने प्रचलन छ।
- मलाई माननीय मन्त्रीज्यूले बजेट वक्तव्य मस्यौदा समितिको संयोजकको जिम्मा दिनुभएकोले म त्यही काममा संलग्न थिएँ।
- करको दर निर्धारण गर्ने टिममा म थिइँन। मैले जानेबुझेसम्म मन्त्रीज्यू, दुवै सचिवज्यू र दुई विभागका DG हुनुहुन्थ्यो। म त्यहाँ नभएकोले अनाधिकृत व्यक्तिको बारेमा यकिन त भन्न सक्दिनँ तर आफ्नो आँखाले कोही अनाधिकृत व्यक्ति देखिनँ।
- सीसीटीभीको विषय प्राविधिक विषय भएकोले मलाई त्यति जानकारी छैन। महाशाखाको हिसाबले पनि प्रशासन महाशाखा अन्तर्गत पर्छ।
- बजेट निर्माणको समयभन्दा अघि देखि नै सेनिटरी प्याडमा "रातो कर" माफ गर्नुपर्छ भन्ने र आयात निरुत्साहन गर्न कर बढाउनुपर्छ भन्ने दुवै पक्षका Delegation मन्त्रीज्यूलाई भेट्न आएका हुन्। मन्त्रीज्यूले दुवै पक्षको कुरा सुन्नुभएको र विचार गरेर निर्णय लिन्छु भन्नुभएको जानकारी छ।
- विद्युतीय गाडी र फलामका सम्बन्धमा दर निर्धारण सम्बन्धी कुनै छलफलमा म सहभागी नभएकोले के भएको हो अनुमान गरेर बोल्न उपयुक्त नहोला।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरूको सार संक्षेप**

- बजेट वक्तव्य मस्यौदामा संलग्न हुनुभएको रहेछ। senior सहसचिवले गर्ने हो कि कुनै खास महाशाखाले गर्ने हो कि मन्त्री र सचिवले चाहेको सहसचिवलाई जिम्मेवारी दिने हो?
- अर्थ विधेयक सम्बन्धी टिप्पणीमा तपाईंको हस्ताक्षर छैन भन्ने सुनिएको छ। राजस्व महाशाखा प्रमुखकै हस्ताक्षर बिना अघि बढेको विधेयकको वैधानिकताको बारेमा तपाईंको धारणा के हो?
- कसैलाई क्षति पुग्ने र कसैलाई फाइदा हुने गरी भएको दर हेरफेरलाई नीतिगत भ्रष्टाचार भन्न मिल्छ कि मिल्दैन?
- बजेट तर्जुमा दिग्दर्शनले करका दर निर्धारण गर्ने कार्यमा राजस्व महाशाखा प्रमुख र महाशाखाका आन्तरिक राजस्व र भन्सार हेर्ने उपसचिव पनि संलग्न हुने भनेको छ नि? किन नहुनुभएको?
- त्यहाँ नहुनुभएको भए अनाधिकृत व्यक्ति प्रवेश गरेको समाचारको तपाईंले के आधारमा खण्डन गरेर विज्ञप्ति निकाल्नुभएको हो?

**थप प्रश्नमा महाशाखा प्रमुखको जबाफको सार संक्षेप**

- बजेट वक्तव्य लेखन राजस्व महाशाखाको परिधिमै पर्ने त होइन। सामान्यतया senior सहसचिवलाई दिने प्रचलन रहेछ। म भन्दा सिनियर एकजना हुनुहुन्छ। कुन हिसाबले मलाई दिनुभयो त थाहा भएन तर मन्त्रीज्यूले मलाई तोक्नुभएपछि मेरो लागि जिम्मेवारी र अवसर दुवै हो।
- आर्थिक ऐनको कुनै प्रक्रियामा राजस्व महाशाखा प्रमुखले हस्ताक्षर गर्ने प्रचलन छैन। म आफू संलग्न नभएकोमा गर्ने पनि होइन।
- दिग्दर्शनले तोकेको व्यक्ति यति बाहेक अरू आउन नमिल्ने भन्ने हो, यति सबै आउनुपर्ने भन्ने होइन। मलाई बजेट वक्तव्य मस्यौदाको जिम्मेवारी दिइएकोले म त्यसमै व्यस्त थिएँ।
- म मन्त्रालयको प्रवक्ता पनि भएकोले मन्त्रालयले जारी गर्ने विज्ञप्तिमा प्रवक्ताको हैसियतले मैले नै सही गर्ने हो। मेरो निजी नभई मन्त्रालयको संस्थागत कुरा हो।

**५.४ अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखा प्रमुख श्री चक्र बहादुर बुढा सँगको प्रश्नोत्तर र छलफल**

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- बजेट निर्माणमा तपाईं कुन कुन चरणमा कुन कुन काममा सहभागी हुनुभएको हो?
- बजेट निर्माणमा बाहिरी व्यक्तिको हस्तक्षेप भएको हो कि होइन?
- सेनिटरी प्याडमा नेपाली उद्योग नै माग धान्न सक्षम हुँदाहुँदै भन्सारमा ९० प्रतिशत छुट किन दिइएको?
- फलाम उद्योगमा किन एक समूहलाई फाइदा पुग्ने नीति लिइएको हो?
- विद्युतीय गाडीमा किन भन्सार बढाइयो? नेपालमा विद्युत surplus भएको अवस्था र वातावरणीय हिसाबले समेत झन् प्रोत्साहन गर्नुपर्ने होइन?

**महाशाखा प्रमुखको जबाफको सार संक्षेप**

- बजेट निर्माण अन्तर्गत बजेट वक्तव्य मस्यौदा समितिको सदस्यको रुपमा संलग्न थिएँ।
- महाशाखागत हिसाबले विभिन्न मन्त्रालयहरूलाई गरिने बजेट बाँडफाँड LMBIS प्रणालीमा entry गर्ने काम हुन्छ। कानून महाशाखासँगको समन्वयमा अर्थ विधेयक बाहेकका बजेट सम्बद्ध बाँकी विधेयकको काम पनि यस महाशाखाले गर्छ।
- कर सम्बन्धी विषयमा यस महाशाखाको कुनै संलग्नता हुँदैन। राजस्व व्यवस्थापन महाशाखा अन्तर्गत पर्ने विषय हो। यो सम्बन्धी विषयमा मैले बोल्नु उचित नहोला।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरूको सार संक्षेप**

- बजेट तर्जुमा अन्तर्गत के-के पर्छन्? यसमा को-को संलग्न हुनुपर्ने हो र को-को संलग्न भए?
- गोपनीयता कायम हुने सुनिश्चित गर्न के गरिएको थियो?
- तपाईंकै जिम्माको काममा पनि मन्त्रीज्यू र सचिवसँग छलफल गर्नुपर्ने नै होला। त्यसरी मन्त्री र सचिवसँग भेट्दा कोही अनाधिकृत व्यक्ति देख्नुभयो?
- जेठ १४ गते करका दर हेरफेर गर्ने समयमा तपाईंको उपस्थिति थियो कि थिएन? त्यहाँ कोही अनाधिकृत व्यक्ति थिए कि थिएनन्?

**थप प्रश्नमा महाशाखा प्रमुखको जबाफको सार संक्षेप**

- बजेट निर्माणमा सुरुमा राष्ट्रिय योजना आयोगले मन्त्रालयगत र समग्र सिलिङ निर्धारण गर्छ र मन्त्रालयहरूले entry गरेका कार्यक्रममा आयोग र अर्थ मन्त्रालयमै छलफल गर्छन्।

प्रतिबद्ध खर्चमा पर्याप्त रकम छुट्याएको छ कि छैन, सीमाभित्र छ कि छैन भनेर हामी हेर्छौं।

- बजेट निर्माणका क्रममा गोपनीयता कायम गरिएको हुन्छ। महाशाखामा सम्बन्धित व्यक्ति बाहेक प्रवेश हुँदैन। lock गरिएको हुन्छ, प्रहरी पनि खटाइन्छ।
- राजस्व सम्बन्धमा हाम्रो सहभागिता हुँदैन। हामीले खर्चको विषय हेर्ने हुँदा स्रोतको विषय पनि हामीलाई चाहिन्छ, त्यसका लागि राजस्व महाशाखले राजस्व लक्ष्यको कूल अंक दिन्छ, त्यति मात्रै थाहा हुने हो। यस पटक जेठ १३ गते राति कूल अंक दिनुभएको थियो।
- राजस्वका दरको छलफलमा हामी सहभागी हुँदैनौं, त्यहाँ के-के भयो थाहा हुँदैन। त्यहाँ हामीलाई प्रवेश गर्ने अनुमति हुँदैन, भए पनि हामी हाम्रै काममा यति व्यस्त हुन्छौं कि त्यहाँ जान पनि भ्याउँदैनौं।

**५.५ अर्थ मन्त्रालयका प्रशासन महाशाखा प्रमुख श्री केदारनाथ शर्मा र सूचना प्रविधि शाखा प्रमुख ठेकु श्रेष्ठ सँग प्रश्नोत्तर र छलफल**

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- जेठ १४ गते दिउँसो १२:०० बजेदेखि जेठ १५ गते दिउँसो १२:०० बजेसम्मको २४ घण्टाको फुटेज माग्दा असारको १४ दिनको फुटेज पठाएर समितिलाई सहयोग गर्न खोज्नुभएको कि असहयोग?
- मागेको अवधिको फुटेज छैन भने जबाफमा छैन भनेर किन नलेखेको?
- हामीले system नमागेको अवस्थामा system नै पठाउँछौं भनेर दुईपटक लेख्नुको आशय के हो?
- सीसीटीभी कहिलेदेखि जडान भएको हो? कहिले कहिले फेरबदल भएको छ? कतिवटा क्यामेरा सञ्चालनमा छन्? क्षमता कति छ?

**महाशाखा प्रमुखको जबाफको सार संक्षेप**

- महाशाखाभन्दा माथिल्लो तहको निर्णयले लेखिएको जबाफ हो।
- System नै हेर्दा सबै कुरा यकिन गर्न समितिलाई सहज होला कि भन्ने आशयले system उपलब्ध गराउछौं भनेको हो।
- २०७० सालदेखि CCTV जडान भएको देखिन्छ। अहिले माग भए जति अवधिको भण्डारण गर्ने क्षमता रहेनछ।

**सूचना प्रविधि शाखा प्रमुखको जबाफको सार संक्षेप**

- २०७० सालमा जडान भएको हो, अहिलेसम्म त्यही चलिरहेको छ।
- कुनैकुनै क्यामेरा बिग्रँदा मर्मत गरिने गरिएको छ, म सूचना प्रविधि शाखाको प्रमुख भइसकेपछि राजस्व सचिवज्यूको कार्यकक्षतिर जाने प्यासेजमा २ वटा क्यामेरा थप गरिएको छ। हाल १२ वटा क्यामेरा जडान भएका छन्।
- हामीसँग 2 TB को हार्ड डिस्कमा भण्डारण हुन्छ।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरूको सार संक्षेप**

- उपभोक्ता हित संरक्षण मञ्चलाई उक्त मितिको फुटेज छैन भनेर दिए जति स्पष्ट जबाफ समितिलाई किन नदिएको?
- सूचना प्रविधि प्रमुखलाई त त्यो मितिको फुटेज छैन भनेर थाहा थियो होला। समितिबाट माग भइ आएपछि जबाफ लेख्ने क्रममा माथिल्ला पदाधिकारीलाई छैन भनेर जानकारी दिनुभयो कि दिनुभएन?
- उपभोक्ता हित संरक्षण मञ्चलाई बढीमा १३ दिनको रहने भनेर उत्तर दिनुभएको छ। तर हामीलाई उपलब्ध गराउनुभएको hard drive मा १४ दिनको छ, अझ 2 TB मा 800 GB जति भण्डारण क्षमता अझै बाँकी नै छ त? कति दिनको रहने हो स्पष्ट पार्नुहोस्। त्यतिबेला १३ दिन के को आधारमा भन्नुभयो?
- सीसीटीभी सम्बन्धी कार्यविधिमा ३ महिनाको फुटेज राख्नुपर्ने व्यवस्था किन पालना नभएको?
- मन्त्रालयको सीसीटीभीको लिङ्क अन्यत्र कतै पनि जोडिएको छ?
- मेटिएकै भए पनि retrieve गर्न सकिने भनेर सञ्चार माध्यममा आइरहेको छ। retrieve गर्न सकिने हो?
- फुटेज आफैं डिलिट भएको हो कि कसैले गरेको हो?
- जेठ १४ गते सुरक्षाको लागि कति सुरक्षाकर्मी खटाइएको थियो? त्यो दिन कति पास वितरण भएको थियो?

**थप प्रश्नमा महाशाखा प्रमुखको जबाफको सार संक्षेप**

- उपभोक्ता हित संरक्षण मञ्चलाई सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना दिइएको हो। त्यसको निर्णय महाशाखा स्तरबाटै हुन्छ। समितिलाई दिइएको जबाफ मन्त्रीस्तरबाटै भएको हो। हामीसँग जे जति छ सबै दिने निर्णय भएकाले त्यही अनुसार पठाइएको हो।
- सीसीटीभी सम्बन्धी कार्यविधि खासगरी निजी तवरले राख्नेका लागि लक्षित हो। यद्यपि हामीले पनि त्यसको पालना गर्नुपर्ने हो। २०७८ भदौदेखि प्रशासन महाशाखा प्रमुखको रूपमा रहँदा त्यसको पालना गर्न नसकेको जिम्मेवारी स्वीकार्छु। अहिले अद्यावधिक गर्न लागेका छौं।
- सुरक्षाका लागि प्रहरी गणलाई अनुरोध गरेका हौं। सुरक्षा संवेदनशीलता हेरेर कति खटाउने उसैले निर्णय गर्ने हो।
- जेठ १४ र १५ गते सार्वजनिक बिदा भएकोले कुनै पनि पास जारी भएको थिएन।
- सूचना प्रविधि प्रमुखले भने अनुसार १३ दिन भनिएको हो। क्यामेराको गतिविधि अनुसार १-२ दिन घटीबढी हुन सक्ने रहेछ।

**थप प्रश्नमा सूचना प्रविधि शाखा प्रमुखको जबाफको सार संक्षेप**

- त्यो मितिको हामीसँग छैन भनेर मैले जानकारी गराएको थिएँ। जुन पठाइयो त्यो पठाउने कि नपठाउने निर्णय मेरो तहबाट हुने विषय होइन।
- सूचनाको हक अन्तर्गत सूचना माग भएपछि मलाई हेर्न भनिएको थियो। ३ दिनको डाटा विश्लेषण गर्दा १३ दिन सम्मको रहने देखिएपछि त्यसकै आधारमा जानकारी गराएको हुँ। १-२ दिन भेरिएशन हुनु सामान्य हो।
- समितिमा जतिसक्दो छिटो पठाउनुपर्ने भएकाले Canteen को ३ वटा क्यामेराको नपठाएको हुँदा हार्ड डिस्कको पुरै स्पेस नभरिएको हो।
- सीसीटीभीको अन्यत्र कतै लिङ्क छैन। यसको छुट्टै नेटवर्क छ।
- Retrieve हुने प्रविधिहरू छन्। हामीसँग त्यसको लागि चाहिने सफ्टवेयर र जनशक्ति छैन।

५.६ **राजस्व सचिव श्री कृष्णहरि पुष्कर सँगको प्रश्नोत्तर र छलफल**

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- बजेटमा करको दर निर्धारण गर्ने प्रक्रियाको बारेमा केही जानकारी दिनुहोस्।

- करका दर के का आधारमा हेरफेर गरिएको हो? कुनै व्यक्ति वा समूहलाई फाइदा पुग्ने गरी गरिएको भन्ने सुनिन्छ।
- करको दर परिवर्तन गर्ने समयमा अनाधिकृत व्यक्तिको प्रवेश भएको र तिनको प्रभाव परेको कुरा सही हो?
- राजस्वको दर हेरफेर गर्ने कार्यमा को-को हुनुहुन्थ्यो? कुन प्रक्रियाबाट हुन्छ?
- समितिले पत्रमा माग गरेको भन्दा फरक मितिको फुटेज उपलब्ध गराइएको छ। उपभोक्ता हित संरक्षण मञ्चलाई त्यो मितिको फुटेज छैन भन्नुभएको रहेछ। समितिलाई किन छैन भनेर स्पष्ट जबाफ दिनुभएन?

**सचिवको जबाफको सार संक्षेप**

- करका दरको सम्बन्धमा २ किसिमको तयारी हुन्छ। हामी आन्तरिक छलफल पनि गर्छौं र निजी क्षेत्र तथा सरोकारवालाबाट आएका सुझावहरूलाई पनि हेर्छौं।
- मन्त्रीज्यूको नेतृत्त्वमा राजस्व नीतिका बारेमा हप्तौं छलफल गरिन्छ। आयात प्रतिस्थापन गर्ने, स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने, रोजगारी सिर्जना गर्ने नीति थियो। कच्चा र तयारी पदार्थको आयातमा फरक तहमा महसुल लगाउने पनि हाम्रो नीति थियो। दर हेरफेरका आधार यीनै नीति हुन्।
- राजस्वका दर हेरफेर गर्ने टोलीमा मन्त्रीज्यू, अर्थ सचिवज्यू, म र दुई विभागमा महानिर्देशक गरी हामी ५ जना थियौं। हामी सबैले छलफल गर्छौं। अन्तिम निर्णय मन्त्रीज्यूको हुन्छ।
- म त्यहाँ हुन्जेल अनाधिकृत व्यक्ति कोही पनि देखिनँ। निराधार आरोप हो। राजस्वका दर निर्धारणमा अनाधिकृत व्यक्ति प्रवेश गर्ने कल्पना पनि गर्न नसकिने विषय हो।
- पत्रको जबाफ अर्थ मन्त्री समेत रहनुभएका सम्माननीय प्रधानमन्त्रीज्यूको निर्णयबाट लेखिएको हो। त्यसमा मेरो केही भन्नु छैन।
- सीसीटीभी मेरो कार्यक्षेत्रभित्र नपर्ने हुनाले त्यस विषयमा जबाफ दिँदा उचित नहोला।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरू र त्यसमा सचिवको जबाफको सार संक्षेप**

**प्रश्न : उद्योग मन्त्रालयले सेनिटरी प्याडमा नेपाली उद्योगहरू नै माग धान्न सक्षम भएकाले आयातमा भन्सार बढाउन सुझाव दिएको छ। तर आयातमा ९० प्रतिशत भन्सार छुट दिइएको छ। सरकारका उच्च पदाधिकारीका परिवारका सदस्य संलग्न प्याड आयात गर्ने**

**कम्पनी भर्खरै खुलेको भन्ने पनि सुनिन आएको छ। कसैको स्वार्थबाट प्रेरित भएर स्वदेशी उद्योगलाई धराशायी बनाउन खोजिएको हो?**

उत्तर : सेनिटरी प्याडमा धेरै गहन छलफल भएको हो। यसअघि लाग्दै आएको करलाई महिलाहरूले “रातो कर” भन्दै विरोध गरिरहनुभएको अवस्था थियो। आन्दोलनहरू पनि भएकै हुन्। उहाँहरूसँग छलफल हुँदा नेपाली उत्पादन र आयातित प्याडको गुणस्तरमा फरक भएको र धेरैले विदेशी नै रुचाउने कुरा गर्नुभएको हो। त्यसैले व्यापक छलफलपछि छुट दिइएको हो। सरकारले छात्राहरूलाई निःशुल्क वितरण गर्ने प्याड स्वदेशी उत्पादन नै खरिद गर्नुपर्ने व्यवस्था पनि हामीले गरेका छौं। स्वदेशी उद्योगलाई यो प्रावधानले संरक्षण गर्छ।

**प्रश्न : Sponge Iron आयातमा भन्सार र अन्तःशुल्क दुवैमा छुट दिइएको छ भने Billet मा दर बढाइएको छ। एउटै Industry भित्र यस्तो विभेदकारी कर नीतिले गर्दा Billet मा आधारित उद्योग धराशायी भई मजदुरहरू बेरोजगार हुने अवस्था आएको छ। यसको के औचित्य छ?**

उत्तर : कच्चा पदार्थ, अर्ध तयारी र तयारी वस्तुमा तहगत कर लगाउने नीति हो। एउटा कारण उत्पादन श्रृङ्खलामा billet भन्दा sponge iron एक तह पछाडि हुने भएकोले यसमा कम भन्सार लगाइएको हो। खेर गइरहेको विद्युत खपत गर्ने भएकोले पनि प्रोत्साहन गरिएको हो।

प्रश्न : पेट्रोलियम पदार्थको खपत पनि कम हुने र वातावरणीय पक्षले पनि प्रोत्साहन गर्नुपर्ने विद्युतीय गाडीमा किन भन्सार दर बढाइयो?

उत्तर : मध्यम वर्गले बढी किन्ने १०० किलोवाट सम्मको गाडीमा भन्सार लगाइएको छैन। त्यसभन्दा माथिकोमा लगाइएको हो। अहिले विदेशी मुद्रा सञ्चितिको पनि ख्याल गर्नुपर्ने भएकाले बढी डलर बाहिरिने महँगो गाडीलाई निरूत्साहित गर्न खोजिएको हो।

**प्रश्न : विभागहरू र राजस्व व्यवस्थापन महाशाखाबाट आएका दरका सिफारिस र अन्तिम निर्णय भएको दर कति मिल्छ र कति फरक छ? कति दर अन्तिम गर्ने भन्ने निर्णय वा टिप्पणीमा क-कसको हस्ताक्षर छ?**

उत्तर : विभाग र महाशाखाबाट आउने document मा निजी क्षेत्र, व्यवसायी र सरोकारवालाबाट के-के सुझाव प्राप्त भएका छन्, हालको दर के छ, WTO, SAFTA जस्ता सम्झौताबाट सिर्जित अधिकतम सीमा के छ जस्ता विषय उल्लेख हुन्छ, त्यसमा दर नै सिफारिस भएको चाहिँ हुँदैन। अन्तिम दर सहितको आर्थिक ऐनको विधेयक नै क्याबिनेटमा प्रस्तावको रूपमा जाने भएकोले अरू टिप्पणी अभिलेख राखिँदैन।

**प्रश्न : तपाईंले दर निर्धारण गर्ने अन्तिम समयमा ५ जना सहभागी थियौं भनिरहनु भएको छ। महानिर्देशकहरूले पनि त्यही भन्नुभयो। तर बजेट तर्जुमा दिग्दर्शनमा राजस्व महाशाखा प्रमुख र राजस्व महाशाखाका आन्तरिक राजस्व र भन्सार हेर्ने उपसचिवहरू पनि रहने भनेको छ। उहाँहरूलाई किन संलग्न गराइएन? ५ जना मात्रै हुनुहुन्थ्यो भने टाइपिङ्ग ५ जनामध्ये कसले गर्‍यो?**

उत्तर : को-को संलग्न हुन सक्ने भन्ने व्यवस्था हो। सबै हुनु अनिवार्य छैन। राजस्व महाशाखा प्रमुख बजेट वक्तव्य मस्यौदा गर्ने समितिको संयोजक हुनुभएको र मस्यौदा अन्तिम रूप दिनुपर्ने भएकोले त्यसमै व्यस्त हुनुहुन्थ्यो। दर बाहेक अरू सबै तयार भइसकेको फर्म्याटमा २ जना महानिर्देशकले आ-आफ्नो विषयका दरहरू entry गर्नुभयो।

**प्रश्न : दरमा अन्तिम निर्णय मन्त्रीज्यूको हुन्छ भन्नुभयो। तर तपाईंहरूले पनि कुरा त राख्नुहुन्छ होला नि?**

उत्तर : हामी सबैले छलफल गर्छौं। व्यापक छलफल हुन्छ, feedback पनि दिन्छौं। बजेट राजनीतिक दस्तावेज भएकोले अन्तिम निर्णय त मन्त्रीकै हुने गर्छ।

**प्रश्न : बजेटमा तपाईंको हस्ताक्षर छ कि छैन?**

उत्तर : मन्त्रालयबाट क्याबिनेट जाने प्रस्तावमा राजस्व सचिवले हस्ताक्षर गर्ने प्रचलन छैन, अर्थ सचिवले गर्नुहुन्छ। मेरो हस्ताक्षर छैन।

**प्रश्न : बजेट आए लगत्तै किन विदेश जानुभएको?**

उत्तर : पूर्वनिर्धारित नै कार्यक्रम थियो। मन्त्री र मुख्यसचिवबाट स्वीकृति लिएरै गएको हुँ।

**प्रश्न : मन्त्रीज्यूले “११:३० बजेतिर म निस्किएँ। बिहान आउँदा सचिवहरू सोफामै निदाइरहनु भएको थियो ” भनेर अभिव्यक्ति दिनुभएको छ। मन्त्रीज्यू निस्कनुभएको हो? त्यो बीचमा के-के गर्नुभयो?**

उत्तर : ठ्याक्कै समय त याद छैन। तर मन्त्रीज्यूले दिनुपर्ने जति सबै निर्देशन दिइसक्नु भएपछि निस्कनुभएको हो। DG हरूले entry गरेर रूजु गरिसकेपछि कार्यकक्षमै एकछिन आराम गरेको हो।

## ५.७ अर्थ सचिव श्री मधु कुमार मरासिनी सँगको प्रश्नोत्तर र छलफल

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- बजेटमा करको दर निर्धारण गर्ने प्रक्रियामा अनाधिकृत व्यक्ति प्रवेश गरी प्रभाव पारेको भन्ने समाचार सञ्चार माध्यममा आए। अनाधिकृत व्यक्तिको प्रवेश भएको हो? अनाधिकृत व्यक्तिले कस्तो प्रभाव पारे?
- कुनै व्यक्ति वा समूहलाई लक्षित गरी फाइदा पुग्ने गरी करका दर निर्धारण भए जस्तो देखिन्छ। फलाम उत्पादन गर्ने एक किसिमका उद्योगलाई छुट र अर्को किसिममा दर बढाइएको छ। विद्युतीय गाडीमा १०० किलोवाटको थ्रेसहोल्ड लगाएर त्यसभित्र पर्ने सीमित कम्पनीलाई मात्र भन्सार छुट दिई अरूलाई भन्सार लगाइएको छ।
- स्वदेशी उद्योग संरक्षण गर्ने पनि भन्ने, अनि नेपाल आन्तरिक उत्पादनले नै आत्मनिर्भर हुन सक्ने सेनिटरी प्याडको आयात गर्दा लाग्दै आएको भन्सारमा ९० प्रतिशत छुट दिँदा स्वदेशी उद्योग धराशायी हुँदैनन्?
- समितिले मागेको फुटेज र कागजात उपलब्ध गराउने प्रकृयागत विषयमा पनि किन प्रधानमन्त्रीबाट निर्णय गराउनु परेको हो? जिम्मेवारी पन्छाउन हो?

**सचिवको जबाफको सार संक्षेप**

- करका दर निर्धारण कर्ने समयमा कोही अनाधिकृत व्यक्तिको संलग्नता छैन। मिडियामा त २ जना सचिव र राजस्व महाशाखा र बजेट महाशाखाका सहसचिव भएको उल्लेख छ, जब कि राजस्व महाशाखाका सहसचिव बजेट वक्तव्य मस्यौदालाई अन्तिम रूप दिने कार्यमा व्यस्त हुनुहुन्थ्यो र बजेट महाशाखाका सहसचिव LMBIS को काममा हुनुहुन्थ्यो। यसले पनि मिडियामा आएका कुरा आधारहीन हुन् भन्ने देखाउँछ।
- नीतिगत परिवर्तनले कसैलाई फाइदा र कसैलाई घाटा हुन सक्छ, त्यो कसैलाई लक्षित गरेर गरिएको होइन। गत वर्ष विद्युत खेर गयो। विद्युत खपत बढाउने उद्योगलाई केही प्रोत्साहन गर्नुपर्छ भन्ने सुझावहरूलाई पनि ध्यान दिइएको हो।
- विद्युतीय गाडीमा धेरै डलर बाहिरिन्छ। अहिले नीति बनाउँदा मुद्रा सञ्चितिलाई पनि विशेष ध्यान दिनुपर्ने अवस्था छ। १०० किलोवाट सम्मका गाडीमा छुट यथावत् छ। सर्वसाधारणले प्रयोग गर्ने गाडी त्यसैभित्र पर्छन्। विलासी गाडीबाट केही राजस्व पनि आउनुपर्छ भनेर हो।

- सेनिटरी प्याडमा स्वदेशी उद्योगहरूको कुरा पनि सुनिएको हो। तर रातो करको व्यापक विरोध र आन्दोलन भएपछि महिलाको मागलाई सम्बोधन गरिएको हो। यसमा स्वदेशी उद्योगलाई मर्का पर्ने अवस्था छैन। सरकारी तवरबाट छात्राहरूलाई वितरण गरिने सेनिटरी प्याड स्वदेशी उत्पादन नै खरिद गर्नुपर्ने व्यवस्था पनि यही बजेटमा गरेका छौं। स्वदेशी उद्योगको जति उत्पादन क्षमता छ त्यो सबै खपत हुन्छ।
- विशेष छानबिन समितिलाई पठाउने जबाफ राजनीतिक तहबाटै निर्णय हुनु उपयुक्त हुन्छ भनेर मन्त्रीस्तरीय निर्णय गरिएको हो। हाल सम्माननीय प्रधानमन्त्रीज्यूले नै अर्थ मन्त्रालय हेरिरहनुभएकोले उहाँबाट निर्णय भएको हो।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरू र त्यसमा सचिवको जबाफको सार संक्षेप**

**प्रश्न : Sponge Iron आयातमा भन्सार र अन्तःशुल्क दुवैमा छुट दिइएको छ र निर्यातमा पनि ८ प्रतिशत Incentive दिइएको छ। Billet मा दर बढाइएको छ। एउटै Industry भित्र एक किसिमका Production line लाई तेहेरो सुविधा र अर्को लाई भार थपिएको छ। यस्तो विभेदकारी कर नीतिले गर्दा Billet मा आधारित उद्योग धराशायी भई मजदुरहरू बेरोजगार हुने अवस्था आएको छ। यसको के औचित्य छ?**

उत्तर : अहिले विदेशी मुद्रा ठूलो समस्याको रूपमा रहेको छ। त्यसैलाई हेरेर निर्यात प्रवर्द्धन गर्न incentive दिइएको हो। तुलनात्मक लाभका क्षेत्रमा निर्यात प्रवर्द्धन गर्नुपर्छ भन्ने नीति लिएका हौं। यद्यपि फलाम व्यवसायीहरूसँग वार्ता भइसकेको छ। मर्का पर्ने नै हो भने केही संशोधन गर्न सकिन्छ भनेर मन्त्रीज्यूले भनिसक्नु भएको छ। अध्ययन गर्नुपर्ने हुन्छ।

**प्रश्न : के कच्चा पदार्थ र के तयारी वस्तु भनेर छुट्टाउने मापदण्ड के छ?**

उत्तर : विश्व भन्सार संगठनको HS Code छुट्टाउने आधार हो।

**प्रश्न : समितिले मागेको भन्दा फरक मितिको समितिलाई सान्दर्भिक नै नहुने फुटेज किन पठाउनुभएको। एउटा NGO ले सूचनाको हक प्रयोग गरी फुटेज माग्दा उक्त मितिको फुटेज छैन भनेर लेख्नुभएको रहेछ, समितिलाई किन छैन भनेर लेख्नुभएन?**

उत्तर : एउटा निजी संस्थालाई दिएको जबाफभन्दा सार्वभौम संसदको समितिलाई दिने जबाफ बढी विस्तृत हुनुपर्छ भनेर हामीसँग जे छ त्यो सबै उपलब्ध गराएका हौं।

**प्रश्न : सीसीटीभी सम्बन्धी कार्यविधिमा ३ महिनाको अभिलेख सुरक्षित हुनुपर्ने भनिएको छ। त्यो कार्यविधि पालना नभएकोमा सचिवको हैसियतले तपाईंले जिम्मेवारी लिनुपर्छ कि पर्दैन?**

उत्तर : सीसीटीभी सम्बन्धी कार्यविधि छ, त्यो अनुसार मन्त्रालयको सीसीटीभीको क्षमता छ कि छैन भन्ने विषयमा ध्यान पुगेको रहेनछ। पालना गरिनुपर्थ्यो। अन्य मन्त्रालयले पनि पालना गरेका छैनन्।

**प्रश्न : विभाग तथा राजस्व महाशाखाबाट सिफारिस भएको दरभन्दा अन्तिम निर्णय भएको दर के-के मा कति अन्तर छ? निर्णयको टिप्पणी छ कि छैन?**

उत्तर : दरको अङ्क सिफारिस भएको हुँदैन। करका दर निर्धारण हुँदा टिप्पणी उठाउने चलन छैन।

**प्रश्न : आर्थिक विधेयकमा राजस्व सचिवको हस्ताक्षर छ कि छैन? छैन भने किन नभएको? राजस्व सचिवलाई भूमिका निर्वाह गर्न नदिइएको हो?**

उत्तर : राजस्व सचिव सबै प्रक्रियामा पूर्ण रूपले संलग्न हुनुहुन्छ। प्रस्तावको रूपमा मन्त्रीपरिषद् जाने दस्तावेजमा एक जना सचिवले हस्ताक्षर गर्ने हो, अर्थ सचिवले गर्ने अभ्यास छ। त्यसैले राजस्व सचिवको हस्ताक्षर नभएको हो।

**प्रश्न : बजेट तर्जुमा दिग्दर्शन अनुसार करका दर निर्धारण गर्ने कार्यमा राजस्व महाशाखाका सहसचिव र २ जना उपसचिव पनि रहन सक्ने व्यवस्था छ। वहाँहरूलाई संलग्न नगराई किन ५ जनाले मात्र अन्तिम गर्नुभएको?**

उत्तर : राजस्वका दरमा गोपनीयता अत्यन्त महत्त्वपूर्ण हुन्छ। त्यही भएर संलग्न हुन सक्ने ८ जना मध्ये पनि ५ जना मात्र बसेका हौं। वहाँहरू अरू जिम्मेवारीमा हुनुहुन्थ्यो।

**प्रश्न : तपाईं त यो विषयमा विवाद आएपछि बिदामा पनि बस्नुभएको थियो। जनार्दन शर्मा मन्त्री हुँदासम्म नफर्कने भन्नुभएको थियो भनेर मिडियामा सुनिएको थियो। मन्त्रीले राजीनामा दिनुभएपछि भोलिपल्टै फर्कनुभयो फेरि। मन्त्रीले राजीनामा नदिँदा बिदा बस्नुपर्ने र राजीनामा दिएपछि फर्कने के कारण थियो।**

उत्तर : जुन किसिमको विवाद मिडियामा आयो र त्यसपछि सदनमा पनि कुरा उठ्यो, मिडिया र सामाजिक सञ्जालमा व्यक्तिगत रूपमा मलाई पनि धेरै नकारात्मक टीकाटिप्पणी आए। मानसिक रूपमा त्यो सबै थेग्न नसकेर केही समय बिदा बस्छु भनेर बसेको हो। सम्माननीय प्रधानमन्त्रीले नै अर्थ मन्त्रालय सम्हाल्न थाल्नुभएपछि मलाई फर्केर सहयोग गर्न भन्नुभयो। देशको कार्यकारी प्रमुखले त्यति भन्नुभएपछि नमान्ने कुरै भएन।

### ५.८ पूर्व अर्थ सचिव श्री शिशिर कुमार ढुङ्गाना सँगको छलफल

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- बजेट निर्माणमा तपाईंको अनुभव के छ?

- करको दर निर्धारण गर्ने परम्परा कस्तो छ? मन्त्रीले जे भन्यो त्यही हुने हो? सचिवको भूमिका कति हुन्छ?
- तपाई सचिव हुँदा करका दर निर्धारणमा को-को संलग्न हुनुहुन्थ्यो? बजेट तर्जुमा दिग्दर्शनले निर्धारण गरेका व्यक्तिहरूको संलग्नता कस्तो हुन्थ्यो? सबैजना संलग्न हुने हो?

**पूर्वसचिवको जबाफको सार संक्षेप**

- २ वर्ष भन्सार विभागको महानिर्देशक हुँदा पहिलो पटक बजेट निर्माण प्रक्रियामा सहभागी भएको हुँ। त्यसपछि १ पटक राजस्व सचिव र २ पटक अर्थ सचिवको रूपमा बजेट निर्माणमा सहभागी भएको छु।
- धेरै छलफल सहित दर निर्धारण हुन्छ। राजस्व परामर्श समिति हुन्छ जसमा निजी क्षेत्र पनि समावेश हुन्छ र व्यावसायिक सङ्ग सङ्गठनबाट सुझावहरू पनि लिइन्छ। बजेट बनाउनभन्दा त्यस्तै ३-४ दिन अघि मात्र त्यसले प्रतिवेदन दिन्छ। त्यसमा नीतिगत सुझाव हुन्छ, दर किटान गरेर सुझाव दिइएको हुँदैन।
- करका दर निर्धारण गर्दा के-के परिवर्तन गरियो भने त्यसले राजस्वमा कस्तो असर पर्छ, बजेटले लिएका नीतिमा सहयोग पुग्छ कि पुग्दैन, कुन क्षेत्रलाई कस्तो प्रभाव पार्छ भन्ने जस्ता विषयहरू विभिन्न विकल्पहरूको तीन महले बनाएर विश्लेषण गरिन्छ।
- मन्त्रीको अन्तिम अधिकार भएपनि छलफलमा सबैको input हुन्छ। मन्त्रीले भनेको कुनै कुरा नमिल्ने लाग्यो भने यति कारणले यो मिल्दैन भनेर convince गराउनुपर्छ, त्यो भूमिका सचिवले खेल्नुपर्छ। मेरो आफ्नै अनुभवमा तर्कसहित बताएपछि मन्त्रीले मान्नुहुन्छ।
- दर निर्धारण गर्दा मन्त्री र सचिव त हुनैपर्‍यो। राजस्व महाशाखाका सहसचिव पनि बस्छन्। आन्तरिक राजस्वको छलफलमा आन्तरिक राजस्व विभागका महानिर्देशक र राजस्व महाशाखाका आन्तरिक राजस्व हेर्ने उपसचिव पनि संलग्न हुन्छन्। भन्सारको छलफलमा भन्सार विभागका महानिर्देशक र राजस्व महाशाखाका भन्सार हेर्ने उपसचिव। म भन्सार विभागको महानिर्देशक हुँदा आन्तरिक राजस्वको छलफलमा बस्दिनथेँ। म सचिव हुँदा पनि त्यही नै अभ्यास थियो।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरू र त्यसमा पूर्वसचिवको जबाफको सार संक्षेप**

**प्रश्न : फलाम उद्योगमा sponge iron मा भन्सार र अन्तःशुल्क छुट दिइनु र Billet मा दर बढाइनु तपाईंको धारणामा कस्तो लागेको छ?**

उत्तर : विद्युत खपत र निर्यात सम्भावनाको कोणबाट sponge लाई प्रोत्साहन गर्ने नीति ठीकै होला, तर एउटा प्रविधिलाई अर्को प्रविधिमा रूपान्तरण गर्न समय दिएर त्यसका लागि चाहिने उपकरणमा सहुलियत दिनुपर्थ्यो। त्यसो नगर्दा level playing field को अवधारणा विपरीत भयो भन्ने मलाई लाग्छ।

**प्रश्न : सेनिटरी प्याडमा आयातमा दिइएको छुटको बारेमा तपाईंको धारणा के छ?**

उत्तर : स्वदेशी उद्योग कति छन् र तिनको उत्पादन क्षमता कति छ, त्यसको विश्लेषण नपुगेको भन्ने लागेको छ।

**प्रश्न : विद्युतीय गाडीमा भन्सार लगाइएको विषयमा तपाईंको धारणा के छ?**

उत्तर : सर्वसाधारणले खरिद गर्ने एउटा range सम्म न्यूनतम स्ल्याबमा राखिएको हुन्छ। पहिले १५० किलोवाट थियो, अहिले १०० किलोवाट बनाइएछ।

**प्रश्न : तीन महले अनिवार्य हो? सुरक्षित राखिन्छ? नियमनकारी निकायले यो हेर्न पाउँछ?**

उत्तर : बाध्यकारी होइन। निर्णयकर्तालाई सजिलो होस् भनेर बनाउने गरिन्छ।

**प्रश्न : फोन अफ गर्नुपर्ने भनिएको छ कार्यविधिमा। तपाईंको अनुभवमा पालना गरिन्छ यो नियम? Whatsapp, Viber जस्ता माध्यमको बारेमा के छ? अनाधिकृत व्यक्ति प्रवेश गर्ने र प्रभाव पार्ने कुनै loopholes हुन्छन्?**

उत्तर : २०६८ सालमा बजेटको सूचना चुहावट भएपछि कार्यविधि बनेको हो। कार्यविधिको मूल मर्म गोपनीयता नै हो। मोबाइल अफ नै गरिन्छ। ढोकाहरूमा डबल लक सिस्टम लागू गरिएको छ।

**प्रश्न : बजेट वक्तव्य मस्यौदा कसले गर्ने परम्परा हो?**

उत्तर : वक्तव्य मस्यौदा समितिको नेतृत्व सिनियर सहसचिवले गर्ने परम्परा छ।

**प्रश्न : दर निर्धारण गर्ने समयमा राजस्व महाशाखा प्रमुखलाई राख्नु कत्तिको आवश्यक हो?**

उत्तर : पारित भइसकेपछि कार्यान्वयन गराउने जिम्मेवारी खासगरी राजस्व महाशाखा प्रमुखकै हुने भएकोले राख्नु नै उचित हुन्छ।

**प्रश्न : ३ महिनाको सीसीटीभी फुटेज राख्नुपर्ने प्रावधानप्रति तपाईं सचिव हुँदा ध्यान पुगेन? आफूपछि आउने सचिवलाई हस्तान्तरण गर्दा यो विषय जानकारीमा आएन?**

उत्तर : कुनै विवाद नआउँदासम्म कुरा उठेन। भएको कार्यविधि पालना नहुनुमा मेरो पनि केही कमजोरी भएकै मान्नुपर्छ। सचिव परिवर्तन हुँदा कामको हिसाबले गर्नुपर्ने के-के छ, अभ्यास के-के छन् भन्ने संस्थागत स्मृति २४-२५ पानाको हस्तान्तरण गरेको हो, त्यसमा भौतिक सम्पत्तिको बारेमा छैन।

**५.९ अन्नपूर्ण पोष्टका संवाददाता सुरेन्द्र काफ्ले र ममता थापा सँगको प्रश्नोत्तर र छलफल सभापति र सदस्यरूले राख्नुभएका प्रश्न र त्यसमा संवाददाताहरूले दिनुभएको उत्तरको सार संक्षेप**

**प्रश्न : तपाईंहरूले नै अन्नपूर्ण पोष्टमा जेठ ३० गते प्रकाशित गर्नुभएको न्यूज रिपोर्टकै आधारमा सदनमा पनि कुरा उठेर यो समिति गठन भएको छ। समाचारमा लेख्नुभएका विषयहरूको स्रोत के हो? यस सम्बन्धमा तपाईंहरूसँग के प्रमाण छ? समितिलाई बताइदिनुभयो भने समितिलाई धेरै सहयोग हुने थियो।**

उत्तर : हामीले हाम्रो समाचारको स्रोत खुलाउन मिल्दैन। स्रोतको संरक्षण गर्नु पत्रकारिताको धर्म नै मानिन्छ। हामीसँग भएको सूचना बाहिर ल्याउनु हाम्रो काम थियो, त्यो हामीले गरिहाल्यौं। यसलाई समितिले नै निष्कर्षमा पुऱ्याओस् भन्ने हाम्रो चाहना हो।

**प्रश्न : अहिले पत्रकारितामा धेरै प्रतिष्पर्धा छ। तपाईंहरूलाई चुकाउन कसैले गलत सूचना त दिएको होइन? तपाईंहरू आफ्नो स्रोत प्रति र आफूले लेखेको समाचार प्रति कतिको विश्वस्त हुनुहुन्छ?**

उत्तर : हामी शतप्रतिशत विश्वस्त छौं। हामीसँग यो सूचना जेठ १५ गते नै आइसकेको थियो। प्रमाणहरू सङ्कलन गर्न र समाचारको भेरिफाई गर्न समय लागेकोले गर्दा ३० गते मात्र प्रकाशित भएको हो। हामीले लेखेको कुरा सत्य हो भन्नेमा हामी ढुक्क छौं।

**प्रश्न : यो विषयलाई निष्कर्षमा पुऱ्याउन सकिएन भने तपाईंहरूकै पनि विश्वसनीयतामा प्रश्न उठ्न सक्छ। काल्पनिक कुरा लेखेर सार्वजनिक ओहोदामा बसेका व्यक्तिहरूको बदनामी गराउन खोजेको आरोप पनि लाग्न सक्छ। स्रोत खुलाउन नमिल्ने पेशागत मर्यादाभित्रै बसेर पनि केही clue हरू दिन सकिन्छ भने दिनुहोला।**

उत्तर : Clue हामीले लेखेका न्यूजहरूमै प्रशस्त छन्। जेठ ३० गते एक दिन मात्र होइन, हामीले यस विषयमा पटकपटक लेखेका छौं। अघिल्लो प्रतिस्थापन विधेयकका विषयमा पनि लेखेका छौं। हामीले दिने clue पत्रिका मार्फत नै दिने हो। हामीलाई विश्वास छ समितिले यो विषयलाई निष्कर्षमा पुऱ्याउँछ। हामीले लेख्ने विषय अझै बाँकी नै छ, समयक्रममा हामी लेख्दै जाने छौं।

**प्रश्न : समितिले अहिले गरिरहेका कामका विषयमा त जानकार नै हुनुहुन्छ। तपाईंहरूको सुझावमा समिति सही बाटोमा हिंडिरहेको छ? हामी कसरी सत्यको नजिक पुग्न सक्छौं?**

उत्तर : हामीले हेर्दा समिति सीसीटीभीमा धेरै केन्द्रित भयो जस्तो लागेको छ। त्यो त डिलिट भयो भनेर कुरा आइसकेको छ। दर हेरफेरले कहाँ-कहाँ क-कसलाई प्रभाव पार्‍यो भन्ने विषय हेर्नुहोस्। कल डिटेलमा समिति प्रवेश गरेकै छैन।

**प्रश्न : सचिव, महानिर्देशक सबैले हामी ५ जना मात्र थियौं, अनाधिकृत व्यक्ति कोही थिएन भनेर statement दिनुभएको छ समितिमा।**

उत्तर : रेडिमेड जबाफ दिनुभएन होला भनेर कसरी मान्ने? राजस्व सचिवले धेरै अधिकार छैन भन्नुभएको छ, राजस्व महाशाखा प्रमुख बजेट भाषण लेख्दैहुनुहुन्थ्यो। मुख्य व्यक्तिहरू संलग्न नभएपछि दर निर्धारणको काम कसले चाहिँ गर्‍यो होला त भन्ने कोणबाट पनि सोच्नुहोस्।

## ५.१० निवर्तमान अर्थमन्त्री माननीय जनार्दन शर्मा सँगको प्रश्नोत्तर र छलफल

**माननीय सभापतिले सुरुमा राख्नुभएका प्रश्नहरूको सार संक्षेप**

- यस वर्ष बजेट निर्माण प्रक्रियामा के-के काम कसरी भएका थिए?
- बजेटमा करको दर निर्धारण गर्ने प्रक्रियामा अनाधिकृत व्यक्ति प्रवेश गरी प्रभाव पारेको भन्ने समाचार सञ्चार माध्यममा आए। अनाधिकृत व्यक्तिको प्रवेश भएको हो? अनाधिकृत व्यक्तिले कस्तो प्रभाव पारे?
- समितिले जेठको सीसीटीभी फुटेज मागेकोमा मन्त्रालयले असारको दिएको छ। जेठको फुटेज छैन पनि भनेको छैन। कार्यविधि अनुसार राख्नुपर्ने अविधको फुटेज राखिएको छैन। यस्तो क्रियाकलापले शङ्का उब्जाएको छ।
- स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने र आयात निरूत्साहन गर्ने नीति छ भनेर सबै पदाधिकारीले भन्नुहुन्छ। सेनिटरी प्याडमा नेपाल self sufficient छ। तर यसैको आयातमा ९० प्रतिशत भन्सार छुट किन?
- Sponge Iron र Billet मा फरक नीति लिइएको छ। एउटामा कर घटाइएको छ अर्कोमा बढाइएको छ। यसले गर्दा उद्योगीहरू आन्दोलनमै उत्रिनु परेको अवस्था छ। यस्तो नीति किन लिइयो?
- वातावरणीय हिसाबले प्रोत्साहन गर्नुपर्ने विद्युतीय गाडीमा किन भन्सार बढाइयो?

**निवर्तमान मन्त्रीको जबाफको सार संक्षेप**

- सुरुमा बजेट निर्माणका केही प्रक्रियागत कुरा राख्न चाहन्छु। बजेटमा आम सरोकारवालाका चासोका विषय हुँदा रहेछन्। ४० भन्दा बढी सरोकारवाला समूहहरूसँग छलफल गरियो। जनस्तरमा पनि व्यापक छलफल गरियो। मधेशका अत्यन्त गरीब समुदायदेखि कर्णालीका दलित समुदायसँग पनि छलफल गरियो। विभिन्न क्षेत्रका अर्थविद्हरूसँग पनि छलफल गरियो। पूर्व अर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्व सदस्यहरूसँग छलफल गरियो। मन्त्रालयमा आएका सरोकारवालाका मागहरूको अध्ययन गरियो। सचिवले विभागीय प्रमुखहरूलाई प्रारम्भिक रूपमा निर्देशन दिनुभयो। विभागहरूले आफ्नो तयारी गरे। वक्तव्यको खाका तयार हुन थाल्यो। अन्तिम सातामा मात्र ती सबैको ब्रिफिङ्ग सुनें। जेठ १४ गतेका दिन मन्त्रालयका विभिन्न महाशाखाहरूमा अत्यन्त व्यस्तताका साथ काम हुँदै थिए। त्यसलाई "कारखाना" भनिँदो रहेछ। १४ गते साँझ २ जना सचिव र २ जना महानिर्देशकलाई राखेर मैले नीतिगत निर्देशन दिएँ। निर्देशन दिइसकेर साढे ११ बजे तिर निवास गएको थिएँ। बिहान लगभग ६ बजेतिर फर्कें।

- गरिबी अन्त्य गर्न सघाउ पुऱ्याउने, व्यापार घाटा कम गर्ने, अति आवश्यक नहुने वस्तुमा दर बढाउने, तस्करी हुने वस्तुमा तस्करी हुन नसक्ने गरी बढाउने नीति लिएका थियौं। निकासी हुन सक्ने, विद्युत खपत गर्ने उद्योगलाई प्राथमिकता दिने पनि नीति थियो। आयातमा आधारित अर्थतन्त्रबाट उत्पादनमा आधारित अर्थतन्त्रतर्फ जाने लक्ष्य लिइएको थियो। यस पटक विदेशी मुद्रा सञ्चितिलाई पनि विशेष ध्यान दिनुपर्ने आवश्यकता थियो। कच्चा पदार्थ, अर्धतयारी र तयारी वस्तुमा तहगत फरक हुनुपर्ने नीति लिइयो।

- मन्त्रालयमा भित्र बाहिर जाने बाटोमा लक गरिएको थियो। सुरक्षाकर्मी पनि खटिएका थिए। मन्त्रालयको परिचयपत्र भएका व्यक्ति बाहेक कोही आउन जान सक्दैन। कोही बाहिरी मान्छे, अनाधिकृत मान्छे आउन सक्ने सम्भावना नै हुँदैन।

- सीसीटीभी सम्बन्धी कार्यविधि मलाई पनि थाहा थिएन। क्षमता कति छ भनेर प्राविधिक कुरा थाहा थिएन। म मन्त्री हुँदै एउटा संस्थाबाट माग भएको थियो। सचिवले यस्तो आएको छ भनेर देखाउनुभएको थियो। प्रक्रिया पुऱ्याएर दिनुहोस् भनेर निर्देशन दिएको थिएँ। समितिले माग गरेको र त्यसमा मन्त्रालयले जबाफ दिएको सम्बन्धमा मैले राजीनामा दिइसेकपछि मन्त्रालयबाट भएका कुराहरूको विषयमा मलाई जानकारी छैन।

- सरकारले बजेटमार्फत स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने र आयात निरुत्साहन गर्ने नीति लिएको हो। सेनिटरी प्याड चाहिँ अपवाद नै हो। महिला सरोकारवालाहरूको लामो समयदेखिको माग थियो। महिला माननीयज्यूहरूले सदनमा पनि कुरा उठाउनुभएकै हो।

"रातो कर माफ गर" भनेर महिनौं आन्दोलन भएको हो। प्याडमा लगाउँदै आइएको भन्सारले महिलाहरूलाई साँच्चै नै अन्याय भएको रहेछ जस्तो महसुस भयो। यसबाट कति राजस्व आउँदो रहेछ भनेर सचिवलाई सोधें, १२-१४ करोड आउँछ भन्ने तथ्याङ्क पेश गर्नुभयो। त्यसोभए त्यति राजस्व अरू स्रोतबाट make up गरेर यसमा हटाइदिनुहोस् भनेर निर्देशन दिएको हुँ। तर स्वदेशी उद्योगलाई पनि मार पर्न दिएको छैन। स्वदेशी उत्पादकले कच्चा पदार्थ आयात गर्दा लाग्ने भन्सार १ प्रतिशतमा सीमित गरिएको छ। आयकरमा पनि छुट दिइएको छ। अहिले १ अर्ब २४ करोडको व्यापार भएका स्वदेशी उत्पादकलाई सरकारी खरिदमा स्वदेशी नै किन्नुपर्ने प्रावधानबाट २ अर्बको बजार सुनिश्चित गरिदिएका छौं।

- Sponge iron मा वातावरणका केही प्रश्न उठेका छन् तर नयाँ प्रविधिले त्यसलाई समाधान गर्दै आएका पनि छन्। billet मा भन्दा sponge iron मा डलर कम बाहिरिन्छ। विद्युत खपत पनि यसले बढाउने रहेछ। नेपालको फलाम खानीबाट उत्पादन सुरु भएपछि त्यसैको कच्चा पदार्थ उपयोग हुन सक्छ। सिमेन्टमा हामी आत्मनिर्भर भइसक्यौं, ढुङ्गा पनि हामीसँगै छ। फलाममा आत्मनिर्भर हुन सक्यौं भने हामी निर्माणमा आत्मनिर्भर हुन्छौं। विस्तृत अध्ययन गरौं, म जिम्मेवारीका साथ भन्न सक्छु, देशलाई फाइदा नै पुग्ने नीति छ।

- विद्युतीय गाडीमा तह निर्धारण गऱ्यौं। बाइकहरूमा CC भनेजस्तो के का आधारमा गर्ने भन्दा विद्युतीय गाडीमा किलोवाटको आधारमा हुँदो रहेछ। १०० किलोवाटसम्म वृद्धि गरिएन। त्यो भन्दा माथिको गाडीमा कर वृद्धि गरियो। महँगो गाडीमा पनि एकदम कम राजस्व उठ्ने अवस्था थियो। अहिले डलर सञ्चिति कम भएको समयमा सस्ता नै आऊन् भनेर हो। नेपालमा कारोवार गर्ने कम्पनीहरूले एक किसिमको मात्रै ल्याउँदैनन्, सबै किसिमको ल्याउँछन्। कुनै कम्पनीलाई मर्का परेको छैन।

- Palm Oil र Palmoline oil को पनि धेरै कुरा उठेको छ। पहिला जति नेपाल भित्रिन्छ, सबै भारततिर जाँदो रहेछ, यहाँका उद्योगले नपाउने रहेछन्। त्यही भएर यहाँका उद्योगहरूका लागि भनेर सहुलियत दिइएको हो। अहिले भारतले नेपालबाट नलिने नीति लियो, त्यसपछि यी विषयहरू उठ्न थालेका हुन्। चाउचाउ र बिस्कुट उद्योग धेरै छन् नेपालमा, फाइदा सबैलाई पुगेको छ।

**समितिका माननीय सदस्यहरूले राख्नुभएका थप प्रश्नहरू र त्यसमा निवर्तमान मन्त्रीको जबाफको सार संक्षेप**

**प्रश्न : सभामुखज्यूको रोहवरमा सरकार पक्ष र प्रतिपक्षबाट एक एक जना बसेर फुटेज हेरौं भनेर प्रतिपक्षले पहिले नै प्रस्ताव गरेको थियो। यसलाई किन गम्भीर रूपमा लिइएन?**

उत्तर : सभामुखसहित त्यसरी आउनुभएको भए हेर्न नदिने भन्ने कुरै हुँदैनथ्यो। आउनुभएन।

**प्रश्न : दरको हेरफेरको औचित्य पुष्टि गर्ने कागजातहरू छन्?**

उत्तर : के गर्दा राजस्वमा कस्तो असर पर्छ भन्ने विश्लेषण सचिव र महानिर्देशकहरूले presentation बनाएर screen मा देखाउनुहुन्थ्यो। छलफल हुन्थ्यो, केही परिमार्जन गर्नुपरे त्यहीं गर्नुहुन्थ्यो।

**प्रश्न : नीतिगत निर्देशन गरेर बाहिरिएँ भन्नुभएको छ। तपाईंको अनुपस्थितिमा दर कसले अन्तिम गर्‍यो? तपाईंको अनुपस्थितिमा अनाधिकृत व्यक्तिको प्रवेश भएन भनेर कसरी विश्वस्त हुने?**

उत्तर : मैले अन्तिम निर्णय गर्नुपर्ने कुराहरू सकिएपछि entry गर्ने मात्र काम बाँकी हुँदा निस्किएको हुँ। भोलिपल्ट संसदमा बजेट वक्तव्य पनि पढ्नुपर्ने भएकोले रातभरि बस्दा गाह्रो हुन्छ, केही आराम चाहिन्छ भनेर सबैको सल्लाह अनुसार नै निस्केको हुँ। बाहिरी मान्छे प्रवेश गर्न सक्ने सम्भावना नै हुँदैन। कोही आएको भन्ने कुरा छुट हो।

**प्रश्न : निर्णय प्रक्रियाका हस्ताक्षर सहितका लिखतहरू के-के छन्?**

उत्तर : मन्त्रीपरिषद् लाने प्रस्तावमा मात्र मेरो हस्ताक्षर छ।

**प्रश्न : अर्थ मन्त्रालयको लामो अनुभव भएका शोभाकान्त पौडेल जस्ता कर्मचारीहरूलाई बाहिर पठाई कम अनुभव भएका किन ल्याउनुभयो? अहिलेका धेरै सहसचिव अर्थमा कम र अरू मन्त्रालयमा बढी अनुभव भएका हुनुहुन्छ।**

उत्तर : सचिवमा बढुवा हुने बेला हुन लागेका सहसचिवलाई प्रदेशमा सचिवका रूपमा खटाइने हुँदो रहेछ। त्यही कारण पुरानाहरू प्रदेशमा सरुवा हुनुभयो। नियमित प्रक्रिया अनुसार नै सरुवा भएको हो। उपसचिव सम्म अर्थ मन्त्रालयकै विशिष्टकृत कर्मचारी हुने भएकोले त्यसमा समस्या हुँदैन।

**प्रश्न : सरकारको उच्च नेतृत्वमा भएका पदाधिकारीका परिवारका सदस्य संलग्न भई सेनिटरी प्याड आयात गर्ने कम्पनी खुल्नु र आयातमा भन्सार ९० प्रतिशत छुट हुनुबीच केही सम्बन्ध छ? एक किसिमका फलाम उद्योग बन्द नै हुने अवस्थामा पुग्ने गरी कर बढाएर अर्को किसिममा छुट दिइएको छ। १५० किलोवाट सम्मका विद्युतीय गाडीलाई न्यूनतम दर लिने गरेकोमा १०० किलोवाट बनाइएको छ। निश्चित व्यक्ति र समूहको फाइदाको लागि दर हेरफेर गरिएको जस्तो देखिन्छ।**

उत्तर : नीतिले के गरे भन्ने विषय महत्त्वपूर्ण हो। उत्पादनलाई जोड दिएको छ। कसैलाई लक्षित गरिएको छैन। रोजगारी र उत्पादन वृद्धि भएको छ। राष्ट्रको स्वार्थमा छ। भोलि परिणामले यो देखाउने नै छ। सेनिटरी प्याडमा स्वदेशी उत्पादकमा मागहरू पनि सम्बोधन भएका छन्। एउटा कच्चा पदार्थ packing material मा उहाँहरूले माग्नुभएको छुट दिइएको

छैन, ३० प्रतिशत भन्सार दर छ। त्यसको कारण के हो भने packing material नेपालमै पर्याप्त उत्पादन हुने हुँदा नेपालकै किन्नुहोस् भनेर हो। विद्युतीय गाडीमा अहिले अलि धेरै तहमा वर्गीकरण गरिएको हो। त्यति गर्दा पनि यसबाट समान मूल्यका पेट्रोलियम गाडीको तुलनामा एक तिहाई मात्र राजस्व असुल हुन्छ। अन्तिम निर्णयको जिम्मेवार म हुँ। बजेटका विषयहरू संसदमा प्रस्तुत हुनु अघि कतै लिक भएको छैन। मन्त्रालयले संस्थागत मान्यताभित्रै बसेर काम गरेको छ।

**प्रश्न : अनाधिकृत व्यक्ति भनेर रघुनाथ घिमिरेको नाम आएको छ पत्रपत्रिकामा। रघुनाथ घिमिरेलाई चिन्नुहुन्छ?**

उत्तर : पुराना कर्मचारीहरूलाई पनि कहिलेकाहीँ विभागहरूले केही काममा लगाउँदा रहेछन्। मन्त्रालय आउनेजाने क्रममा सामान्य चिनजान छ। नजिकबाट चिन्दिनँ, व्यक्तिगत सम्पर्क छैन।

**प्रश्न : तपाईंले काम गर्दा team spirit कस्तो थियो? अर्थ सचिव त तपाईंसँग काम गर्न नसक्ने भनेर बिदा बस्नुभयो अनि राजीनामा पछि फर्कनुभयो।**

उत्तर : team spirit मा मैले त केही समस्या अनुभूति गरेको थिइँन। अरूले गर्नुभएको भए थाहा भएन। मैले राजीनामा दिँदैछु भन्ने सचिवलाई थाहा पनि थिएन।

अनुसूची ६

समिति र अन्य निकायहरूबीच भएका पत्राचारहरू

प.सं. ०७८/७९
च.नं. ०१

अत्यन्त जरुरी

संघीय संसद
प्रतिनिधि सभा
**संसदीय छानबिन विशेष समिति, २०७९**
सिंहदरबार, काठमाडौं

मितिः २०७९ असार २९

श्रीमान् सचिवज्यू,
अर्थ मन्त्रालय।

**विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न संसदीय छानबिन विशेष समिति गठन भएको व्यहोरा अवगत गराउँदछु। मिति २०७९ असार २८ मा समितिको बैठक बसी उक्त बैठकले त्यस मन्त्रालयबाट देहाय बमोजिमका अभिलेख तथा विवरणहरू माग गर्ने निर्णय गरेकाले मिति २०७९ असार ३० गते दिनको २:०० बजेभित्र उक्त विवरणहरू उपलब्ध गराई समितिको काम कारबाहीमा सहयोग गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु।

(क) मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२:०० बजेसम्मको गतिविधि समावेश भएको मन्त्रालयको मूल ढोका र अन्य स्थानमा जडान गरिएको सीसीटीभी फुटेज,
(ख) राष्ट्रिय योजना आयोगले दिएको बजेटको सिलिङ,
(ग) राजस्व परामर्श समितिको सुझाव,
(घ) भन्सार दर हेरफेर सम्बन्धी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सुझाव,
(ङ) करको दर परिवर्तन गर्ने सम्बन्धी आन्तरिक राजस्व विभाग, भन्सार विभाग र अर्थ मन्त्रालयले गरेका औचित्य पुष्टि सहितको निर्णय,
(च) बजेट निर्माण प्रक्रियामा संलग्न कर्मचारीहरूको भूमिका सहितको विवरण,
(छ) बजेट निर्माण प्रक्रियामा संलग्न अर्थ मन्त्रालयका कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता,
(ज) बजेट निर्माण प्रक्रियासँग सम्बन्धित निर्देशिका तथा आन्तरिक कार्यविधिहरू।

डा. सुरेन्द्र अर्याल
समिति सचिव

नेपाल सरकार
# अर्थ मन्त्रालय

पत्र संख्याः- ०७८।०७९
च. नं.:- ४२५

सिंहदरबार, काठमाडौं
नेपाल ।

२०७९।३।३१

विषयः विवरण उपलब्ध गराइएको बारे।

श्री संसदीय छानबिन विशेष समिति, २०७९
सिंहदरवार काठमाडौं।

प्रस्तुत विषयमा सम्मानित समितिको च.नं. ०१ मिति २०७९।३।२९ को पत्र प्राप्त भयो। तत् सम्बन्धमा माग भए बमोजिमका विवरणहरू निम्नानुसार पेस गरिएको व्यहोरा यस मन्त्रालयको निर्णयानुसार (सम्माननीय प्रधानमन्त्री एवं अर्थ मन्त्रीस्तरीय) अनुरोध गर्दछु।

(क) यस मन्त्रालयमा जडान भएको CCTV प्रणालीमा संग्रहित CCTV फुटेजको कपी राखिएको Hard Drive थान १ यसै साथ संलग्न गरिएको छ। साथै, समितिबाट माग भएका बखत उक्त CCTV System नै उपलब्ध गराइने व्यहोरा समेत अनुरोध छ।

(ख) राष्ट्रिय योजना आयोगबाट च.नं. ३९८ मिति २०७८।११।०१ मा प्राप्त बजेट सिलिङको फोटोकपी पाना संख्या १६, थान १२ यसै पत्रसाथ संलग्न रहेको।

(ग) राजस्व परामर्श समितिले माननीय अर्थ मन्त्रीलाई मिति २०७९।१।२८ मा बुझाएको आर्थिक वर्ष २०७९/८० को राजस्व नीति र कर सुधार सम्वन्धी प्रतिवेदन, २०७९ थान १२ यसै पत्रसाथ संलग्न रहेको।

(घ) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ३७२ मिति २०७९।२।१२ को पत्रबाट प्राप्त आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा समावेश हुनुपर्ने बुँदाहरूको फोटोकपी पाना संख्या ३, थान १२ यसै साथ संलग्न गरिएको।

(ङ) करको दर परिवर्तन गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागको आर्थिक वर्ष २०७९/८० को लागि विभागीय नीति-पत्रको फोटोकपी पाना संख्या ३५, थान १२ र भन्सार विभागको च.नं. ७०३ मिति २०७८।१२।१७ को भन्सार विभागको नीति-पत्रको फोटोकपी पाना संख्या १८, थान १२ यसै पत्रसाथ संलग्न रहेको।

(च) बजेट निर्माण प्रक्रियामा संलग्न कर्मचारीहरूको भूमिका सहितको विवरणः

बजेट तर्जुमा गर्दा कार्य जिम्मेवारीका आधारमा देहायका मुख्य मुख्य कामहरु रहने गरेका र यस बमोजिम जिम्मेवारी समेत बाँडफाँड गर्ने गरिएको छ ।

- बजेट विनियोजन र रकम बाँडफाँड,
- बजेट बक्तव्य तयारी / बजेट वक्तव्य लेखन,

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-
- बजेट सम्वद्ध विधेयक तथा कानूनी दस्तावेज तयारी,
- आवधिक समिक्षा, आर्थिक सर्वेक्षण लगायतका प्रतिवेदन तयारी,
- राजस्व र करका दर निर्धारण।

**१. बजेट विनियोजन र रकम बाँडफाँड**

विभिन्न मन्त्रालय वा निकायलाई राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिलिङभित्र रही विभिन्न मन्त्रालय वा निकायबाट प्रस्तावित कार्यक्रम वा क्रियाकलापहरुलाई सम्बन्धित सेक्टरमा छलफलबाट अन्तिम रुप दिई माननीय अर्थ मन्त्री र यस मन्त्रालयका सचिवद्वयको निर्देशनमा रही LMBIS मा प्रविष्टि गर्ने काम यस मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाबाट भएको।

**२. बजेट बक्तव्य तयारी / बजेट वक्तव्य लेखन**

यस प्रयोजनका लागि यस मन्त्रालयले ५ जना सह सचिव रहेको समिति गठन गरेको र सो अनुसार प्राप्त भएको जिम्मेवारी बमोजिम सम्वद्ध विभिन्न मन्त्रालय/निकायसँग समन्वय तथा छलफल गरी बजेट बक्तव्यका बुँदाहरु तर्जुमा गरिएको। यस प्रक्रियामा अर्थ मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र यस मन्त्रालयका सचिवद्वयबाट निरन्तर निर्देशन र मार्गदर्शन भएको। बजेट वक्तव्य र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता लेखनमा यही समिति केन्द्रित रहेको।

**३. बजेट सम्वद्ध विधेयक तथा कानूनी दस्तावेज तयारी**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र यस मन्त्रालयका सम्वद्ध महाशाखासँग समन्वय गरी यस मन्त्रालयको कानून तथा फैसला कार्यान्वयन महाशाखाबाट विनियोजन विधेयक, आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयक लगायतका बजेट सम्वन्धी कानूनी दस्तावेजहरु तयार गरिएको।

**४. आवधिक समिक्षा, आर्थिक सर्वेक्षण लगायतका प्रतिवेदन तयारी**

बजेट साथ प्रस्तुत गर्नुपर्ने प्रतिवेदनहरु तयारीको काम मूलतः यस मन्त्रालयका आर्थिक नीति विश्लेषण महाशाखा, वित्तिय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाबाट भएको।

**५. राजस्व र करका दर निर्धारण**

राजस्व र करका दर निर्धारण वा हेरफेर गरी स्वीकृति वा अनुमोदनका लागि सम्मानित संघीय संसद समक्ष पेश गर्ने दायित्व र अधिकार नेपालको संविधान बमोजिम माननीय अर्थ मन्त्रीमा रहे अनुरुप यस मन्त्रालयले बजेट पूर्व निजी क्षेत्र लगायत सरोकारवालासँग राय, सुझाव तथा परामर्श लिएको। बजेट प्रस्तुतीको अघिल्लो दिन अर्थात् सम्बत् २०७९ जेठ १४ गते राती अर्थ मन्त्रीले राजस्व प्रशासनका जिम्मेवार पदाधिकारी राखी करका दरहरुलाई अन्तिम रुप दिई नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय पश्चात् सम्बत् २०७९ जेठ १५ गते संघीय संसदमा प्रस्तुत गरिएको।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२११११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

(छ) बजेट निर्माण प्रक्रियामा संलग्न यस मन्त्रालयका कर्मचारीहरूले पालना गर्नु पर्ने आचार संहिताको सम्बन्धमा नेपाल सरकार (म.प.) बाट २०६८।८।२६ मा स्वीकृत **"बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी तथा कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी विधि"** को पुस्तिकाको फोटोकपी थान १२ यसै साथ संलग्न गरिएको।

(ज) बजेट निर्माण प्रक्रियासँग सम्बन्धित बजेट तर्जुमा दिग्दर्शन, (आठौं संस्करण) २०७५ र विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता थान १२ यसै पत्रसाथ संलग्न गरिएको।

२०७९।०३।३१

(डा. अर्जुनकुमार खड्का)
सहसचिव (कानून)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

प.सं. ०७८।७९
च.नं. ०६

संघीय संसद
प्रतिनिधि सभा

# संसदीय छानबिन विशेष समिति, २०७९

सिंहदरबार, काठमाडौं

मितिः २०७९ असार ३१

श्रीमान् सचिवज्यू,
अर्थ मन्त्रालय।

**विषयः ताकिता गरिएको।**

प्रस्तुत विषयमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित संसदीय छानबिन विशेष समितिको मिति २०७९ असार ३१ गतेको बैठकले देहाय बमोजिम निर्णय गरेको हुँदा निर्णयमा उल्लिखित सीसीटीभी फुटेज र विवरण उल्लिखित समयभित्र उपलब्ध गराइदिन हुन निर्णयानुसार अनुरोध गर्दछु।

१. समितिले मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२:०० बजेसम्मको सीसीटीभी फुटेज माग गरेकोमा मन्त्रालयबाट प्राप्त फुटेज सङ्ग्रहमा समितिले माग गरेभन्दा फरक फुटेज मात्र प्राप्त भई माग गरेको फुटेज प्राप्त नभएको र सो सम्बन्धमा मन्त्रालयबाट प्रेषित जबाफमा कुनै स्पष्टीकरण समेत नरहेको सन्दर्भमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ। समितिबाट माग गरे बमोजिमकै सीसीटीभी फुटेज चौबीस घण्टाभित्र उपलब्ध गराउन अर्थ मन्त्रालयलाई ताकिता गर्ने।

२. करको दर परिवर्तन गर्ने सम्बन्धी आन्तरिक राजस्व विभाग, भन्सार विभाग र अर्थ मन्त्रालयले गरेका औचित्य पुष्टि सहितको निर्णय र बजेट निर्माण प्रक्रियामा संलग्न कर्मचारीहरूको भूमिका सहितको विवरण समेत माग गरिएकोमा सोको विवरण प्राप्त नभएकोले उक्त विवरण पनि चौबीस घण्टाभित्र उपलब्ध गराउन अर्थ मन्त्रालयलाई ताकिता गर्ने।

डा. सुरेन्द्र अर्याल
समिति सचिव

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०८०/८१
च. नं.:- ४३८

२०७९।३।३२

विषयः <u>ताकिता सम्बन्धमा।</u>

श्री संसदीय छानबिन विशेष समिति, २०७९
सिंहदरवार काठमाडौं।

प्रस्तुत विषयमा सम्मानित समितिको च.नं. ०६ मिति २०७९।३।३१ को पत्र प्राप्त भयो। तत् सम्बन्धमा माग भए बमोजिमका विवरणहरू देहाय बमोजिम रहेको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु।

१. यस मन्त्रालयमा जडान भएको CCTV प्रणालीमा संग्रहित हालसम्म रहेका सबै तथ्याङ्क सहितको विवरण रहेको Hard Drive थान १ यस मन्त्रालयको च.नं.४३५, मिति २०७९।३।३१ को पत्र मार्फत नै पठाइएको व्यहोरा अनुरोध छ। सम्मानित समितिबाट यस मन्त्रालयमा जडित CCTV प्रणाली अध्ययन गर्न चाहेमा सो प्रणालीसंग सम्बद्ध सबै उपकरण उपलव्ध गराइने व्यहोरा पुनः अनुरोध छ।

२. करको दर परिवर्तन सम्बन्धमा आन्तरिक राजस्व विभाग तथा भन्सार विभागका महानिर्देशकहरूबाट हस्ताक्षर भएको कर तथा भन्सारका दर हेरफेर सहितको नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको प्रति यसैसाथ संलग्न छ। साथै, बजेट मस्यौदा लेखन समिति गठन र बजेट तर्जुमा कार्यतालिकाको विवरण सम्बन्धी पत्रको प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

२०७९/०३/३२
(डा. अर्जुनकुमार खड्का)
सहसचिव (कानून)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

संघीय संसद
प्रतिनिधि सभा

# संसदीय छानविन विशेष समिति, २०७९

सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/०८०
च.नं.: ०१

मितिः २०७९ साउन १

श्रीमान् सचिवज्यू,
अर्थ मन्त्रालय।

**विषयः विवरण सहित कागजात उपलब्ध गराइदिन हुन।**

प्रस्तुत विषयमा यस समितिको मिति २०७९ साउन १ गतेको बैठकले त्यस मन्त्रालयबाट देहाय बमोजिम डीभीआर सिस्टम, विवरण र सम्बन्धित कागजात माग गर्ने निर्णय गरेको हुँदा उक्त कागजात सहितको विवरण तत्काल उपलब्ध गराइदिन हुन निर्णयानुसार अनुरोध गर्दछु।

१. हाल अर्थ मन्त्रालयको सेरोफेरो र विभिन्न कार्यकक्ष लगायतका स्थानमा जडान गरिएका सीसीटीभी क्यामेराहरूको दृश्य भण्डारण एवं व्यवस्थापन गर्ने डीभीआर सिस्टम,
२. उक्त सिस्टम खरिद गरेको मिति, खरिद गरेको संस्था/निकायको विवरण, प्रमाणित प्राविधिक स्पेसिफिकेशन, खरिद प्रक्रिया र खरिद प्रक्रियासँग सम्बन्धित सम्पूर्ण कागजातहरू,
३. खरिद गरेपश्चात सीसीटीभी क्यामेरा र डीभीआर सिस्टम मर्मत, स्तरोन्नती अथवा अपडेट गरेको भए सोको विवरण सहित सम्पूर्ण कागजातहरू।

डा. सुरेन्द्र अर्याल
समिति सचिव

नेपाल सरकार
# अर्थ मन्त्रालय

पत्र संख्याः- ०६९/०८०
च. नं.:-०१

सिंहदरबार, काठमाडौं
नेपाल।

२०७९।४।१

विषयः विवरण उपलब्ध गराइएको बारे।

श्री संसदीय छानबिन विशेष समिति, २०७९
सिंहदरवार काठमाडौं।

प्रस्तुत विषयमा सम्मानित समितिको प.सं. २०७९/८० च.नं. १ मिति २०७९।४।१ को पत्र प्राप्त भयो। तत् सम्बन्धमा माग भए बमोजिमका विवरणहरू निम्नानुसार पेस गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु।

१. यस मन्त्रालयमा जडान भएको CCTV प्रणालीमा रहेको CCTV System NVR (Network Video Recorder) Serial No.: DS-7632NI-K21620211008CCRRG85260488WCVU Model No.: DS-7632NI-K2 भएको NVR Set थान १ संलग्न गरिएको।

२. यस मन्त्रालयमा जडान भएको CCTV System खरिद गरिएको मिति, खरिद गरेको संस्थाको विवरण, खरिद प्रक्रियासँग सम्बन्धित कागजातहरु पाना संख्या ३ संलग्न गरिएको।

३. खरिद पश्चात सिसिटिभि क्यामेरा र डिभिआर सिस्टम मर्मत, स्तरोन्नती तथा अपडेट सम्बन्धी कागजातहरूको विवरण पाना संख्या ६० संलग्न गरिएको।

२०७९।०४।०१

(डा. अर्जुनकुमार खड्का)
सहसचिव (कानून)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

संघीय संसद
प्रतिनिधि सभा

# संसदीय छानबिन विशेष समिति, २०७९

सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/०८०
च.नं.: ११

मिति: २०७९ साउन ६

श्रीमान् सचिवज्यू,
अर्थ मन्त्रालय।

**विषयः कागजात सहित विवरण उपलब्ध गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस समितिको मिति २०७९ साउन ४ र ६ को बैठकले त्यस मन्त्रालयबाट देहाय बमोजिमका कागजात र विवरण माग गर्ने निर्णय गरेकाले तत्काल उक्त कागजात एवं विवरणहरू उपलब्ध गराई समितिको काम कारबाहीमा सहयोग गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु।

(क) राजस्व दर निर्धारण सम्बन्धी प्रत्येक चरणका विधि प्रक्रियाका माइन्युट,
(ख) राजस्वका प्रस्तावित दरको औचित्य र प्रभाव खुल्ने तीन महले विवरण,
(ग) ASYCUDA System बाट Generate भएको देहाय बमोजिमका वस्तुहरूको आ.व. २०७७/०७८ र २०७८/०७९ को भन्सार दरबन्दी सहितको आयात विवरणः
  (अ) Sponge iron, Billet लगायतका कच्चा पदार्थ, अर्धप्रशोधित र तयारी फलामजन्य वस्तुहरू
  (आ) स्यानिटरी प्याड
  (इ) पाम र पाल्मोलिन आयल
  (ई) विद्युतीय गाडि (किलोवाटका आधारमा)
  (उ) मोटरसाइकल (सीसी अनुसार)
  (ऊ) पेन्टस्
  (ऋ) टायल
  (ऌ) साबुन
  (ऍ) जुत्ता चप्पल
(घ) आ.व. २०७९/८० को बजेट निर्माण कार्यमा संलग्न कर्चारीहरूको भूमिका सहितको नामनामेसी विवरण।

डा. सुरेन्द्र अर्याल
समिति सचिव

नेपाल सरकार
# अर्थ मन्त्रालय

अ. ज. गोप्य

पत्र संख्याः-२०७९।८०
च. नं.:- १५

सिंहदरबार, काठमाडौं
नेपाल।

२०७९।४।८

विषयः कागजात सहित विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री महानिर्देशकज्यू
भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा सम्मानित संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित संसदीय छानविन विशेष समिति, २०७९ को प.सं. २०७९/८० च.नं. ११ मिति २०७९।४।६ को पत्रबाट माग भएको निम्नलिखित विवरण गोप्य रुपमा तत्काल उपलव्ध गराइदिन हुन आदेशानुसार अनुरोध छ।

१. ASYCUDA System बाट Generate भएको देहाय बमोजिमका बस्तुहरुको आ.व. २०७७/७८ र २०७८/७९ को भन्सार दरबन्दी सहितको आयात विवरणः

क. Sponge Iron, Billet लगायतका कच्चा पदार्थ, अर्धप्रधोशित र तयारी फलामजन्य बस्तुहरू।

ख. स्यानिटरी प्याड

ग. पाम र पाल्मोलिन आयल

घ. विद्युतीय गाडि (किलोवाटका आधारमा)

ङ. मोटरसाइकल (सीसी अनुसार)

च. पेन्टस्

छ. टायल

ज. साबुन

झ. जुत्ता चप्पल

(गोपाल खत्री)
उप सचिव

बोधार्थ
श्री संसदीय छानबिन विशेष समिति, २०७९
सिंहदरवार, काठमाडौं।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९१३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

झ. ज. गोप्य

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७९/८०
च. नं.:- १५

२०७९।४।८

विषयः कागजात सहित विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री महानिर्देशकज्यू
भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा सम्मानित संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित संसदीय छानविन विशेष समिति, २०७९ को प.सं. २०७९/८० च.नं. ११ मिति २०७९।४।६ को पत्रबाट माग भएको निम्नलिखित विवरण गोप्य रुपमा तत्काल उपलव्ध गराइदिन हुन आदेशानुसार अनुरोध छ।

१. ASYCUDA System बाट Generate भएको देहाय बमोजिमका बस्तुहरुको आ.व. २०७७/७८ र २०७८/७९ को भन्सार दरबन्दी सहितको आयात विवरण:

क. Sponge Iron, Billet लगायतका कच्चा पदार्थ, अर्धप्रधोशित र तयारी फलामजन्य बस्तुहरू।

ख. स्यानिटरी प्याड

ग. पाम र पाल्मोलिन आयल

घ. विद्युतीय गाडि (किलोवाटका आधारमा)

ङ. मोटरसाइकल (सीसी अनुसार)

च. पेन्टस्

छ. टायल

ज. साबुन

झ. जुत्ता चप्पल

(गोपाल खत्री)
उप सचिव

बोधार्थ
श्री संसदीय छानविन विशेष समिति, २०७९
सिंहदरवार, काठमाडौं।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२१११९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

संघीय संसद

प्रतिनिधि सभा

# संसदीय छानबिन विशेष समिति, २०७९

सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/०८०

च.नं.: १२

मितिः २०७९ साउन ८

श्रीमान् सचिवज्यू,

गृह मन्त्रालय, सिंहदरबार।

**विषयः सीसीटीभी फुटेज उपलब्ध गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७९ साल असार २२ गतेको बैठकको निर्णय अनुसार आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न संसदीय छानबिन विशेष समिति गठन भई उक्त समितिले छानबिन सम्बन्धी कार्य गरिरहेको व्यहोरा अवगत गराउँदछु। समितिको कार्यक्षेत्र अन्तर्गतको काम कारबाहीको सम्बन्धमा मिति २०७९ साउन ८ को बैठकले त्यस मन्त्रालयबाट मिति २०७९ जेठ १४ गते दिनको १२:०० बजेदेखि २०७९ जेठ १५ गते दिनको १२:०० बजेसम्म सिंहदरबार प्रवेश गर्ने दक्षिण र पश्चिमतर्फको मूलद्वारमा जडान गरिएको सीसीटीभीको फुटेज माग गर्ने निर्णय गरेकाले उक्त अवधिको सीसीटीभी फुटेज यथाशीघ्र उपलब्ध गराई समितिको काम कारबाहीमा सहयोग गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु।

डा. सुरेन्द्र अर्याल

समिति सचिव

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- ०७९/०८०
च. नं.:- ०६५

२०७९।४।९

विषयः कागजात सहित विवरण उपलब्ध गराइएको बारे।

श्री संसदीय छानबिन विशेष समिति, २०७९
सिंहदरवार काठमाडौं।

प्रस्तुत विषयमा सम्मानित समितिको च.नं. ११ मिति २०७९।४।६ को पत्र प्राप्त भयो। तत् सम्बन्धमा माग भए बमोजिमका विवरणहरू देहाय बमोजिम पठाइएको व्यहोरा मिति २०७९।४।९ को नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री एवं अर्थ मन्त्रीस्तरीय) को निर्णयानुसार अनुरोध गर्दछु।

(क) नेपाल राजस्व परामर्श समितिलाई दिइने सुझाव तथा सिफारिश सम्बन्धमा गठित भन्सार, आयकर लगायतका उपसमितिको बैठकका माइन्युटहरूको प्रतिलिपि यसैसाथ संलग्न छ। अर्थ मन्त्रालयमा बजेट निर्माणको सन्दर्भमा राजस्वका दर निर्धारण सम्बन्धी कार्य गर्दा गोपनीयता र संवेदनशीलता समेतलाई मध्यनजर गर्दै जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू बीचमा छलफल गर्ने गरिए तापनि माइन्युटिङ गर्ने प्रचलन नरहेको (अभिलेखबाट नदेखिएको) र यस वर्ष पनि माइन्युटिङ गर्ने कार्य नगरिएको।

(ख) बजेट निर्माण प्रक्रियाको गोपनीयता समेतलाई ध्यानमा राखी राजस्वका प्रस्तावित दरका औचित्य र प्रभाव खुल्ने तीन महले विवरण तयार नगरिएको। साथै, विगत वर्षहरूमा समेत राजस्वका दरको विषयमा तीन महले तयार गरेको अभिलेखबाट नदेखिएको।

(ग) Asycuda System बाट Generate भएको भन्सार दरबन्दी सहितको आयात विवरण यस मन्त्रालयको प.सं. ०७९/८० च.नं.१५ मिति २०७९।४।८ को पत्रमार्फत भन्सार विभागबाट माग गरिएको हुँदा उक्त विवरण प्राप्त हुनासाथ सम्मानित समिति समक्ष उपलब्ध गराइने।

(घ) बजेट निर्माणमा संलग्न कर्मचारीहरूको भूमिका सहितको विवरण यस मन्त्रालयको प.सं. ०७८/७९ च.नं.४३५ मिति २०७९।३।३१ र प.सं. ०७८/७९ च.नं. ४३८ मिति २०७९।३।३२ को पत्रमार्फत पठाई सकिएको व्यहोरा समेत अनुरोध छ।

२०७९।०४।०९

(डा. अर्जुनकुमार खड्का)
सहसचिव (कानून)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्याः- ०७९/०८०

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ३१

सिंहदरवार,

काठमाडौं, नेपाल।

मितिः२०७९/०४/१०

**श्री संघीय छानविन विशेष समिति, २०७९,**
**सिंहदरबार, काठमाडौं।**

**विषयः CCTV फुटेज सम्बन्धमा ।**

उपरोक्त विषयमा ताँहा संसदीय छानविन विशेष समिति, २०७९ को च.नं. १२ मिति २०७९।०४।०८ गतेको पत्रबाट मिति २०७९ जेठ १४ दिनको १२:०० बजे देखि २०७९ जेठ १५ गते दिनको १२:०० बजे सम्म सिंहदरबार प्रवेश गर्ने दक्षिण र पश्चिम गेटको मूलद्वारमा जडान गरिएको CCTV फुटेज माग गरीएकोले सो सम्बन्धमा यस मन्त्रालयबाट सिंहदरबार सुरक्षा प्रहरी गणको जिम्मामा रहेको सो द्वारको CCTV फुटेज पठाइदिन लेखिएकोमा CCTV फुटेज १६ दिन सम्म मात्र संचित रहने व्यवस्था भएकोले हाल उपलब्ध गराउन नसकिएको व्यहोराको पत्र प्राप्त भएकोले सोहि व्यहोरा जानकारीका लागि आदेशानुसार सादर अनुरोध छ।

२०७९/०४/१०

गोपाल श्रेष्ठ

शाखा अधिकृत

अनुसूची ७

रिकभर भएका भिडियो क्लिपका फ्रेमहरू




05-28-2022 Sat 03:40:26
front parking 2


05-28-2022 Sat 03:58:10
back parking 3


05-28-2022 Sat 04:50:43
back parking 3


05-28-2022 Sat 05:00:30
front parking 2


05-28-2022 Sat 10:41:15
front parking 2


05-28-2022 Sat 11:16:57
front parking 2


05-28-2022 Sat 11:54:53
front parking 2


05-28-2022 Sat 14:34:37
front parking 2


05-28-2022 Sat 14:55:41
Camera 01


05-28-2022 Sat
parking 3


05-28-2022 Sat 15:23:11
front parking 2


05-28-2022 Sat 15:47:37
Main Gate


05-28-2022 Sat 18:28:37
front parking 2


05-28-2022 Sat 19:22:23
front parking 2


05-28-2022 Sat 19:32:37
Main Gate


05-28-2022 Sat 19:41:59
back parking 3


05-28-2022 Sat 20:09:21
Camera 01


05-28-2022 Sat 20:57:12
Camera 01


05-28-2022 Sat 21:18:00
front parking 2


05-28-2022 Sat 21:47:37
Main Gate


05-28-2022 Sat 21:47:37
Main Gate


05-28-2022 Sat 22:32:36
Main Gate


05-28-2022 Sat 22:41:49
front parking 2


05-29-2022 Sun 01:32:37
Main Gate


05-29-2022 Sun 01:57:27
back parking 3


05-29-2022 Sun 03:24:41


05-29-2022 Sun 04:37:39


05-29-2022 Sun 04:46:10
Camera 01


Main Gate
CH0_2022-05-29_051738_2022-05-29_051738_ID14607.AVI


05-29-2022 Sun 07:45:09
CH0_2022-05-29_074513_2022-05-29_074513_ID14952.AVI


05-29-2022 Sun 08:00:59
CH0_2022-05-29_080100_2022-05-29_080100


05-29-2022 Sun 13:00:26
front parking 2


05-29-2022 Sun 14:04:24
CH0_2022-05-29_140639_2022-05-29_140639_ID14654.AVI


05-29-2022 Sun 14:56:10
CH0_2022-05-29_145610_2022-05-29_145610_ID15083.AVI


05-29-2022 Sun 15:38:42
CH0_2022-05-29_153845_2022-05-29_153845_ID14941.AVI


05-29-2022 Sun 16:24:57
CH0_2022-05-29_162458_2022-05-29_162458_ID15284.AVI


05-29-2022 Sun 18:02:33
front parking 2


05-29-2022 Sun 18:02:35
CH0_2022-05-29_180237_2022-05-29_180237_ID14628.AVI


05-29-2022 Sun 18:40:56
CH0_2022-05-29_184058_2022-05-29_184058_ID15147.AVI


05-29-2022 Sun 19:41:22
front parking 2


05-29-2022 Sun 20:21:48
CH0_2022-05-29_202147_2022-05-29_202147_ID14950.AVI


05-29-2022 Sun 20:44:40
CH0_2022-05-29_204441_2022-05-29_204441_ID14938.AVI


05-29-2022 Sun 21:34:54
CH0_2022-05-29_213453_2022-05-29_213453


05-29-2022 Sun 23:21:18
front parking 2


05-29-2022 Sun 23:52:52
CH0_2022-05-29_235252_2022-05-29_235252_ID14719.AVI


05-29-2022 Sun 00:11:59


05-29-2022 Sun 00:57:18
front parking 2

अनुसूची ८

समितिको बैठकका केही तस्वीरहरू









मुद्रक
संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं